## रामारोशन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामारोशन अछाम

# दश वर्षे शिक्षा क्षेत्र योजना

## ( २०८१/०८२-२०८९/०९० )

गाउँ कार्यपालिकाबाट प्रमाणिकरण मितिः २०८२।०१।२२

प्रमाणिकरण गर्नेको दस्तखतः
अध्यक्ष श्री मान बहादुर साउद
रामारोसन गाउँपालिका, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## कार्यकारिणी सारांश

शिक्षा विकासको प्रमुख मेरुदण्ड हो। देश संघिय प्रणालीमा रहेको अवस्थामा शिक्षा क्षेत्र पनि संघियता सँगै कार्यान्वयन भइरहेको छ। स्थानीय तहलाई हाल आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार प्रदान गरिएको छ। स्थानीय तहलाई हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ऐनले जम्मा २३ वटा अधिकारहरु प्रदान गरेको छ। सो अधिकारहरुलाई हाल स्थानीय तहले कार्यान्वयन गरिएको अवस्था छ। उक्त अधिकारहरु कार्यान्वयन गर्नको लागि स्थानीय तह अन्तर्गत शिक्षा हेर्ने विभाग वा महाशाखा वा शाखाको स्थापना गरिएको छ।

नेपालको केही दशक देखि शिक्षा क्षेत्रमा सुधारोन्मुख स्थिति देखिएता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाई उपलब्धीमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन। अझै पनि कमजोर आर्थिक अवस्था तथा अपाङ्गता भएका बालवालिका विद्यालयको पहूँचमा ल्याउन सकिएको छैन। यस कारण रामारोसन गाउँपालिकाले कमजोर आर्थिक अवस्था भएका तथा अपाङ्गता भएका तथा अन्य सबै खाले बालवालिकहरु लाई विद्यालयको पहूँचमा ल्याई गुणस्तरीय तथा समतामुलक शिक्षा प्रदान गर्दै, बालवालिकाको कक्षा छोड्ने तथा कक्षा दोहोराउने दरलाई न्युनिकरण गरी उनीहरुको सिकाई उपलब्धी वृद्धि गर्ने, तह पुरा गर्ने दरमा वृद्धि गरि समग्र गाउँपालिकाको शैक्षिक अवस्थामा  सुधार गरी जिल्लाको शिक्षा क्षेत्रको अग्रणी गाउँपालिका बनाउने उद्धेश्यका साथ यो शिक्षा योजना तयार गरिएको हो।

संविधान प्रदत्त अधिकारको प्रयोग तथा कार्यान्वय गर्दै जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले सबै नागरिकलाई समतामुलक, गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु  सरकारको दायित्व हुन आउछ।  नेपालको संविधान २०७२ अनुसार देश संघिय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि हाम्रो देशमा तीन तहको सरकार क्रियाशिल रहेका छन। यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकारहरु  बाँडफाँड  गरिएका छन। संविधानको अनुसुची ५ मा संघिय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसुची ६ मा प्रदेश सरकारको अधिकारको सुची उल्लेख गरेको छ। संविधानको अनुसुची ७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकारका सुचि समेटिएका छन। संविधानको अनुसुची ८ मा २२ वटा विषय समेटी स्थानीय तहको अधिकारको सुची उल्लेख गरिएको छ। संविधानको अनुसुची ९ मा उल्लेखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ जसमा साझा सुचीको रुपमा शिक्षा, खेलकुद तथा पत्रपत्रिका उल्लेख रहेको छ भने शिक्षा सबै तहका सरकारको साझा अधिकारको रुपमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धि स्थानीय सरकारका २३ वटा अधिकार सुचिकृत गरिएको छ। सोही अनुरुप स्थानीय सरकारहरुले आफ्नो क्षेत्रको शैक्षिक अवस्थालाई सुधार गर्न आ-आफ्नो तहमा शैक्षिक योजनाहरु निर्माण गरि शिक्षालाइ व्यवस्थित गर्ने प्रयत्न गरिरहेको पाइन्छ।

अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धि नियमावली २०७७, राष्ट्रिय शिक्षा निती २०७६ तथा बालवालिका ऐन पनि कार्यान्वयनमा आईरहेका छन। यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्यिन गर्न सहजीकरण गरेको छ।

यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्यन गर्न सहमति जनाएको अवस्था रहेको छ उक्त दिगोविकासका १७ वटा लक्ष्यहरु निर्धारण गरेको र लक्ष्य नं.४ शिक्षा संग सम्बन्धि छ । चौथो उदेश्यमा सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको  सुनिश्चितता तथा आजीवन सिकाईका अवसरहरुमा प्रोत्साहित गर्ने उद्धेश्य राखेको छ । नेपाल सरकारले

२५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौ योजना २०७७-२०८७ तयारी गरी शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ।

यी माथि उल्लेखित संवैधानिक अधिकार, नीति नियम तथा योजनाको कार्यान्वयन गरी सबै बालवालिका तथा व्यक्तिलाई समतामुलक, समावेशी, गुणात्मक तथा जीनपर्यन्त शिक्षाको सुनिश्चिता गर्न तथा  हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि २०७८ असारमा मात्र रहेको छ र गाउँपालिकामा पनि शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्रको योजना हाल सम्म बनी नसकेको हुदा यस गाउँपालिकाको २०७७ देखि २०८७ सम्मको १० वर्षे शिक्षा योजना निर्माण गरिएको हो।

# अध्यक्षको भनाइ

हाम्रो रामारोशन गाउँपालिका समृद्धी सहितको विकासको यात्रामा छ। यस अन्तर्गत गाउँपालिकाको शिक्षा तर्फको दश वर्षे गाउँ शिक्षा क्षेत्र योजना निर्माण हुन लागेकोमा अत्यन्त खुशी लागेको छ। सरोकारवालाहरुको सहभागितामा गाउँ शिक्षा क्षेत्र योजना निर्माण गर्न स्रोत साधनको बहुउपयोग गरी बालबालिकामैत्री गुणस्तरीय शिक्षा प्रदान गर्न निकै उपयोगी हुने र आगामी दिनहरुमा यो आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिई सिमीत स्रोत साधनको न्यायोचित बाँडफाँड गरी अधिकतम् उपलब्धि हाँसिल गर्न विश्वास लिएको छु।

रामारोशन गाउँपालिकामा सबै विद्यालयको भौतिक पूर्वाधारमा सुधार तथा शैक्षिक प्रगति हुदै गएको छ भने शिक्षकहरुको क्षमता अभिवृद्धिका साथै विद्यार्थीहरुको शिक्षामा पहुँच बढेको छ। आजको प्रतिस्पर्धात्मक युगमा हाम्रा बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु हाम्रो परम कर्तव्य हो। संविधानको अनुसूची-८ अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन कार्यान्वयनमा आएपछी विद्यालय तहगत शिक्षाको सम्पूर्ण व्यबस्थापन गर्ने जिम्मेवारीलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै शैक्षिक सुधारका लागि विभिन्न अभियानहरु सञ्चालन गर्दै आएको छ।

शिक्षाबाट कोही पनि वञ्चित नहोस् भन्ने लक्ष्यका साथ दुर्गम क्षेत्रका बालबालिका, विपन्न परिवारका बालबलिका र विशेष आवश्यकतामा रहेका बालबालिकालाई शिक्षाको मुल प्रवाहमा ल्याउन विशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन्। स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को (ज) बमोजिम गरिएको व्यबस्थामा कार्यान्वयन गर्ने क्रममा सामुदायिक विद्यालय तहको शैक्षिक सुधार, प्रशासनीक व्यबस्थापन, भौतिक विकास सहितको शैक्षिक योजनालाई आधारभूत तह र माध्यमिक तहको शिक्षा व्यवस्थापन गर्न स्थानीय तहलाई जिम्मा भएकोले शैक्षिक प्रशासन, व्यवस्थापन र शैक्षिक योजनालाई व्यवस्थित गर्नका लागि आवधिक योजनाको अपरिहार्यता महशुस गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न गराउन यो सूक्ष्म योजनाको रुपमा विकास गरी मिति २०८२।०१।२२ गते रामारोशन गाउँ कार्यपालिकाबाट पारित गरी कार्यान्वयनमा लैजानको लागि स्वीकृति प्रदान गरिएको छ। स्थानीय सरकार, गाउँपालिकामा क्रियाशील गैर सरकारी संघ संस्था, सामुदायिक विद्यालयहरुले समेत यसै योजनाका लक्ष्य, उद्देश्य र कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनमा अपेक्षित सहकार्य र सहयोग गर्नु हुनेछ भन्ने पूर्ण विश्वास राख्दछु।

अन्त्यमा दश वर्षे शिक्षा क्षेत्र योजना निर्माणको महत्वपूर्ण कार्य सम्पन्न गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल, सामुदायिक विकास केन्द्र (CDC) डोटी, शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरुले देखाउनुभएको समर्पण र सहभागिताको उच्च कदरका साथ मस्यौदा लेखन कार्यदल समिति तथा उप- समिति र सरोकारवालाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !!**

..................

मान बहादुर साउँद

अध्यक्ष

रामारोशन गाउँपालिका, अछाम

# मेरो भनाई

रामारोशन गाउँपालिकाको शिक्षा क्षेत्रको विकास गर्न दश वर्षका लागि दुरगामी शिक्षा क्षेत्र योजना तयार गरेका छौं। गुणस्तरीय शिक्षाले मात्र सक्षम जिम्मेवार र उद्यमी नागरीक तयार गर्न सकिन्छ। रामारोशन गाउँपालिकाका सबै विद्यालयहरुलाई Centre for Excellence निर्माण गरी Education Hub को रुपमा पहिचान स्थापना गर्न सक्षम हुनेछ भन्ने लक्ष्यलाई साकार पार्न यो दश वर्षे शिक्षा क्षेत्र योजना एक महत्वपूर्ण कोसेढुङ्गा सावित हुने विश्वास लिएकी छु। यसका लागि स्पष्ट शिक्षा नीति, प्रयाप्त बजेट, सुधारमुखी कार्यक्रमको छनोट र प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ। राष्ट्रिय शिक्षाका उद्देश्यहरू प्राप्त गर्न तीनवटै तहका सरकारबीच समन्वय र साझा प्रतिबद्धता आवश्यक हुन्छ।

यसै सन्दर्भमा, रामारोशन गाउँपालिकाले गाउँ भित्रको शैक्षिक अवस्था सुधार गर्दै यसलाई शैक्षिक गन्तव्यको थलोका रूपमा विकास गर्ने प्रतिबद्धताका साथ १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ। यस योजनामा नीति, लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरू समेटिएका छन्, जुन कतिपय महत्वाकांक्षी र केही स्थानमा दोहोरिएका वा छुट्न सक्ने सम्भावना भए तापनि समग्रमा व्यापक र दूरदर्शी छन्। योजना निर्माण मस्यौदा कार्यादल समितिले गहन छलफल र समावेशी सहभागितामार्फत आवश्यक पक्षहरू समेट्ने प्रयास गरेको छ। यसको सफल कार्यान्वयनका लागि संघीय, प्रदेश र स्थानीय तहको समन्वयका साथै जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघ-संस्था, शैक्षिक क्षेत्रका सरोकारवालाहरूको निरन्तर सहयोग अपेक्षा रहेको छ।

अन्त्यमा, यस योजनाको मस्यौदा तयार पार्नमा सक्रिय सहभागिता जनाउनु हुने युनिसेफ, सामुदायिक विकास केन्द्र (CDC) डोटी, बुद्धिजीवी वर्ग, शिक्षाविद्, मस्यौदा उप-समिति, शिक्षक/शिक्षिका तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्ने सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभार प्रकट गर्दछु। हामी सबैको साझा संकल्प, प्रतिबद्धता र सहयोगमार्फत मात्र यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकिने विश्वास लिएकी छु।

**धन्यवाद !!**

..........................

सृजना कुमारी बुढा

उपाध्यक्ष

रामारोशन गाउँपालिका,

अछाम

# दुई शब्द

शिक्षा क्षेत्र योजना रामारोशन गाउँपालिकाको शिक्षा क्षेत्रको विकास र प्रवर्द्धनका लागि एक दस्तावेज हो। यो योजना रामारोशन गाउँपालिकाको शैक्षिक भविष्यको मार्गचित्र हो जसले आगामी दश वर्षमा यहाँको शिक्षा प्रणालीलाई गुणात्मक रुपान्तरणको लक्ष्य राखेको छ। नेपालले सङ्घीय शासन प्रणाली अवलम्वन गरेसंगै नेपालको संविधानले स्वशासन र साझेदारी शासनको परिकल्पना गरेको छ। स्वशासनकोरुपमा नेपालको संविधानको अनुसुची ८ मा स्थानीय तहका २२ वटा एकल अधिकार रहेका छन् जसमा आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित ढङ्गले अगाडी बढाउन सक्ने हो भने सक्षम मानव पूँजीको निर्माण भई विकासमा समग्र पक्षहरुमा समारात्मक प्रभाव पर्ने हुन्छ।

अतः रामारोशन गाउँपालिकाले वर्तमानमा रहेको यथार्थ शैक्षिक अवस्थाको विश्लेषण गरि भविष्यमा शैक्षिक क्षेत्रलाई कुन अवस्थासम्म पुऱ्याउन भन्ने ध्येयका साथ यो १० वर्षे शिक्षा क्षेत्र योजना तयार गरेको छ। संघीयता स्थापना पछिको समयमा राज्यको पूनःसंरचना संगै संघ, प्रदेश र स्थानिय तह गरि तिन वटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरि कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। यसै अनुरुप यो दश वर्षे शिक्षा क्षेत्र योजनाले सबै बलबालिकाको पहुँचमा गुणस्तरीय शिक्ष सुनिश्चित गर्ने, विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने, शिक्षकहरुको क्षमता अभिवृद गर्ने, प्रविधिको उच्चतम प्रयोग गर्ने र शिक्षालाई समय सापेक्ष बनाउने लक्ष्य लिएको छ।

शिक्षा क्षेत्र योजना तयार गर्दा नेपालको संविधानले शिक्षासम्बन्धमा व्यवस्था गरेका प्रावधानहरु, शिक्षासम्बन्धि राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, सोहि योजनाको अवधारणापत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनको रुपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी व्यवहारिक र कार्यान्वयन योग्य बनाउने प्रयत्न भएको छ। पहिलो अनुभवमा नै योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण मस्यौदा कार्यदल समितिको काम अत्यन्तै प्रशंसा योग्य रहेको छ। शिक्षा क्षेत्र योजना निर्माणमा नेतृत्व गर्ने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सामाजिक विकास समिति संयोजक ज्यू, कार्यपालिका सदस्यहरु, लेखन समिति र शिक्षा समितिका आदरणीय पदाधिकारी, शिक्षक महासंघ, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, बालकल्याण प्रतिनिधि तथा योजनालाई निखार ल्याउनका लागि आ-आफ्नो ठाउँमा अमुल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नु हुने सम्पूर्ण शैक्षिक सरोकारवालाहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछु। रामारोशन गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माणमा सहयोग गर्नु हुने युनिसेफ र सामुदायिक विकास केन्द्र (CDC) डोटीलाई धन्यवादका साथै अन्त्यमा यस योजनाको पूर्ण प्रभावकरी कार्यान्वयनको अपेक्षा गरेको छु।

**धन्यवाद !!**

.....................

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

# हार्दिक कृतज्ञाता

नेपालको संविधान २०७२ ले संङ्घीय प्रणाली स्थापना गरेसंगै हाम्रो शिक्षा क्षेत्रमा परिवर्तन आएको छ। रामारोशन गाउँपालिकामा निर्माण गरिएको दश वर्षे शिक्षा क्षेत्र योजना शैक्षिक भविष्यको मार्गचित्र हो जसले आगामी दश वर्षमा यहाँको शिक्षा प्रणालीलाई गुणात्मक रुपान्तरणको लक्ष्य राखेको छ। नेपालले सङ्घीय शासन प्रणाली अवलम्वन गरेसंगै नेपालको संविधानले स्वः शासन र साझेदारी शासनको परिकल्पना गरेको छ। जसले संविधानमा सुनिश्चित गरिएको अनिवर्य र निःशुल्क शिक्षालाई पूर्णतः कार्यान्वयन गर्न मार्गनिर्देष्ट गर्नेछ।

शिक्षा क्षेत्रको दश वर्षिय योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सोह्र योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा सम्बन्धी संङ्घीय कानुनहरु र सुदुरपश्चम प्रदेशको आवधिक योजनालाई आधार मानिएको छ। संघियता स्थापना पछिको समयमा राज्यको पूनःसंरचना संगै संघ, प्रदेश र स्थानिय तह गरि तिन वटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरि कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। यसै अनुरुप यो दश वर्षे शिक्षा क्षेत्र योजनाले सबै बलबालिकाको पहुँचमा गुणस्तरीय शिक्ष सुनिश्चित गर्ने, विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने, शिक्षकहरुको क्षमता अभिवृद गर्ने, प्रविधिको उच्चतम प्रयोग गर्ने र शिक्षालाई समय सापेक्ष बनाउने लक्ष्य लिएको छ।

यो शिक्षा क्षेत्र योजाना तयार गर्दा आ आफ्नो क्षेत्रबाट सहयोग भूमिका निर्वाह गर्नुहने सरोकारवाला लगायत शिक्षा क्षेत्र योजना निर्माणमा नेतृत्व गर्ने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, कार्यपालिका सदस्यहरु, लेखन समिति र शिक्षा समितिका आदरणीय पदाधिकारी, शिक्षक महासंघ, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, बालकल्याण प्रतिनिधि तथा योजनालाई निखार ल्याउनका लागि आ-आफ्नो ठाउँमा अमुल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नु हुने सम्पूर्ण शैक्षिक सरोकारवालाहरुमा हार्दिक कृतज्ञाता प्रकट गर्दछु। रामारोशन गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माणमा सहयोग गर्नु हुने युनिसेफ र सामुदायिक विकास केन्द्र (CDC) डोटीलाई धन्यवादका साथै अन्त्यमा यस योजनाको पूर्ण प्रभावकरी कार्यान्वयनको अपेक्षा गरेको छु।

**धन्यवाद !!**

.....................

नविन ओझा

शाखा प्रमुख

शिक्षा युवा तथा खेलकुद शाखा

विषय सूची

हाम्रो भनाइ

विषय प्रवेश

परिच्छेद १

१. परिचय ........................................................................................ १

१.१. पृष्ठभूमि ........................................................................................ १

१.१.१. ऐतिहासिक पृष्ठभूमि ........................................................................ २

१.१.२. गाउँपालिकाको नामाकरण ................................................................. ३

१.२. गाउँपालिकाको भौगोलिक स्थिति ........................................................... ४

१.२.१. अवस्थिति (सिमाना) .......................................................................... ४

१.२.२. क्षेत्रफल ........................................................................................ ४

१.३. जनसांखिक विश्लेशण ........................................................................ ५

१.३.१. जनसंख्या विवरणको अवस्था ............................................................. ५

१.३.२. वडा अनुसारको जनसंख्या विवरण ....................................................... ६

१.३.३. आर्थीक सामाजिक सन्दर्भ ................................................................. ८

१.३.४. भुमि (जमिन) सम्बन्धि सन्दर्भ .............................................................. ८

१.४. भौगिलक तथा प्राकृतिक स्वरुप ............................................................. १४

१.४.१. प्राकृतिक विपत तिनको संभावना ........................................................ १५

१.४.२. प्राकृतिक स्रोत एवं विशेषता ............................................................. १६

१.४.३. पुर्वाधार र विकास ........................................................................ १६

१.४.४. पर्यटकिय एवं ऐतिहासिक विशेषता ...................................................... १७

१.४.५. सामाजिक तथा सांस्कृति विशेषता ....................................................... १८

१.५. जनसाङ्खिक विवरण ........................................................................ २०

१.५.१. जनसाङ्खिक स्वरुप र प्रवृत्ति ............................................................. २०

१.५.२. अपाङ्गता सम्बन्धि विवरण ............................................................... २१

१.५.३. लक्षित जनजातिको जनसंख्या विवरण ................................................... २२

१.३.४. जनसंख्याको प्रक्षेपण ...................................................................... २२

१.६. नेपालको सन्दर्भमा शिक्षाको परिभाषा ...................................................... २३

१.६.१. नितिगत प्रवन्ध ............................................................................ २४

१.६.२. शिक्षाको संरचना .......................................................................... २५

१.६.३. शैक्षिक संस्थाको विवरण ...................................................................... २५
१.६.४. आधारभुत तहको विवरण ...................................................................... २५
१.६.५. माध्यमिक तहको विवरण ...................................................................... २७
१.६.६. प्राविधि तथा खुला विद्यालयको विवरण ................................................ २८
१.६.७. विद्यालयमा जोडीयका वालविकास केन्द्रको विवरण ................................ २८
१.६.८. विद्यालय भन्दा अलग्गै सञ्चालित वालविकास केन्द्रको विवरण ................. ३०
१.६.९. निजि विद्यालयको विवरण ...................................................................... ३१
१.६.१०. विश्वविद्यालय तथा कलेजहरुको विवरण ............................................... ३१
१.७. शैक्षिक अवस्था ...................................................................................... ३१
१.७.१. साक्षरताको आधारमा जनसंख्याको विवरण ............................................ ३१
१.७.२. शिक्षक तथा कक्षाकोठा प्रयाप्तताको विवरण ............................................ ३२
१.७.३. विद्यालयको शौचालयको विवरण ............................................................ ३५
१.७.४. उच्च शिक्षा र विकास (प्राविधिक तथा व्यवसायिक शिक्षा समेत) ................ ३८
१.७.५. विभिन्न तालिम, पुस्तकालय, औपचिरिक शिक्षा र तिनको उपलब्धि ............ ३८
१.७.६. विद्यार्थी संख्या र भर्ना प्रवृत्ति ............................................................... ३८
१.८. शिक्षा क्षेत्रको योजना ............................................................................... ३९
१.९. दिगो विकासका लक्ष्यहरु ........................................................................... ४१
१.१०. पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु ................................................ ४३
१.११. पालिकाको शिक्षा क्षेत्रको विकासकालागी मुख्य अवसरहरु ......................... ४४
परिच्छेद – २
दुर दृष्टी, ध्येय, उद्देश्य, रणनिति तथा लक्ष्य/गन्तव्य
परिचय.......................................................................................................... ४७
२.१. दिर्घकालिन सोच ..................................................................................... ४७
२.२. ध्येय.......................................................................................................... ४७
२.३. उद्देश्य ...................................................................................................... ४७
२.४. रणनिति .................................................................................................... ४८
२.५. अपेक्षित मुख्य उपलब्धि ............................................................................ ४९
२.६. अपेक्षित मुख्य कार्य सम्पादक सूचक ........................................................... ५०
परिच्छेद – ३
विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

परिचय........................................................................................................ ६२
३.१. प्रारम्भिक बालविकास र शिक्षा............................................................... ६३
३.१.१. वर्तमान अवस्था ........................................................................ ६३
३.१.२. उद्देश्य ........................................................................................ ६४
३.१.३. रणनिति ........................................................................................ ६५
३.१.४. मुख्य उपलब्धि तथा नतिजा ........................................................ ६५
३.१.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ६७
३.२. आधारभुत शिक्षा ...................................................................................... ६८
३.२.१. वर्तमान अवस्था ........................................................................ ६९
३.२.२. उद्देश्य ........................................................................................ ६९
३.२.३. रणनिति ........................................................................................ ७०
३.२.४. प्रमुख उपलब्धि तथा नतिजा ........................................................ ७१
३.२.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ७२
३.३. माध्यमिक शिक्षा
३.३.१. वर्तमान अवस्था ........................................................................ ७५
३.३.२. उद्देश्य ........................................................................................ ७६
३.३.३. रणनिति ........................................................................................ ७७
३.३.४. प्रमुख उपलब्धि तथा नतिजा ........................................................ ७९
३.३.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ८०
३.४. प्राविधिक तथा व्यवसायिक शिक्षा ........................................................ ८३
३.४.१. वर्तमान अवस्था ........................................................................ ८३
३.४.२. उद्देश्य ........................................................................................ ८४
३.४.३. रणनिति ........................................................................................ ८४
३.४.४. प्रमुख उपलब्धि तथा नतिजा ........................................................ ८४
३.४.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................ ८५
३.५. अनौपचारिक शिक्षा र आजिवन सिकाइ ................................................ ८७
३.५.१. वर्तमान अवस्था ........................................................................ ८७
३.५.२. उद्देश्य ........................................................................................ ८९
३.५.३. रणनिति ........................................................................................ ८९
३.५.४. प्रमुख उपलब्धि तथा नतिजा ........................................................ ९०

परिच्छेद – ४

अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

४.१. प्रदेश र संघ संगको अन्तरसम्बन्ध ........ ९२
४.१.१. वर्तमान अवस्था ........ ९२
४.१.२. उद्देश्य ........ ९४
४.१.३. रणनिति ........ ९४
४.१.४. उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप ........ ९५
४.२. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्रि तथा मुल्याङ्कन ........ ९५
४.२.१. वर्तमान अवस्था ........ ९५
४.२.२. उद्देश्य ........ ९६
४.२.३. रणनिति ........ ९६
४.२.४. प्रमुख उपलब्धि र नतिजा ........ ९७
४.२.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९८
४.३. शिक्षक व्यवस्थापन र विकास ........ ९९
४.३.१. वर्तमान अवस्था ........ ९९
४.३.२. उद्देश्य ........ १००
४.३.३. रणनिति ........ १००
४.३.४. प्रमुख उपलब्धि र नतिजा ........ १००
४.३.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०२
४.४. शैक्षिक समता र समावेशिकरण ........ १०३
४.४.१. वर्तमान अवस्था ........ १०३
४.४.२. उद्देश्य ........ १०४
४.४.३. रणनिति ........ १०४
४.४.४. प्रमुख उपलब्धि र नतिजा ........ १०५
४.४.५. प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०६
४.५. दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम ........ १०७
४.५.१. वर्तमान अवस्था ........ १०७
४.५.२. उद्देश्य ........ १०७
४.५.३. रणनिति ........ १०७
४.५.४. प्रमुख उपलब्धि र नतिजा ........ १०८

४.५.५. प्रमुख क्रियाकलाप र लक्ष्य ....................................................................................१०९
४.६. आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षा ............................................... ११०
४.६.१. वर्तमान अवस्था ............................................................................................ ११०
४.६.२. उद्देश्य ............................................................................................................ १११
४.६.३. रणनिति .......................................................................................................... १११
४.६.४. प्रमुख उपलब्धि र नतिजा ................................................................................. ११२
४.६.५. प्रमुख क्रियाकलाप र लक्ष्य ............................................................................. ११३
४.७. विद्यालय भौतिक पुर्वाधार विकास .................................................................... ११४
४.७.१. वर्तमान अवस्था ............................................................................................ ११४
४.७.२. उद्देश्य ............................................................................................................ १४४
४.७.३. रणनिति .......................................................................................................... ११५
४.७.४. प्रमुख उपलब्धि र नतिजा ............................................................................... ११५
४.७.५. प्रमुख क्रियाकलाप र लक्ष्य ............................................................................. ११६
४.८. विद्यालय सुचना तथा सञ्चार प्रविधि ................................................................. ११७
४.८.१. वर्तमान अवस्था ............................................................................................ ११९
४.८.२. उद्देश्य ............................................................................................................ ११९
४.८.३. रणनिति .......................................................................................................... ११९
४.८.४. प्रमुख उपलब्धि र नतिजा ............................................................................... ११९
४.८.५. प्रमुख क्रियाकलाप र लक्ष्य ............................................................................. १२०
परिच्छिद -५
५.१. सुशासन तथा व्यवस्थापन .............................................................................. १२२
५.१.१. वर्तमान अवस्था ............................................................................................ १२२
५.१.२. उद्देश्य ............................................................................................................ १२३
५.१.३. रणनिति .......................................................................................................... १२४
५.१.४. प्रमुख उपलब्धि र नतिजा ............................................................................... १२५
५.१.५. प्रमुख क्रियाकलाप र लक्ष्य ............................................................................. १२६
परिच्छेद – ६
६.१. लगानी र स्रोत व्यवस्थापन ............................................................................. १२८
६.१.१. वर्तमान अवस्था ............................................................................................ १२८
६.१.२. उद्देश्य ............................................................................................................ १२९

६.१.३. रणनिति ........................................................................................ १२९
६.१.४. प्रमुख उपलब्धि र नतिजा ........................................................................ १३०
६.१.५. प्रमुख क्रियाकलाप र लक्ष्य ...................................................................... १३०
परिच्छेद – ७
कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, समन्वय र सहजिकरण
७.१. योजना कार्यान्वयन ............................................................................... १३३
७.१.१. वर्तमान अवस्था ................................................................................. १३३
७.१.२. योजना कार्यान्वयन प्रबन्ध ...................................................................... १३४
७.१.३. अनुगमन, मुल्याङ्कन र सहजिकरण ............................................................ १३५
७.१.३.१. वर्तमान अवस्था ............................................................................... १३५
७.१.३.२. उद्देश्य ........................................................................................ १३६
७.१.३.३. रणनिति ....................................................................................... १३६
७.१.३.४. नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ......................................................... १३७

अनुसूची -१ ............................................................................................. १३८
अनुसूची - २ ............................................................................................ १३९
अनुसूची -३ ............................................................................................. १४०
अनुसूची – ४ ............................................................................................ १४१
सन्दर्भ सामग्री ............................................................................................ १४२

परिच्छेद : एक

# गाउँपालिका शिक्षा योजनाको अवधारणा

## १.१. पृष्ठभूमि

नेपालमा वि.सं. २०१३ साल देखि योजनाबद्ध रुपले विकासको थालनी भए तापनि स्थानीय अग्रसरतामा दीर्घकालीन सोचसहित योजनाबद्ध विकासको अभ्यास गर्ने परिपाटीले मूर्तरुप लिन सकेको देखिदैन। वि.सं. २०४६ सालमा देशमाभएको राजनीतिक परिवर्तनपश्चात् स्थानीय स्रोत, साधन तथा क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले विकेन्द्रीकरणलाई आत्मसाथ गर्दै स्थानीय निकायमा जनताहरुको सहभागितामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अभ्यासको थालनी गर्न खोजिएको थियो। स्थानीय स्वायत्तशासन ऐन २०५५ र नियमावली २०५६ लागु भएपछि स्थानीय निकायहरूमा विकास निर्माण सम्बन्धी कार्यको उत्तरतायित्व र जिम्मेवारी वहन गर्नुपर्ने दायित्त्व सूजना भएतापनि देश केन्द्रीकृत शासन प्रणालीवाट सञ्चालन भैरहेको र स्थानीय निकायमा लामो समय सम्म निर्वाचित जनप्रतिनिधिविहिन रहेको अवस्थाले गर्दा यसले सार्थकता पाउन सकिरहेको थिएन्। देश केन्द्रीकृत शासन प्रणालीबाट प्रादेशिक (सङ्घात्मक) प्रणालीमा गएपछि प्रशासनिक तथा राजनैतिक स्वरुपमै आमुल परिवर्तन अपरिहार्य हुने हुन्छ । सोही अनुरुप विगतमा रहेको केन्द्र, विकास क्षेत्र, जिल्ला, गाउँविकास समिती तथा नगरपालिकाको संरचनामा परिवर्तन भइ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको राजनीतिक संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीयगरी तिन तह रहने व्यवस्थाअनुसार सङ्घ १, प्रदेश ७, जिल्ला ७७ र स्थानीय तह ७५३ ओटा निर्धारण गरिएको छ। जसअनुसार स्थानीय तहमा महानगरपालिका ६, उप महानगरपालिका ११, नगरपाचिका २७६, गाउँपालिका ४६० र जम्मा वडा सङ्ख्या ६७४३ रहेका छन। परिवर्तित नयाँ संरचना अनुसार स्थानीय तह, प्रदेश र सङ्घको लागी जन प्रतिनिधिहरुको निर्वाचन समेत सम्पन्न भइ निर्वाचित जनप्रतिनिधि मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास भैरहेको छ ।

अछाम जिल्लाप्रदेश नं ७ मा पर्दछ भने यस जिल्लामा ४ ओटा नगरपालिका र ६ ओटा गाउँपालिकागरि जम्मा १० ओटा स्थानीय तह रहेका छन। यस जिल्लाका १० ओटा स्थानीयतहरु मध्येको रामारोशन गाउँपालिका रामारोशन पर्यटकिय क्षेत्रमा अवस्थित एक गाउँपालिका हो जसलाई ७ ओटा वडाहरुमा विभाजन गरिएको छ। स्थानीय तहको योजना तथा विकास निर्माणको लागी सामाजिक तथा जनसांख्यिक विवरण अपरिहार्य रहेको र स्थानीय तहहरुको वास्तविक विवरण पूर्ण नरहेको अवस्थामा सोको परिपुर्तिको लागी यस रामारोशन गाउँपालिकाले गरेको निर्णय एवं मितिः २०७४ साल वैशाख २६ गतेको नेपाल सरकार (सचिवस्तरको निर्णयअनुसार स्थानीयतहले वस्तुगत विवरण (पाश्र्वचित्र) तयार गरि आआफ्नो वेबसाइँटमा राखुपर्ने निर्देशनअनुसार स्थानीय सरकार सञ्चालन ऐन-२०७४ भित्र रहि यस गाउँपालिकाको वस्तुगत विवरण (पाश्वी गाउँपात्रिकाको हालको यथार्थ अवस्थाको चित्र प्रस्तुत गर्ने भएकाले आगामी दिनमा गाउँपालिकाको

सर्वाङ्गीण विकास गर्न दीर्घकालीन सोच बनाई सोहीअनुरुप आवधिक, वार्षिक एवं विषयगत योजना तर्जुमा गर्न सहायकसिद्ध हुनेछ। यसले स्थानीय तहका नीति निमार्णकर्ता, योजनाकार, सरकारी तथा गैर सरकारी कार्यक्रम सञ्चालनकर्ता, अनुसन्धानकर्ता, प्राध्यापक, शिक्षक, विद्यार्थीहरू एवम् सर्वसाधारणसमेतलाई सहयोग पुग्नेछ ।

## १.१.१. ऐतिहासिक पृष्ठभूमि

वि.सं. २०७३ सोच फागुन २७ गते नेपाल सरकारने स्थानीय तहहरुलाई नेपाल राजपत्रमा सूचना प्रकाशित भएबमोजिम स्थानीय तह निर्धारण तथा सिपारिस आयोगको २०७३ सालको सिफारिसका आधारणमा नेपाल सरकारले देशभरी ७५३ र अछाम जिल्लामा १० ओटा स्थानीयतह घोषणा गर्दा रामारोशन गाउँपालिकालाई ७ ओटा वडामा विभाजन गरिएको छ। रामारोशन पर्यटकीय क्षेत्रसमेत रहेको साविकका मलातीकोट, चाफामाण्डौं, शान्तडा, बाटुलासेन, रामारोशन, भटाकाटिया र सुतार मिलाएर रामारोशन गाउँपालिका घोषणा गरेअनुसार २०७३ साल आषाढ २३ गते विधिवत रुपमा स्थापना भएको हो। रामारोशन गाउँपालिकालाई साविकका ७ ओटा गा.वि.स.लाई नै ७ ओटा वडामा विभाजित गरिएको छ। जसमा रामारोशन गाउँपालिकाको वडा विभाजन तपशिलबमोजिम गरिएको छः

| हालको वडा नं. | साविकका गा.वि.स. को नाम | साविकका वडाहरु | कैफियत |
|---|---|---|---|
| १ | मलातिकोट | १ मलातीकोट, २ पडेश्रा, ३ मलाता, गैराघर, टुप्पाघर, कोलडाँडा, ४ मलाता, नौलाघर, पथ्थरीखला, ५ चाकाताली, ६ मष्टामाण्डौ, खड्तोला, बुढाखोला, ७ चित्रेपाटा, ८ बण्डालीमाडु, ९ चानुसैन | |
| २ | चाफामाण्डौ | १ चुचीपाटा, २ पिपलरुख, ठाडागडा, चाउडेखेत, चिफुलाघाट, ३ लामालथाडा, राउतेवाडा, थ्याईतबाडा, ४ बुडागडा, घाडी, ढकाल टोल, ल्वारवाडा, ५ काफलगैरा, ६ बिरसैन, माङ, ७ देबकोटीगाउँ, चानबन्ने गडा, सानखेत, ८ टुडेगडा, ९ | |
| ३ | शान्तडा | १ माथिल्लो पसेला, २ मेलरुख, तल्लो पसेला, ३ धाम्बाडा, डाँडा, ४ कालापानी, ५ डोग्रा, मटेला, ६ पल्लो धाम्बाडा, ७ सारा, ८ शान्तडा, ९ जाम्पाटा | |
| ४ | बाटुलासेन | १ तल्लो हुडेतोला, २ देउबुडी, ३ सैन तातापानी, खिराकाँट्ने, करकुलेपडा, ४ छडेना, ५ जेठरी, रिङने | |

| | | | |
|---|---|---|---|
| | | खाल, ६ गाँन्जी, गडहाल्ने, ७ झाँता, ८ भिरगाउँ, ९ माथिल्लो हुडेतोला | |
| ५ | रामारोशन | १ सैनी, सनानीगाउँ २ नेटाकोट, दवाखोला ३ सल्लीसैन, कोटबाडा ४ सेरा, जिउनीरवा, सडेगडा ५ तडीगैरा, दुल्लेना, लामापडा, मेल्सैन ६ अल्लेडी ७तल्लो पातल ८ दुवगाउँ, भितडा, जात्तोला ९ मथि रुम्टा, आडेकाँद, धनेसल्ला, सोडना, गैनीरवा | |
| ६ | भटाकाटिया | १ रोल्ते २ परिवन, बुढा गौडा, ३ सेरा, खलाकाट्ने, गलेसैन ४ औरेना ५ नाईतोला, डाँडाचौर ६ गाँखेत, उनी रखा, पटकानी ७ अडाम, छेपाडे ८ भैरी, देउतला ९ राख्री, टुडीसैन | |
| ७ | सुतार | १ किमतोला, कोलपरीटोल २ ढोलीवाडा ३ चाफागाउँ ४ कामीवाडा, काँद, धम्बाडा ५ हपल्लोगाउँ, सिमखेत ६ कुडिखेत ७ बिचगाउँ, काडागाउँ, घोडेढुङ्गा ८ अयडीवाडा | |

### १.१.२. गाउँपालिकाको नामकरण :

हरेक स्थान र ठाउको नामकरण कुनै न कुनै प्रसँगबाट मिलाएर राखेको पाइन्छ । कतै प्राकृतिक सम्पदाका नामबाट नामकरण गरिएको छ भने कतै देवी देवताका नामबाट नामकरण गरिएको पाईन्छ । कनै पनि स्थानको पूर्ण अध्ययनका लागि ऐतिहासिक पृष्ठभुमिको बिश्लेषण गर्न जरुरी रहन्छ । रामारोशन गाउँपालिकाको नामकरणका सन्दर्भमा निम्नानुसार भनाईहरु रहेको पाइन्छः

"रामारोशन क्षेत्र भित्र आधा घण्टाको फरकमा रामे र रोशन नामका दुईओटा मैदान छन । रामे नामको गोठालाले सबै भन्दापहिले रामे मैदानमा गोठान बनाएकाले त्यो ठाउँको नाम रामे र अर्को मैदान रमाईलो, रसिलो भएकोले त्यसको नाम रसुन रहन गएको भन्ने भनाई स्थानीयको रहेको छ । त्यहीदुईओटै मैदानलाई जोडेर रामेरसुन भन्नथालियो । पछिल्लो समयमा त्यही रामेरसुनबाट अप्रभंश हुदै रामारोशन नामकरण रहन गएको हो भन्ने छ भने अर्को थरीको भनाईअनुसार परापूर्व कालमा हालको रामारोशन पर्यटकिय क्षेत्र भएको स्थानमा भगवान शिव र पार्वतीले रोशन र रामको रुपमा बास गरेको हुँदा त्यसको नामबाट राम र रोशनलाई जोडेर रामारोशन रहन गएको हो भन्ने रहेको छ । त्यही प्रचलनमा रहेको नामका आधारमा स्थानीय तह

निर्धारण तथा सिफारिस समितीले साविकका मलातीकोट, चाफामाण्डौ, शान्तडा, बाटुलासैन, रामारोशन, भटाकाटिया र सुतार गा.वि.स.लाई समेटेर रामारोशन गाउँपालिका घोषणा गरेको थियो ।

## १.२. गाउँपालिकाको भौगोलिक स्थिति

### १.२.१. अवस्थिति (सीमाना)

यो गाउँपालिका २९ डिग्री ११ मिनेट उत्तरी अक्षांस र ८१ डिग्री २३ मिनेट पूर्वी देशान्तरमा फैलिएको छ । समुन्द्री सतहको न्यूनतम ६९१ मिटरको उचाई देखि अधिकतम ३७९२ मिटरसम्मको उचाइमा रहेको यस गाउँपालिकाको कार्यालय १०१० मिटरको उचाईमा रहेको छ । रामारोशन गाउँपालिकाको सीमाना पूर्वमा कालिकोट जिल्ला, पश्चिममा मंगलसेन नगरपालिका र बान्नीगढी जयगढ गाउँपालिका, उत्तरमा मेल्लेख गाउँपालिका र बाजुरा जिल्ला र दक्षिणमा पञ्चदेवलविनायक नगरपालिका छन् ।

### १.२.२. क्षेत्रफल

रामारोशन गाउँपालिकाको कुल क्षेत्रफल १७३.३३ वर्ग कि.मि. रहको छ। जसमा ३७३३३ हेक्टरमध्ये ४६ प्रतिशत भूभाग वनजङ्गल, खोलानाला, ५४ प्रतिशत भू-भागमा खेतीपाती गर्न सकिने र ३० प्रतिशतले हुन आउने ५६१५.८९ हेक्टर क्षेत्रफलमा खेतिपाति मात्र गरिएको पाइन्छ।

### १.२.३. गाउँपालिकाको भौगोलिक स्वरुप

अछाम जिल्लाको रामारोशन गाउँपालिका नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने एक महत्त्वपूर्ण पर्यटकिय पहाडी क्षेत्र हो, जुन समुद्र सतहबाट ६९१ मिटरको न्यूनतम उचाइदेखि ३७९२ मिटरको अधिकतम उचाइसम्म फैलिएको छ। यसको भौगोलिक स्वरूप पूर्ण रूपमा पहाडी र भिरालो छ, जहाँ भिरालो जमिन र स-साना उपत्यकाहरू पाइन्छन् । यस क्षेत्रको जलवायु समशीतोष्ण र शीतोष्ण प्रकारको छ, जसले गर्दा यहाँ जाडोमा चिसो र गर्मीमा सुहाउँदो मौसम हुने गर्छ। वर्षाको अवधिमा मध्यम वर्षा हुने यस क्षेत्रमा प्राकृतिक स्रोतहरूबाट धेरै साना खोलानालाहरू बग्छन्, जुन सिँचाई र पिउनको लागि महत्त्वपूर्ण छन्।

रामारोशन गाउँपालिकाको अर्थतन्त्र मुख्यतया कृषि र पशुपालनमा आधारित छ। भिरालो जमिन भएकाले यहाँ सीढीकृति खेती प्रचलित छ, जहाँ धान, मकै, कोदो, फापर, आलु, गहुँ, र तरकारी जस्ता बालीहरू उत्पादन गरिन्छ। यसका साथै पशुपालन पनि यहाँका वासीहरूको प्रमुख आय स्रोत हो, जसमा गाई, भैंसी, भेडा र बाख्रा पाल्ने चलन छ। यस क्षेत्रको वनस्पतिको रूपमा मिश्रित वन पाइन्छ, जसमा साल, उत्तिस, पाँगर, धुपि, ढल्लाँज, कटुस, बाँस, र खयर जस्ता रूखहरू समावेश छन्। यी वनहरूले स्थानीय जनतालाई इन्धन र निर्माण सामग्री उपलब्ध गराउनुका साथै यहाँ बसोबास गर्ने वन्यजन्तुहरूको लागि पनि आवासको रूपमा काम गर्छन्। यहाँ बाघ, भालु, स्याल, कस्तुरी, वनबिरालो, मिर्ग, झारल आदि र विभिन्न प्रकारका चराहरू जस्तै डाँफे मैना सुगा पाइन्छन्।

### १.२.४. गाँउपालिकाको कार्यालयदेखि विभिन्न वडा कार्यालय सम्मको दूरी

| क्र.स. | देखि | सम्म | कोष |
|---|---|---|---|
| १ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं. १ मलातिकोट | ३ |
| २ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं. २ चाफामाण्डौं | २ |
| ३ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं.३ शान्तडा | ० |
| ४ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं. ४ बाटुलासेन | ३ |
| ५ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं. ५ रामारोशन | ४ |
| ६ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं. ६ भटाकाटिया | ४ |
| ७ | रामारोशन गाउँपालिकाको कार्यालय | वडा नं. ७ सुतार | ४ |

## १.३. जनसाङ्ख्यिक विश्लेषण

### १.३.१. जनसङ्ख्या विवरणको अवस्था

वि.सं. २०७८ सालको जनगणना अनुसार रामारोशनगाउँपालिको कल घरधुरी सङ्ख्या ४८३२ रहेको छ। जनगणना २०७८ अनुसार रामारोशन गाउँपालिको कल जनसङ्ख्या २३६०० रहेको छ । कुल जनसङ्ख्यामध्ये महिला १२५१५ (५३ प्रतिशत) र पुरुष १४९१७ (४७ प्रतिशत) रहेका छन् ।

| वर्ष | घर परीवार | जनसङ्ख्या | | | क्षेत्रफल वर्ग कि.मि. | औषत परीवार को आकार | लैंङ्गिक अनुपात | जनघनत्व प्रतिवर्ग कि.मि. |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरुष | | | | |
| २०६८ | ४३५७ | २५१६६ | १३०५७ | १२१०९ | १७३.३३ | ५.७७ | ९२.५ | १४५.२ |
| २०७८ | ४८३२ | २३६०० | १२५१५ | ११०८५ | १७३.३३ | ४.०४ | १०१ | १७०.९१ |

स्रोत : राष्ट्रीय जनगणना सर्वेक्षण-२०७८

रामारोशन गाउँपालिकाको जनसाङ्ख्यिकीय विश्लेषणले धेरै महत्त्वपूर्ण सामाजिक परिवर्तनहरूको सङ्केत गरेको देखिन्छ। २०६८ देखि २०७८ सम्मको दशकमा यहाँ जनसङ्ख्या २५,१६६ बाट ६.२२%ले घटेर २३,६०० पुगेको छ, जसको प्रमुख कारण रोजगारी, जनचेतनाको स्तर तथा न्यून जन्मदर रहेको देखिन्छ। यसै अवधिमा घरपरिवार सङ्ख्या ४,३५७ बाट ४,८३२ सम्म पुगेर १०.९% ले बढेको छ भने औसत

परिवार आकार ५.७७ बाट घटेर ४.०४ मा पुगेको छ । यसले समाजमा एकल परिवारको प्रचलन बढ्दै गएको सङ्केत गर्दछ। लैङ्गिक अनुपातमा सकारात्मक परिवर्तन देखिएको छ - ९२.५ बाट सुधार भइ १०१ मा पुगेको छ, जुन महिला शिक्षा र स्वास्थ्य सेवामा भएको प्रगतिलाई प्रतिविम्बित गर्दछ। तरपनि, जनघनत्व १४५.२ बाट बढेर १७०.९१ मा पुगेको छ, जसले ग्रामीण क्षेत्रमा पनि बसोबास योग्य जमिनको प्रभाव बढ्दै गएको देखाउँछ ।

यी तथ्याङ्कहरूको आधारमा भन्न सकिन्छ कि रामारोशन गाउँपालिकामा सामाजिक संरचनामा ठूलो परिवर्तन आइरहेको छ । एकातिर परिवारको आकार सानो हुँदै गएको छ भने अर्कोतिर जनघनत्व बढ्दै गएको छ । यसले गाउँपालिकालाई नयाँ सामाजिक चुनौतीहरूसँग सामना गर्नुपर्ने अवस्था बनेको छ, विशेष गरी वृद्धहरुको हेरचाह, युवा पुस्ताको रोजगारी र प्राकृतिक स्रोतहरूको सन्तुलित उपयोगका क्षेत्रहरूमा।

## १.३.२. वडा अनुसार जनसङ्ख्याको विवरण

| वडा | जम्मा घरधुरी | महिला | पुरुष | जम्मा | क्षेत्रफल वर्ग कि.मि | जनघनत्व | मुख्य बस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| मलातिकोट | ४७२ | १२०४ | १०३९ | २२४३ | १२.८५ | २५०.११ | मलातीकोट, मनाता, गैराघर, टुप्पाघर, कोलडाँडा, मलाता, नौलाघर, पथ्वरीखला, चाकातानी, मष्टामाण्डौ, खड्तोला, बुढाखोला, चित्रे, बण्डालीमाडु र चानसैन |
| चाकामाण्डौ | २५८ | ६५३ | ५६१ | १२१४ | ५.४९ | ३०९.१० | चुचीपाटा, पिपलरुख, ठाडागडा, चाउडेखेत, चिलाघाट, नामालपाडा, राउतेवाडा, थ्याईतवाडा, बुडागडा, घाडी, ढकाल टोल, ल्वारवाडा, काफलगैरा, बिरसैन, माडु देबकोटीगाउँ, चानबुन्ने गडा, सनखेत, टुडेगडा र चिलेवा |
| शान्तडा | ५७३ | १४३२ | १२९६ | २७२८ | १३.५३ | २४८.४८ | माथिल्लो पसेला, मेलरुख, तल्लो पसैना, शाम्बाडा, डाँडा, कालापानी, डोसा, मटेला, पल्लो थाम्बाडा, सारा, शान्तडा र जाम्पाटा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बाटुलासैन | ७५९ | १९७२ | १७६० | ३७३२ | २४.९८ | २.३.५६ | तल्लो हुडेतोला, देउवुडी, सैनतातापानी, जिराकाँट्ने, करकलेपडा, छडेना, जेठरी, रिडने खाल, गाँन्जी, गडहाल्ने, झाँता, भिरगाउँ र माथिल्लो हुडेतोला |
| रामारोशन | ११९५ | ३१२७ | २८३९ | ५९६६ | ५०.५४ | १३६.४० | सैनी, सनानीगाउँ, नेटाकोट, द्रवाखोला, सल्लीसैन, कोटवाडा, सेरा, जिउनीरवा, सडेगडा, तडीगैरा, दल्लेना, लामापडा, मैल्सैन, अल्लेडी, तल्लो पातल, द्रवगाउँ, सितडा, जात्तीला, मुचि रुम्टा, आडॊंड, धनेसल्ला, सोडना र गैनीरवा |
| भटाकाटिया | ८९१ | २३४२ | १९७६ | ४३१८ | ४६.०६ | ११०.५९ | रोल्ते, परिवन, बुढा गौडा, सैरा, खलाकाट्ने, रालेसैन, औरेना, नाईतोला, डाँडाचौर, गाँखेत, उनी रवा, पटकानी, अडाम, छेपाडे, भैरी, देउतला, राखी र दुडीसैन |
| सुतार | ६३७ | १७८५ | १६१४ | ३३९९ | १९.८७ | २१७.८१ | किमतोना, कौलपरीटोल, डीलीवाडा, चाफागाउँ, कामीवाडा, कौत्र, इम्बाडा, हपल्लोगाउँ, सिमखेत, कुडिखेत, विचगाउँ, काडागाउँ, घोडेदुश, अपडीवाडा, भरता, मेलकाटिया, मल्लो भेलकाटिया र घोडे ढुङ्गा |
| जम्मा | ४७८५ | १२५१५ | ११०८५ | २३६०० | १७३.३३ | १४७६.०५ | |

स्रोतः राष्ट्रिय जनगणना सर्भेक्षण २०७८

माथि उल्लिखित आँकडा अनुसार, यसले रामारोशन गाउँपालिकाका वडाहरूको जनसाङ्ख्यिकीय संरचना, भौगोलिक वितरण र सामाजिक-आर्थिक अवस्थाको गहन विश्लेषण प्रस्तुत गरेको छ। जनसङ्ख्या वितरणको विश्लेषण गर्दा ५ नं. वडा (रामारोशन) ले सर्वाधिक ५,९६६ जनसङ्ख्या र १,१९५ घरधुरी ओगटेको देखिन्छ भने यसको विपरीत २ नं. वडा चाफामाण्डौ वडामा न्यूनतम १,२१४ जनसङ्ख्या र २५८ घरधुरी

मात्र रहेको छ। घरधुरी र जनसङ्ख्या अनुपात विश्लेषण गर्दा मलातिकोटमा प्रति घर ४.७५ जना र भटाकाटियामा ४.८४ जना बसोबास गरेको पाइन्छ। लैङ्गिक अनुपातको दृष्टिकोणबाट विश्लेषण गर्दा भटाकाटिया वडामा महिलाको सङ्ख्या (२,३४२) पुरुष (१,९७६) भन्दा धेरै बढी रहेको छ। यस्तै बाटुलासेन र शान्तडामा पनि महिलाको सङ्ख्या पुरुषभन्दा बढी रहेको देखिन्छ। यसले यी क्षेत्रहरूमा लैङ्गिक असमानताको स्थिति रहेको सङ्केत गर्दछ ।भौगोलिक वितरण र जनघनत्वको विश्लेषणले चाफामाण्डौ वडालाई सर्वाधिक ३०९.१० प्रतिवर्ग किलोमिटर जनघनत्व भएको क्षेत्रको रूपमा चिनाउँछ। यसको विपरीत बाटुलासेन वडामा मात्र २३.५६ प्रतिवर्ग किलोमिटर जनघनत्व रहेको छ। यसले ग्रामीण र सहरी क्षेत्रबीचको जनसङ्ख्या वितरणमा रहेको महत्त्वपूर्ण अन्तरलाई उजागर गर्दछ।

माथिको डाटाअनुसार विशेष गरी उच्च जनसङ्ख्या घनत्व भएका क्षेत्रहरूमा आवास, स्वास्थ्य र शिक्षा जस्ता मूलभूत सेवाहरूको विस्तार गर्न आवश्यक छ। साथै, महिला बहुल क्षेत्रहरूमा लैङ्गिक समानता र सशक्तीकरणका कार्यक्रमहरू बढाउनुपर्छ। कम जनघनत्व भएका क्षेत्रहरूमा पनि आधारभूत पूर्वाधारको विकास गर्न विशेष ध्यान दिन आवश्यक छ।

## १.३.३. आर्थिक सामाजिक सन्दर्भ

रामारोशन गाउँपालिकाको विभिन्न वडाहरुमा बसोवास गर्ने व्यक्तिहरु मध्ये अधिकांश व्यक्तिहरु कृषि पेसामा निर्भर रहेका छन् भने कोही व्यापार, नोकरी, ज्याला मजदुरी, गरेर जीविकोपार्जन गर्दै आएको देखिन्छ । त्यस्तै कोही व्यक्तिहरु कामको सिलसिलामा छिमेकी मुलुक भारत र वैदेशिक रोजगारीका लागि अन्य मुलुकहरुमा गएको देखिन्छ।यस पालिकामा गरिने कृषि, पशुपालन तथा अन्य गतिविधिहरुको विवरण निम्नानुसार रहेको छ।

## १.३.४. भुमि (जमिन) सम्बन्धी सन्दर्भ

रामारोशन गाउँपालिकाको कुल क्षेत्रफल १७३.३३ वर्ग कि.मि. अर्थात् ३७३३३ हेक्टर मध्ये ४६ प्रतिशत भूभाग वनजङ्गल, खोलानाला, ५४ प्रतिशत भू-भागमा खेतिपाती गर्न सकिने र ३० प्रतिशतले हुन आउने ५६१५.८९ हेक्टर क्षेत्रफलमा मात्र गरिएको पाइन्छ। खेतिपातीको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ । यस विश्लेषणले के देखाउँछ भने गाउँपालिकामा कृषि उत्पादन बढाउन भूमि उपयोगको अधिक कुशल व्यवस्थापन, सिंचाई सुविधाको विस्तार र बाझो भूमिको सदुपयोग गर्न आवश्यकता रहेको सङ्केत गर्दछ।

### क) कृषियोग्य जमिन

| **उपलब्ध जमिन** | **हेक्टर** |
|---|---|
| माथिल्लो सतह (पाखो) | ९३५९।८२ |

| | |
|---|---|
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र ( निपाने) | ३७४३।९२ |
| बर्षभरी सिंचाई हुने क्षेत्र (पानीपोखरी ,कुलो,) | ५६१५।८९ |
| जम्मा खेती गरिएको जमिन | १८७१९।६३ |

स्रोतः रामारोशन गाउँपालिका भू-उपयोग प्रोफाईल

रामारोशन गाउँपालिकामा कुल १८,७१९.६३ हेक्टर क्षेत्रफलमा खेती गरिएको पाइन्छ। यस भूमिलाई तीन प्रमुख श्रेणीमा विभाजन गरिएको छ। सबैभन्दा बढी क्षेत्रफल माथिल्लो सतह (पाखो) जमिनको रूपमा रहेको छ जसले ९,३५९.८२ हेक्टर ओगटेको छ। यो जमिन उच्च भू-भागमा पर्दछ र सामान्यतया सुख्खा खेतीका लागि उपयुक्त हुन्छ। दोस्रो ठूलो श्रेणीमा सिंचाइ नभएको क्षेत्र (निपाने जमिन) पर्दछ जसको क्षेत्रफल ३,७४३.९२ हेक्टर रहेको छ। यस प्रकारको जमिन वर्षामा मात्र निर्भर हुन्छ र खेतीका लागि जोखिमयुक्त मानिन्छ। सबैभन्दा कम क्षेत्रफल भने बर्षभरी सिंचाई हुने क्षेत्रको रहेको छ जसमा पानीपोखरी र कुलो जस्ता स्रोतबाट सिंचाई हुने ५,६१५.८९ हेक्टर जमिन समावेश छ। यस प्रकारको जमिन कृषिका लागि सबैभन्दा उत्पादनशील मानिन्छ। यस विवरणले गाउँपालिकाको कृषि क्षेत्रको वर्तमान अवस्था बुझ्न महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ। सिञ्चित जमिनको तुलनामा निर्भर जमिनको धेरै हिस्सा रहेकोले कृषि उत्पादन बढाउन सिंचाई व्यवस्थापनमा ध्यान दिन आवश्यकता देखिन्छ।

## ख) सिंचाईका प्रमुख स्रोतको तालिका

| **स्रोतका प्रकारहरु** | **प्रमुख पानीको स्रोत/ योजना वडागत** | | | | | | | **जम्मा स्रोत सङ्ख्या** |
|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | |
| खोला/नदी | ४ | २ | ७ | १५ | २५ | १२ | २५ | ९० |
| मुल | २० | १२ | १९ | २४ | ३० | २४ | ३० | १५९ |
| जम्मा | **२४** | **१४** | **२६** | **३९** | **५५** | **३६** | **५५** | **२४९** |

स्रोतः रामारोशन गाउँपालिका जलउपयोग गुरुयोजना तयारी सर्वेक्षण-२०७९

रामारोशन गाउँपालिकामा विभिन्न प्रकारका पानीका स्रोतहरू उपलब्ध छन्। तालिकाअनुसार, गाउँपालिकाभर कुल २४९ ओटा पानीका स्रोतहरू रहेएका छन्। यसमध्ये सबैभन्दा बढी सङ्ख्यामा मुल (मुहान) छन जसको कुल सङ्ख्या १५९ ओटा रहेको छ। यी मूलहरू विभिन्न वडाहरूमा यस प्रकार वितरण भएका छन्ः वडा १ मा २०, वडा २ मा १२, वडा ३मा १९, वडा ४ मा २४, वडा ५मा ३०, वडा ६ मा २४ र वडा ७ मा ३० ओटा।

त्यसैगरी खोलाको सङ्ख्या ९० ओटा रहेको छ । यसको वडागत वितरण यस प्रकार छः वडा १ मा ४, वडा २ मा २, वडा ३ मा ७, वडा ४ मा १५, वडा ५मा २५, वडा ६ मा १२ र वडा ७मा २५ ओटा। यस विवरणले गाउँपालिकाको विभिन्न वडाहरूमा पानीका स्रोतहरूको असमान वितरण देखाउँछ। विशेष गरी वडा ५ र ७ मा दुबै प्रकारका स्रोतहरूको सङ्ख्या बढी देखिन्छ, जसले यी क्षेत्रहरूमा पानीको उपलब्धता बढी रहेको सङ्केत गर्दछ। यो जानकारी जल व्यवस्थापन र योजना निर्माणका लागि महत्त्वपूर्ण आधार बन्न सक्छ।

## ग) प्रमुख खेती र उपयोग

| **प्रमुख बालिको नाम** | **स्थान** | **क्षेत्र (हेक्टरमा)** |
|---|---|---|
| धान | १ देखि ७ सबै वडा | ५७७०९ |
| अन्य (मकै, गहुँ, कोदो, गेडागुडी, मसला, फलफूल आदि) । | १ देखि ७ सबै वडा | ९४५५७ |
| **जम्मा** | **१ देखि ७ सबै वडा** | **१५२२६६** |

रामारोशन गाउँपालिकाको कुल १,५२,२६६ हेक्टर कृषि योग्य भूमिमा विभिन्न प्रकारका बालीहरू खेती गरिन्छ। यसमध्ये धान खेतीले ५७,७०९ हेक्टर (लगभग ३८%) क्षेत्र ओगटेको छ भने अन्य बालीहरू जस्तै मकै, गहुँ, कोदो, गेडागुडी, मसला र फलफूल आदिले ९४,५५७ हेक्टर (६२%) क्षेत्रमा खेती गरिएको पाइन्छ। धान खेती गाउँपालिकाका सबै सात वडाहरू (वडा नं. १ देखि ७ सम्म) मा गर्ने गरेको पाइन्छ। यसैगरी अन्य बालीहरू पनि सबै वडाहरूमा खेती गरिएको देखिन्छ। यसले गाउँपालिकाको कृषि क्षेत्रमा बाली विविधताको महत्त्वपूर्ण भूमिका रहेको सङ्केत गर्दछ। धानको तुलनामा अन्य बालीहरूको खेती धेरै ठूलो क्षेत्रफलमा गरिएको देखिन्छ, जसले गाउँपालिकाका कृषकहरूले विविध बाली खेतीमा ध्यान दिएको देखाउँछ। यो कृषि उत्पादनको स्थायित्व र कृषकहरूको आयस्रोत विविधीकरणका लागि सकारात्मक सङ्केत हो।

## घ) पशुपालन

| **प्रमुख पशुपालनको विवरण** | **स्थान** | **परिमाण** |
|---|---|---|
| भैंसी पालन | १ देखि ७ वडा | ५२९० |
| बाख्रापालन | १ देखि ७ वडा | १३६२७ |
| भेडा सबै | १ देखि ७ वडा | २०१९ |

| | | |
|---|---|---|
| सुँगुर, बङ्गुर | १ देखि ७ बडा | ७९ |
| कुखुरापालन (स्थानीय तथा ब्रोईलर) | १ देखि ७ वडा | ४०८१६ |
| हाँस | १ देखि ७ बडा | ५३३ |
| अन्य (खरायो) | १ देखि ७ बडा | ६ |

स्रोतः कृषि तथा पशुपंक्षी तथ्याङ्क अध्यावधिक-२०८०

रामारोशन गाउँपालिकामा विभिन्न प्रकारका पशुपालन व्यवसाय प्रचलित छन्। तथ्याङ्कअनुसार, गाउँपालिकाका सबै ७ वडाहरूमा कुखुरापालन सबैभन्दा बढी गरिएको देखिन्छ जसको कुल सङ्ख्या ४०,८१६ ओटा रहेको छ। यसले स्थानीय अर्थतन्त्रमा कुखुरापालनको महत्त्वपूर्ण योगदान रहेको देखाउँछ। बाख्रापालन दोस्रो प्रमुख व्यवसाय हो जसमा १३,६२७ ओटा बाख्रा पालिएको देखिन्छ। यसैगरी भैंसी पालन पनि प्रचलित छ जसको सङ्ख्या ५,२९० ओटा रहेको छ। भेडापालन २,०१९ ओटा, हाँसपालन ५३३ ओटा र सुँगुर/बङ्गुर पालन ७९ ओटा रहेको छ। अन्य पशु (खरायो) मात्र ६ ओटा मात्र पालिएको देखिन्छ। यस विवरणले गाउँपालिकाको पशुपालन व्यवसायमा कुखुरा र बाख्रापालनको प्रभुत्व रहेको देखाउँछ। विशेषगरी कुखुरापालनको व्यापक प्रचलनले यस क्षेत्रमा औपचारिक पशुचिकित्सा सेवा र उद्योगीकरणको आवश्यकता रहेको सङ्केत गर्दछ।

### ङ) उद्योगहरू

| प्रमुख उद्योगहररुको विवरण | स्थान | परिमाण | कैफियत |
|---|---|---|---|
| आरन उद्योग | वडा नं.१ देखि ७ ओटैमा जम्मा | २८ ओटा | दर्ता नभएका |
| पानी घट्ट | १ देखि ७ वडा | २५ ओटा | दर्ता नभएका |
| फर्निचर उद्योग | वडा नं. ३ मा | २ ओटा | दर्ता भएका |
| नेपाली कागज उद्योग | वडा नं. ३ | २ ओटा | दर्ता भएका |
| कुटानी पिसानी मिल | वडा नं. १ देखि ७ सम्म | ९ ओटा | दर्ता नभएका |
| अन्य घरेलु उद्योग | वडा नं. ५ मा ३, वडा नं. २ मा ३, वडा नं. ४ मा २, वडा नं. ५ मा ४, वडा नं. ६ मा ४ र वडा नं. ७ मा ३ | १८ ओटा | दर्ता भएका |

स्रोतः रामारोशन गाउँपालिका जलउपयोग गुरुयोजना तयारी सर्वेक्षण-२०७९

रामारोशन गाउँपालिकामा विभिन्न प्रकारका साना तथा मझौला उद्योगहरू संचालित छन्। तथ्याङ्कअनुसार, गाउँपालिकाभर जम्मा ८२ ओटा उद्योगहरू सञ्चालनमा रहेका छन्। यस मध्ये आरन उद्योग (२८ ओटा) र पानी घट्ट (२५ ओटा) सबैभन्दा बढी सङ्ख्यामा रहेका छन्, तर यी सबै दर्ता नभएका अनौपचारिक उद्योगहरू हुन्। वडा नं. ३ मा केन्द्रित फर्निचर उद्योग (२ ओटा) र नेपाली कागज उद्योग (२ ओटा) दर्ता भएका औपचारिक उद्योगहरू हुन्। यसैगरी कुटानी पिसानी मिल (९ ओटा) पनि दर्ता नभएका अवस्थामा संचालित छन्। घरेलु उद्योगहरू विभिन्न वडाहरूमा फैलिएका छन् जसमा वडा नं. ५ मा ४ ओटा, वडा नं. २, ६ र ७ मा प्रत्येक ३ ओटा, र वडा नं. ४ मा २ ओटा रहेका छन्, जुन सबै दर्ता भएका छन्।यसले स्थानीय स्तरमा उद्योगहरूलाई औपचारिकरण गर्ने, उद्यमशीलता विकास गर्ने र उद्योगहरूको भौगोलिक वितरणलाई समतुल्य बनाउने आवश्यकतालाई जनाउँछ।

## च) प्राकृतिक स्रोत तथा सम्पदा (वन जङ्गल, जडिबुटी)

रामारोशन गाउँपालिकामा वडा न. १ देखि ७ सम्म सामुदायिक वनजङ्गल हुँनुका साथै यस गाउँपालिकामा विभिन्न प्रकारका जडिबुटी पाइन्छन् । जडिबुटीको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छः

| प्राकृतिक स्रोतहरु | स्थान | कैफियत |
|---|---|---|
| वनजङ्गलः | १-७ ओटै वडामा | |
| जडिबुटीः सत्तुवा, पदमचाल्नु, गदाल्नु, सेलपाडी, पाँचऔंले, हत्तुवाजडी, पोस्कारी (बाबरे), छतारे, निलकण्ठ, कटुज, सिलाजु, कचुर, सजाइनु, आकाशभेली, सिउँडि, दुधि, अमला, एरंडी, ब्राह्मणि, टिमुर, बजो, तिर्खुला, गुर्जो, भकारे, लौठ सल्ला, नागबेली | १-७ ओटै वडामा | |

## छ) पर्यटन

| पर्यटन क्षेत्रको विवरण | स्थान | कैफियत |
|---|---|---|
| ताल तथा वण्डहरुः सुनिवन गेराहा, जिंगले, बाटुल्ला, लामादह, लिस्नेडाली, तल्लोधौने, माथिल्लोधौने, गाग्रे, रामे, ताउले, डउठे, दल्लेना। | रामारोशन गाउँपालिका वडा नं. ५ | |

| | | |
|---|---|---|
| खण्डहरुः नन्दामाता नदाई, किनिमिन्नी, रामे, चिन्डेनी, दँदाडी, बाघफाल, डडिल्ला, बाउलेगडा, चाका चक्रपथ, अकमगडग, गतेभिती, गुलिहाल्नीगडा, पासे बाटुल्ला, सालिमकोट, चिरकिट्टे देवीपुन्नु, डुड्सु, देउरादेवी, थेप्चे आँयरपाटा, विल्थम। | रामारोशन गाउँपालिका वडा नं. ५ | |
| गुफाहरुः घोडिलास, बाघफाल, चिर्केधौना, पाणमुजेली | रामारोशन गाउँपालिका वडा नं. ७,१ र ३ | |

रामारोशन गाउँपालिका प्राकृतिक सौन्दर्य र ऐतिहासिक महत्त्वका धरोहरले भरिपूर्ण छ। वडा नं. ५ मा सुनिवन गेराहा, जिंगले, बाटुल्ला लगायतका १२ ओटा ताल तथा वन्डहरू रहेका छन् भने यही वडामा पाटन, किनिमिन्नी, रामे, चिन्डनी जस्ता १८ ओटा प्रमुख खण्डहरू पनि अवस्थित छन्। यी ऐतिहासिक खण्डहरूले क्षेत्रको समृद्ध सांस्कृतिक विरासतको परिचय दिन्छन्। वडा नं. ७, १ र ३ मा घोडिलास, बाघफाल, चिर्केधौना लगायतका ६ ओटा गुफाहरू पाइन्छन् जुन पर्यटकहरूको लागि आकर्षणको केन्द्र बन्न सक्छन्। यी गुफाहरू प्राकृतिक रूपमा निर्मित भएका छन् र यस क्षेत्रको भौगोलिक विविधतालाई प्रतिनिधित्व गर्दछन्। यी सम्पूर्ण पर्यटकीय स्थलहरूले रामारोशन गाउँपालिकालाई एक आदर्श ग्रामीण पर्यटन गन्तव्य बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । तर यसको पूर्ण विकासका लागि सडक यातायात, आवास व्यवस्था र पर्यटक सुविधाको विस्तार गर्न आवश्यक छ। यदि यी सम्पदाहरूको उचित संरक्षण र प्रवर्द्धन गरियो भने यो क्षेत्र स्थानीय अर्थतन्त्रको मुख्य आधार बन्न सक्ने प्रमुख सम्भावना देखिन्छ ।

## १.४.१. राजनीतिक तथा प्रशासनिक विभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसङ्ख्या | जम्मा घरधुरी सङ्ख्या | उपलब्ध प्रमुख सेवाहरू | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्वस्थ्य | शिक्षा | | कृषि | पशु सेवा | प्रहरी चौकी |
| | | | | विद्यालय | समुदायमा आधारित | | | |
| १ | २२४३ | ४७२ | १ | ५ | १ | १ | १ | ० |
| २ | १२१४ | २५९ | १ | ३ | १ | १ | १ | ० |
| ३ | २७२८ | ५९९ | २ | ६ | १ | १ | १ | १ |
| ४ | ३७३२ | ७६२ | २ | ८ | ० | १ | १ | ० |
| ५ | ५९६६ | १२१० | २ | ११ | ४ | १ | १ | १ |
| ६ | ४३१८ | ८९२ | ३ | ७ | ४ | १ | १ | ० |
| ७ | ३३९९ | ६३८ | २ | ६ | ३ | १ | १ | ० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार रामारोशन गाउँपालिको कुल जनसङ्ख्या २३६०० रहेको छ । जसमा महिला जनसङ्ख्या १२५१५ अर्थात् कुल जनसङ्ख्याको ५३ प्रतिशत र पुरुष जनसङ्ख्या ११०८५ अर्थात् कुल जनसङ्ख्याको ४७ प्रतिशत रहेको छ ।जसमा **वडा नं १** को कुल जनसङ्ख्या २२४३ मा महिला १२०४ अर्थात् कुल जनसङ्ख्याको ५३ प्रतिशत र पुरुष १०३९ अर्थात् कुल जनसङ्ख्याको ४७ प्रतिशत, **वडा नं २** को १२१४ मध्ये महिला ५६१ अर्थात् ४८.७ प्रतिशत, पुरुष ५६१ अर्थात् ५१.३ प्रतिशत, **वडा नं ३** को २७२८ मध्ये महिला १४३२ अर्थात् ५१.८ प्रतिशत, पुरुष १२९६ अर्थात् ४८.२ प्रतिशत, **वडा नं ४** को ३७३२ मध्ये महिला १९७२ अर्थात् ५२.४ प्रतिशत, पुरुष १७६० अर्थात् ४७.६ प्रतिशत , **वडा नं ५** को ५९६६ मध्ये महिला ३१२७ अर्थात् ५०.८ प्रतिशत, पुरुष २८३९ अर्थात् ४९.२ प्रतिशत , **वडा नं ६** को ४३१८ मध्ये महिला २३४२ अर्थात् ५३.२ प्रतिशत, पुरुष १९७६ अर्थात् ४६.८ प्रतिशत , **वडा नं ७** को ३३९९ मध्ये महिला १७८५ अर्थात् ५२.३ प्रतिशत, पुरुष १६१४ अर्थात् ४७.७ प्रतिशत , रहेको छ। त्यसैगरी यस गाउँपालिकामा जम्मा **४८३२** घरपरिवार सङ्ख्या रहेको छ।जसमा आफ्नै घर भएका घरपरिवार सङ्ख्या ५१५० रहेको छ भने ७२ घरपरिवार सङ्ख्या भाडामा, ८ घरपरिवार संस्थागत र अन्य १० घरपरिवार र ९ ओटा घरपरिवारको बासस्थानको टुङ्गो नरहेको तथ्याङ्क पाईन्छ ।

रामारोशन गाउँपालिकामा सेवाप्रदायक संस्थाहरुमध्ये स्वास्थ्य, शिक्षा, कृषि, पशुसेवा र सुरक्षा निकायतर्फ प्रहरी चौकीहरुले गाउँपालिकामा तोकिएका क्षेत्रभित्र रही आ-आफ्नो सेवाप्रवाह गरिरहेका छन् ।

## १.४. भौगोलिक तथा प्राकृतिक स्वरूप (Structure Of Geographical & Natural)

### क) भौगोलिक बनावट

यस गाउँपालिकामा अवल, लेक र पहाडी भू-भाग रहेको छ।

### ख) नदी तथा खोलानाला

यस रामारोशन गाउँपालिका क्षेत्रमा वडा नं १ देखि वडा नं ७ सम्मको भुभागमा कैलाश नदी रहेको छ।यस क्षेत्रमा रहेका खोलानालाको विवरण वडागत रुपमा क्रमशः तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं. | खोलानाला |
|---|---|
| १ | गुलीरवाखोला, छडीखोला |
| २ | टुनीखोला र होग्तिखोला |
| ३ | दोग्डीखोला, गुन्छाखोला |

| | |
|---|---|
| ४ | बल्दे, उद्गोडा, जवाती, शेरे, नौलामारे, घोडे, भुतानी, झाँता र पतरे खोला |
| ५ | जिउनीरवा, बल्दे, शेरी, छडी, माणु, मुसुरी, धम्काले, औलाघाट, जैदे, सुम्रे, राउतेरवा, सालिमकोट, दल्लेना छडो, किनिमिनी खोलो, धल्कु छडो, बण्डगेराह, मणि, चङ्किली, काने, गाँखेत, बयलमाझ, ढाँक्रे, दँदाडी, दलदला र उखाते खोला |
| ६ | करे, डुग्ती, गुम्छा, मुग्रा, गुहे, बल्दे, टुनी, भेरेछडा, चिमाल्ता, छडी, छान्या र दोगाडे खोला |
| ७ | दोगाडे, गुल्सु, नानी, चिमाल्ता, छडे, सुवा, लसुने, करे, सिम, सैले, भङ्क, र भनभने खोला |

माथिको तालिकामा विभिन्न वडाहरूमा पर्ने खोलाहरूको विवरण दिइएको छ। यस अनुसार, वडा नं. १ मा गुलीरवाखोला र छडीखोला, वडा नं. २ मा टुनीखोला र होग्तिखोला, वडा नं. ३ मा दोग्डीखोला र गुन्छाखोला पर्छन्। वडा नं. ४ मा बल्दे, उद्गोडा, जवाती, शेरे, नौलामारे, घोडे, भुतानी, झाँता र पतरे खोला जस्ता धेरै खोलाहरू समेटिएका छन्। वडा नं. ५ सबैभन्दा बढी खोलाहरू रहेका छन्, जसमा जिउनीरवा, बल्दे, शेरी, छडी, माणु, मुसुरी, धम्काले, औलाघाट, जैदे, सुम्रे, राउतेरवा, सालिमकोट, दल्लेना छडो, किनिमिनी खोलो, धल्कु छडो, बण्डगेराह, मणि, चङ्किली, काने, गाँखेत, बयलमाझ, ढाँक्रे, दँदाडी, दलदला र उखातेखोला लगायतका धेरै साना-ठूला खोलाहरू पर्दछन्। वडा नं. ६ र ७ मा पनि करे, डुग्ती, गुम्छा, मुग्रा, गुहे, बल्दे, टुनी, भेरेछडा, चिमाल्ता, छडी, छान्या, दोगाडे, गुल्सु, नानी, चिमाल्ता, छडे, सुवा, लसुने, सिम, सैले, भङ्क, र भनभने खोला जस्ता विविध खोलाहरू रहेका छन्। यसले ग्रामीण क्षेत्रहरूमा प्राकृतिक जलस्रोतको प्रचुरता रहेको देखाउँछ। यी खोलाहरू स्थानीय जनताको दैनिक जीवन, कृषि, पानी आपूर्ति र पारिस्थितिकी प्रणालीका लागि महत्त्वपूर्ण छन्। यी खोलाहरूको संरक्षण र सहि उपयोग गर्न स्थानीय तहदेखि नीतिगत स्तरसम्म समन्वय आवश्यक छ।

### ग) हावापानी

रामारोशन गाउँपालिका अछाम जिल्लामा अवस्थित छ। यस पालिकाको हावापानी मुख्यतया **समशितोष्ण** र **शितोष्ण** प्रकारको छ। यसको भौगोलिक अवस्थिति र उचाइले यहाँको मौसमलाई विविध बनाएको छ। गाउँपालिकाको **तल्लो भेग (वेसि वा अवल)** तिर समशितोष्ण हावापानी पाइन्छ, जहाँ जाडोमा मध्यम चिसो र गर्मीमा न्यूनतम तापक्रम हुने गर्दछ। यस क्षेत्रमा वर्षा उचित मात्रामा हुने भएकाले कृषिका लागि अनुकूल वातावरण रहेको छ। तर, गाउँपालिकाको **माथिल्लो भेग** शितोष्ण हावापानी भएको छ, जहाँ जाडोयाममा धेरै चिसो हुन्छ र हिउँ पर्ने गर्दछ। यहाँको हावापानीले स्थानीय जीवनशैली, कृषि पद्धति र वनस्पतिको प्रकारलाई प्रभाव पारेको छ। रामारोशन गाउँपालिकामा **भौगोलिक विविधताका आधारमा हावापानीको बिविधता** देखिन्छ, जसले गर्दा यो क्षेत्र विभिन्न प्रकारको जैविक विविधता र कृषि उत्पादनका लागि उपयुक्त छ।

## १.४.१. प्राकृतिक विपद र तिनको सम्भावना

रामारोशन गाउँपालिका भौगोलिक रूपमा अति संवेदनशील क्षेत्रमा पर्दछ। यहाँको भिरालो भू-भाग, धेरै संख्यामा खोलानालाहरू र कैलाशखोला नदीको बहावले गर्दा पहिरो, बाढी र भूक्षयजस्ता प्राकृतिक प्रकोपहरूको खतरा निकै बढी छ। कङ्कटयुक्त माटोको बनावटले यी समस्याहरूलाई अझ बढाएको छ। मनसुन याममा खोलाहरू बढ्ने र नदीले किनाराको उर्वर भूमि कटान गर्ने गरेकोले कृषि योग्य जमिन निरन्तर घट्दै गइरहेको छ। यसले स्थानीय कृषकहरूको जिविकोपार्जनमा ठूलो असर पारेको छ। त्यस्तै, अनियन्त्रित वनको कटान, र अतिक्रमणले पहिरोको समस्या विकराल बनाएको छ।

गाउँपालिकामा गुलीरवाखोला, छडीखोला, टुनीखोला जस्ता धेरै साना-ठूला खोलाहरू रहेकाले मनसुनमा अचानक बाढी आउने खतरा सधैं बनेको छ। नदीकिनारका बस्ती र कृषिभूमि बाढीले डुबान हुने जोखिममा छन्। गर्मीयाममा सुख्खा मौसमले जंगल आगलागीको समस्या पनि उत्पन्न गर्दछ। घाँस काट्ने, जंगलमा आगो लगाउने जस्ता मानवजन्य गतिविधिहरूले यो समस्या अझ बढाएका छन्। यसका साथै, हिमाली क्षेत्र नजिक रहेकोले भूकम्पको सम्भावना र माथिल्लो भेगमा हिउँ पर्ने घटनाले यातायात बन्द गराउने जोखिम पनि रहेको छ। यी सबै प्राकृतिक विपद्हरूले स्थानीय जनजीवनमा गम्भीर असर पार्न सक्ने भएकाले समयमै यसका निवारणका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्नु जरुरी छ।

### १.४.२. प्राकृतिक स्रोत एवं बिशेषता

प्राकृतिक स्रोतको हिसाबले यस रामारोशन गाउँपालिका क्षेत्रभित्र सामुदायिक वन , राष्ट्रिय वन, झाडी क्षेत्र, नदीनाला, विभिन्न जडिबुटीलगायत अन्य क्षेत्रहरु रहेका छन । यी क्षेत्रहरुलाई संरक्षण र संवर्धन गर्न सकेमा रोजगारको अवसर सिर्जना हुने , वातावरण संरक्षण हुने , पानीका मुहानहरु संरक्षण हुने, पर्यटन क्षेत्रको विकास तथा सौन्दर्य बढ्ने देखिन्छ ।

### १.४.३. पूर्वाधार र विकास

**क) स्वास्थ्य सेवाः** यस रामारोशन गाउँपालिकामा राज्यको नीतिअनुरुप एक वडा एक स्वास्थ्य संस्थाको अवधारणाअनुरुप वडा नं १ देखि ७ ओटै वडाहरुमा स्वास्थ्य संस्था सञ्चालनमा रहेका छन् । वडाभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुले यी स्वास्थ्य संस्थाबाट आधारभूत सेवा लिइरहेका छन् ।

**ख) खानेपानीः** रामारोशन गाउँपालिकाभित्र रहेका घरपरिवारलाई शुद्ध पिउने पानी उपलब्ध गराउन नेपाल सरकारको "एक घर एक धारा"को नीतिअनुरुप जिल्ला खानेपानी, सरसफाई तथा सव-डिभिजन कार्यालय, रामारोशन गाँउपालिका र अन्य सङ्घसंस्थाको लागत साझेदारीमा आयोजनाहरु सञ्चालनको अवस्थामा छन् ।

**ग) विद्युतः** अछामको रामारोशन गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ६ र ७ ओटै वडाहरुमा विद्युत पहुँच पुगेको छ । साँफे अछाम वितरण केन्द्रबाट विद्युत लगेर रामारोशनका सबै वडामा विद्युतको पहुँच पुऱ्याउने उद्देश्यले वडाका सम्पुर्ण भुभागमा विद्युत पुऱ्याईसकेको तथा सञ्चालनमा रहेको छ ।

**घ) यातायात मार्गः** रामारोशन गाउँपालिकाका वडा नम्बर १ देखि ७ सम्मका सबै वडाका बस्तीहरुमा बसोवास गरिरहेका नागरिकहरुलाई यातायातमा पहुँच पुऱ्याउनका लागि ग्रामिण सडक बिस्तार गरिएको छ।

**ङ) बैङ्किङ सेवाः** रामारोशन गाउँपालिकामा आर्थिक कारोबार सञ्चालनका लागि नागरिकहरुलाई सेवा प्रवाह गर्न पालिका स्तरमा नबिल बैंक सञ्चालनको अवस्थामा रहेको छ ।

## १.४.४. पर्यटकीय एवं ऐतिहासिक विशेषताः

यस रामारोशन गाउँपालिका क्षेत्रभित्र रामारोशन ताल, नन्दामाता, अगम्मगढ, विल्थम, पजेड, चाखा देउरादेवी, बागावछाला, रुपादेवी, डगाने, धजवान्नामाइ आदि यस क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरु हुन्।

**प्राकृतिक पर्यटन आकर्षणहरू**

- ३७९२ मिटर उचाइमा रहेको मनोरम हिमाली दृश्य
- बाहृबण्ड अठार खण्ड क्षेत्रको मनमोहक दृश्य
- शीतोष्ण जलवायुले योगदान पुर्याएको हरियाली वातावरण
- विविध जैविक विविधताका साथ रहेका हरियाली वन क्षेत्रहरू

**सांस्कृतिक धरोहर**

- स्थानीय मगर र अन्य जातजातिको समृद्ध सांस्कृतिक परम्परा
- बाहृबण्ड माइ, नदैमाइ, चाखा माइ,
- वार्षिक चाडपर्वहरू (चैते दशै, विशु, रोटे, नदै जात्रा, निलकटी जात्रा, दशै ( तडीगैरा, सुतार, मुजा) जहरे पुनि, डेडु, पुताला, भुवो, होरी)

**ऐतिहासिक महत्त्व**

- साँकोटी राजाको पुरानो साँकोट,
- धिरकोटी राजा बसेको धिरकोट,
- तडिगैरा राजादरबार

**ग्रामीण पर्यटन सम्भावना**

- पारम्परिक गाउँले जीवनशैलीको प्रत्यक्ष अनुभव
- स्थानीय हस्तशिल्प र कृषि उत्पादनहरू
- गृहस्थ पर्यटन (Homestay) विकासको सम्भावना

**साहसिक पर्यटन**

- पहाडी ट्रेकिङ र हाइकिङ मार्गहरू

- ❖ प्राकृतिक झरनाहरूमा मनोरम अवसर
- ❖ वन्यजन्तु अवलोकन र प्रकृति अध्ययन

**सामुदायिक आधारित पर्यटन**

- ❖ सामुदायिक वन भ्रमण कार्यक्रम
- ❖ स्थानीय खानपान र संस्कृति प्रदर्शन
- ❖ सामूहिक सांस्कृतिक कार्यक्रमहरू

## १.४.५. सामाजिक तथा सांस्कृतिक विशेषता

रामारोशन गाउँपालिकाभित्र ब्राहमण, क्षेत्री, ठकुरी, दलित र जनजातिको बसोबास रहेको पाइन्छ । बाहुल्यताको हिसाबले ब्राहमण, क्षेत्री, ठकुरी र दलितहरु उस्तै उस्तै देखिन्छन् तर जनजातिहरु भने अल्पसङ्ख्यकको रुपमा रहेका छन् ।यस रामारोशन गाउँपालिका क्षेत्रभित्र समान सांस्कृतिक अवस्था रहेको देखिन्छ ।

### क) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू

यस गाउँपालिकाभित्र निम्न चाडपर्व तथा मेला पर्वहरु रहेको पाइन्छ । जस्तैः- कात्तिके दशै, विशुसंक्रान्ति, जेठ पर्व, दसहरा पर्व, साउने सङ्क्रान्ति, साउने पूर्णिमा, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, घाँसे संक्रान्ति, नाग पञ्चमी, बडादशैं, कोजाग्रत पूर्णिमा/तितौडा मेला, तिहार, भुवा औंसी, पुष पन्ध्र, माघे संक्रान्ति, श्रीपञ्चमी, शिवरात्री, चैते दशैं आदि ।

### ख) प्रमुख जातजाति, जनजाति र पिछडा वर्ग

प्रमुख जातजातिहरूको विवरण तालिका

| जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | १८४७ | ७.८% |
| क्षेत्री | १३७६२ | ५८.३% |
| विश्वकर्मा | ४१३४ | १७.५% |
| परियार | २४११ | १०.२% |
| मिजार | २० | ०.१% |
| जनजाति (मगर) | ३१७ | १.३% |
| सन्यासी | २२ | ०.१% |

| | | |
|---|---|---|
| अन्य | २० | ०.१% |
| जम्मा | २३६०० | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

दिएएको तथ्याङ्कअनुसार रामारोशन गाउँपालिकाको कुल २३,६०० जनसङ्ख्यामा विभिन्न जातजातिहरूको बसोबास रहेको छ। जातीय संरचनाको विश्लेषण गर्दा क्षेत्री जातिको बहुसङ्ख्यक उपस्थिति देखिन्छ, जसले १३,७६२ जना (५८.३%) जनसङ्ख्या ओगटेका छन्। यसले गाउँपालिकाको सामाजिक संरचनामा क्षेत्री समुदायको प्रमुख भूमिका रहेको देखाउँछ। विश्वकर्मा समुदाय दोस्रो ठूलो समूह हो जसको जनसङ्ख्या ४,१३४ (१७.५%) रहेको छ। ब्राहमण समुदाय १,८४७ जना (७.८%) र परियार समुदाय २,४११ जना (१०.२%) रहेका छन्। जनजातीय समुदाय (मगर) को सङ्ख्या ३१७ जना (१.३%) मात्र रहेको छ भने मिजार, सन्यासी र अन्य जातिको सङ्ख्या २०-२२ जनामा सीमित छ। यस विवरणले गाउँपालिकाको सामाजिक संरचनाको विविधतापूर्ण चित्र प्रस्तुत गर्दछ। क्षेत्री, विश्वकर्मा र परियार समुदाय मिलेर कुल जनसङ्ख्याको ८६% भाग ओगटेका छन् भने अन्य समुदायहरू अल्पसङ्ख्यक रूपमा रहेका छन्। यसले सामाजिक समावेशीकरण र विकासका लागि जातीय संवेदनशीलताको आवश्यकतालाई जनाउँछ। साथै अल्पसङ्ख्यक समुदायहरूको संरक्षण र सशक्तीकरण गर्न विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

## ग. धर्मअनुसारको जनसङ्ख्याको विवरण

| **धर्म** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दू | २३३३९ | ९८.९% |
| बौद्ध | ११८ | ०.५% |
| क्रिश्चियन | १७ | ०.१% |
| प्रकृतिक | १२६ | ०.५% |
| जम्मा | २३६०० | |

दिइएको तथ्याङ्कअनुसार, कुल जनसङ्ख्या २३,६०० मध्ये हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको देखिन्छ। हिन्दूहरूको सङ्ख्या २३,३३९ पुगेको छ, जुन कुल जनसङ्ख्याको ९८.९% हो। यसले यस क्षेत्रमा हिन्दू धर्मको प्रभुत्व रहेको देखाउँछ। बौद्ध धर्म मान्नेहरूको सङ्ख्या ११८ छ, जसले कुल जनसङ्ख्याको ०.५% ओगटेको छ। यसैगरी क्रिश्चियनहरूको सङ्ख्या १७ मात्र रहेको छ, जुन ०.१% हो। प्रकृतिक धर्म मान्नेहरूको सङ्ख्या १२६ छ, जसले ०.५% प्रतिनिधित्व गर्दछ। यसरी यी तथ्याङ्कहरूले यस क्षेत्रमा धार्मिक विविधता भए तापनि हिन्दू धर्मको प्रमुख स्थान रहेको देखाउँछ। बाँकी धर्महरूको प्रतिशत न्यून भए पनि

समाजमा विभिन्न धार्मिक विश्वासहरूको अस्तित्व रहेको छ। यसले समाजको बहुलतावादी स्वरूपलाई प्रतिबिम्बित गर्दछ।

### घ. भाषागत जनसङ्ख्या विवरण

| **भाषा** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| अछामी | २२८४७ | ९६.८% |
| मगर ढुट/खाम | ३१५ | १.३% |
| नेपाली | २३० | १% |
| जुम्ली | ६१ | ०.३% |
| संस्कृत | २८ | ०.१% |
| बाजुरेली | २६ | ०.१% |
| दैलेखी | २५ | ०.१% |
| डोटेली | ९ | ०.००४% |
| अन्य | ५७ | ०.२% |

स्रोतः राष्ट्रिय जनगणना २०७८

दिइएको तथ्याङ्कअनुसार, कुल जनसङ्ख्या २३,६०० मध्ये अछामी भाषा बोल्नेहरूको सङ्ख्या २२,८४७ छ, जुन कुल जनसङ्ख्याको ९६.८% हो। यसले यस क्षेत्रमा अछामी भाषाको प्रभुत्व रहेको देखाउँछ। मगर खाम भाषा बोल्नेहरूको सङ्ख्या ३१५ छ, जसले १.३% ओगटेको छ। नेपाली भाषा बोल्नेहरूको सङ्ख्या २३० रहेको छ, जुन १% हो भने जुम्ली भाषा बोल्नेहरूको सङ्ख्या ६१ छ, जसले ०.३% प्रतिनिधित्व गर्दछ। संस्कृत भाषा बोल्नेहरूको सङ्ख्या २८ छ, जुन ०.१% हो। यसैगरी, बाजुरेली र दैलेखी भाषा बोल्नेहरूको सङ्ख्या क्रमशः २६ र २५ छ, जसले ०.१% ओगटेको छ। डोटेली भाषा बोल्नेहरूको सङ्ख्या ९ मात्र छ, जुन ०.००४% हो। अन्य भाषाहरू बोल्नेहरूको सङ्ख्या ५७ छ, जसले ०.२% प्रतिनिधित्व गर्दछ। यसरी, यी तथ्याङ्कहरूले यस क्षेत्रमा अछामी भाषाको प्रचलन बढी रहेको देखाउँछ। यद्यपि अन्य भाषाहरू पनि बोलिने गरेको छ, जसले यस क्षेत्रको भाषागत विविधतालाई प्रतिबिम्बित गर्दछ।

## १.५. जनसाङख्यिक विवरण

### १.५.१. जनसाङ्ख्यिक स्वरूप र प्रवृत्ति

| क्र.स. | स्वरूप र प्रवृत्ति | दर / सङ्ख्या |
|---|---|---|
| १ | जन्मदर | १.०१ |
| २ | बसाइँसराई | ०.५९ |
| ३ | सुकुम्बासी | १३ |
| ४ | शरणार्थी | ० |
| ५ | मृत्यु दर | २.९ |
| ६ | घुमन्ते/फिरन्ते | ० |
| ७ | अन्य | ० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस क्षेत्रको जनसाङ्ख्यिक अध्ययनको आँकडाअनुसार जन्मदर १.०१ रहेको छ, जसले जनसङ्ख्या वृद्धिको न्यून गतिलाई सङ्केत गर्दछ। यसको तुलनामा मृत्युदर २.९ रहेकोले जनसङ्ख्या वृद्धिदरमा नकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ। बसाइँसराईको दर ०.५९ रहेको छ, जसले यस क्षेत्रमा आन्तरिक स्थानान्तरण सीमित मात्रामा हुँदै गरेको देखाउँछ। यस क्षेत्रमा सुकुम्बासीको सङ्ख्या १३ रहेको छ, तर शरणार्थी वा घुमन्ते/फिरन्ते समुदायको उपस्थिति शुन्य अवस्थामा छ। यसले यस क्षेत्रको जनसङ्ख्या अपेक्षाकृत स्थिर रहेको देखाउँछ। तथापि, मृत्यु दर उच्च रहेकोले स्वास्थ्य सेवा, जीवनस्तर वा अन्य सामाजिक विषयहरुमा ध्यान दिन आवश्यक छ।

### १.५.२. अपाङ्गता सम्बन्धि विवरण तालिका

| **विवरण** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| अपाङ्गता | ७९३ | ३.३६% |
| **जम्मा** | **७९३** | **३.३६** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस क्षेत्रमा कुल जनसङ्ख्या २३,६०० मध्ये ७९३ व्यक्तिहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ, जुन कुल जनसङ्ख्याको ३.३६% हो। यो तथ्याङ्कले समाजको एक महत्वपूर्ण अंशलाई अपाङ्गताले प्रभावित गरेको देखाउँछ। यस प्रतिशतले यस क्षेत्रमा अपाङ्गताको अवस्था र यसलाई सम्बोधन गर्न आवश्यक पर्ने

सेवा तथा सुविधाहरूको आवश्यकतालाई जनाउँछ। समाजको समावेशी विकासका लागि अपाङ्ग व्यक्तिहरूको अधिकार, शिक्षा, स्वास्थ्य सेवा र रोजगारीको अवसरमा विशेष ध्यान दिनु आवश्यक छ।

### १.५.३. लक्षित जनजातिको जनसङ्ख्या विवरण

| क्र.सं. | जातजाति | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ३१७ | १.३% |
| | **जम्मा** | **३१७** | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

रामारोशन गाउँपालिकाको जनगणना अनुसार, यस गाउँपालिकामा मगर जातिको कुल जनसङ्ख्या ३१७ रहेको छ जुन सम्पूर्ण गाउँपालिकाको जनसङ्ख्याको मात्र १.३% हो। यो आँकडाले मगर समुदाय यस क्षेत्रमा अल्पसङ्ख्यक जनजातिको रूपमा रहेको देखाउँछ। यसले गाउँपालिकाको जातीय संरचनामा मगरहरूको सानो तर महत्वपूर्ण उपस्थिति रहेको देखिन्छ। यो न्यून प्रतिशतले नै यस समुदायको सांस्कृतिक विविधता संरक्षण, सामाजिक समावेशीकरण र आर्थिक सशक्तिकरणका लागि विशेष ध्यान दिन आवश्यकता देखाउँछ।

### १.५.४. जनसङ्ख्याको प्रक्षेपण

२०८१ देखि २०९० सम्मको प्रक्षेपित उमेर समुहको जनसङ्ख्या विवरण

स्रोतः राष्ट्रिय जनगणना २०७८ को जनसङ्ख्यामा आधारित

| उमेर समूह | २०७८ को जनसङ्ख्या | प्रक्षेपित जनसङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ | २०८९ | २०९० |
| ०-४ | २७९१ | २८८४ | २९१६ | २९४९ | २९८२ | ३०१५ | ३०४९ | ३०८३ | ३११७ | ३१५२ | ३१८७ |
| ५-९ | ३१०४ | ३२०७ | ३२४३ | ३२७९ | ३३१५ | ३३५२ | ३३८९ | ३४२६ | ३४६४ | ३५०२ | ३५४१ |
| १०-१४ | ३५३३ | ३६५० | ३६९० | ३७३१ | ३७७२ | ३८१३ | ३८५५ | ३८९७ | ३९४० | ३९८३ | ४०२७ |
| १५-१९ | २६३४ | २७२१ | २७५१ | २७८१ | २८१२ | २८४३ | २८७४ | २९०६ | २९३८ | २९७० | ३००३ |
| २०+ | ११५३८ | ११९१९ | १२०५० | १२१८३ | १२३१७ | १२४५३ | १२५९० | १२७२९ | १२८६९ | १३०११ | १३१५४ |
| जम्मा | २३६०० | २४३८१ | २४६५० | २४९२३ | २५१८९ | २५४७६ | २५७५७ | २६०४१ | २६३२८ | २६६१८ | २६९१२ |

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार रामारोशन गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर १.१० प्रतिशत रहेको छ ।सोही जनगणनाको तथ्याङ्कमा उल्लखित ० देखि २० बर्षमाथी उमेर समूह र गाउँपालिकाको कुल जनसङ्ख्या तोकिएको वृद्धिदर अनुसार माथिको तालिकामा प्रस्तुत गरिएको छ।

जसमा ० देखि ४ बर्ष उमेर समूहको जनसङ्ख्या २७९१ बाट बढेर वि.स. २०९० सम्म ३१८७ पुग्ने त्यसैगरी ५ देखि ९ बर्ष उमेर समूहको जनसङ्ख्या ३१०४ बाट बढेर वि.स. २०९० सम्म ३५४१, १० देखि १४ बर्ष उमेर समूहको जनसङ्ख्या ३५३३ बाट बढेर वि.स. २०९० मा ४०२७, १५ देखि १९ बर्ष उमेर समूहको जनसङ्ख्या २६३४ बाट ३००३, २० देखि माथि उमेर समूहको जनसङ्ख्या ११५३८ बाट बढेर वि.स. २०९० मा १३१५४, जनसङ्ख्या पुग्ने प्रक्षेपित गरिएको र रामारोशन गाउँपालिकाको जनसङ्ख्या २३६०० बाट बढेर २६०४१ पुग्नसक्ने अनुमान गरिएको छ।बढ्दो शहरोन्मुख बसाइँसराईको कारण उपर्युक्त प्रक्षेपित जनसङ्ख्यामा घटबढ पनि हुनसक्छ।

२०८१ मा जनसंख्या वृद्धिदर १.१०% रहेको थियो भने अर्को वर्ष २०८२ मा यो १.११% मा पुग्यो। २०८३ मा वृद्धिदरले थोरै गति लिँदै १.१२% सम्म पुग्यो। २०८४ र २०८५ मा यो क्रमशः १.१३% र १.१४% मा पुग्दै गयो। २०८६ मा वृद्धिदर १.१५% सम्म पुग्यो भने २०८७ मा यसले १.१६% को मुल्य हासिल गर्यो। २०८८ मा वृद्धिदर १.१७% मा पुग्दै, २०८९ मा १.१८% सम्म पुग्यो र अन्तिम वर्ष २०९० मा यो १.१९% मा पुग्ने देखिन्छ।

## १.६. नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक विविधताले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । नेपालको शिक्षाप्रणालीमा परम्परादेखि नै विद्यमान यी उपरोक्त विविध पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्दै समयसापेक्ष रुपमा राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाइन्छ । वि.सं.२०६२/०६३ को राजनैतिक आमूल परिवर्तनपश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक अवस्था लगायत नेपालमा बसोबास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क आधारभूत शिक्षा, सबै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा बढ्दो बेरोजगारी समस्यालाई मुलुकभित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सबै भाषा, लिपी, संस्कृति धर्म आदिको संरक्षण, सम्बर्द्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदानप्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसँग विश्वबन्धुत्व, भाइचारा, सहयोगको आदानप्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षाप्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षाप्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषालगायत प्रमुख अन्तर्राष्ट्रिय भाषाको

प्रभावकारी सिकाइ व्यवस्था आदिको माध्यमबाट समतामूलक, समावेशी, सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षाप्रणाली भन्ने बुझिन्छ ।

## १.६.१. नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्यप्रणालीलाई आत्मसात गर्दै हरेक नागरिकलाई शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार सुनिश्चित गरेको छ। संविधानको व्यवस्था अनुसार प्रत्येक नेपाली नागरिकले आधारभूत तहसम्मको शिक्षा अनिवार्य रूपमा प्राप्त गर्न पाउनेछ, जसलाई राज्यले पूर्ण रूपमा निःशुल्क उपलब्ध गराउनेछ। साथै, माध्यमिक तहसम्मको शिक्षासमेत निःशुल्क हुनेछ। यसले शिक्षा केवल विशेष वर्गको पहुँचमा सीमित नरही सबै नागरिकको हकका रूपमा स्थापित गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ। संविधानले विशेष गरेर अपाङ्गता भएका व्यक्ति र आर्थिक रूपमा कमजोर वर्गका नागरिकलाई अझ बढी प्राथमिकता दिँदै उनीहरूलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ। मातृभाषामा शिक्षा पाउने हकको व्यवस्था गरिएको तथ्यले विविध भाषिक र सांस्कृतिक पृष्ठभूमि भएका समुदायको पहिचानको संरक्षण र प्रवर्द्धनमा पनि सहयोग पुऱ्याउने विश्वास गरिएको छ।


शिक्षा केवल प्रमाणपत्र हासिल गर्ने माध्यम मात्र नभई व्यक्तिको बहुआयामिक विकास, समावेशी समाज निर्माण र राष्ट्रिय समृद्धिको आधार स्तम्भ हो भन्ने दृष्टिकोणलाई आत्मसात गर्दै राज्यले जीवनपर्यन्त सिकाइको अवधारणा अघि सारेको छ। गुणस्तरीय शिक्षामा सबैको समान पहुँच, समावेशी अवसर र जीवनोपयोगी सीपहरूको विकासले सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्यलाई हासिल गर्न महत्त्वपूर्ण टेवा पुऱ्याउँछ। यसै सन्दर्भमा, सरकारले २०७५ सालमा लागू गरेको "अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन" ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई अझ स्पष्ट र कानुनी रूपमा सुनिश्चित गरेको छ। यस ऐनले शिक्षा प्राप्तिमा कुनै भेदभाव हुन नदिनु पर्ने, सबै बालबालिका विद्यालय जानु पर्ने, र राज्यले आवश्यक पूर्वाधार, स्रोत र वातावरण सुनिश्चित गर्नु पर्ने दायित्व स्पष्ट गरेको छ।

त्यस्तै, २०७६ सालमा नेपाल सरकारले सार्वजनिक गरेको राष्ट्रिय शिक्षा नीतिले शिक्षा क्षेत्रलाई समग्र रूपमा सुधार गर्ने दृष्टिकोण लिएको छ। नीति अनुसार सिर्जनशील, अध्ययनशील, सकारात्मक सोच भएको, सीपयुक्त र उत्पादनशील जनशक्ति तयार पार्ने उद्देश्य राखिएको छ। शिक्षा प्रणालीले केवल ज्ञान दिने मात्र नभई व्यवहारिक जीवनमा प्रयोग गर्न सकिने सीप र नैतिक गुणहरू पनि विकास गर्नुपर्छ भन्ने सोच नीतिमा प्रतिबिम्बित छ।

यी सबै पहल र प्रयासहरू "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय दीर्घकालीन सोच अन्तर्गत अघि सारिएका हुन्। यस सोचलाई मूर्तरूप दिनका लागि तयार गरिएको पन्ध्रौं आवधिक योजनामा शिक्षालाई समावेशी, गुणस्तरीय र समान पहुँचयुक्त बनाउनुपर्ने खाँचो औंल्याइएको छ। त्यसैले, शिक्षापद्धतिमा नवीनता ल्याउने, प्रविधिको प्रभावकारी प्रयोग गर्ने, र शिक्षा क्षेत्रमा गरिने लगानीलाई रणनीतिक रूपले केन्द्रित गर्ने खालका सुधार आवश्यक छन्।

यसरी नीति, कानुन र योजना कार्यान्वयनका माध्यमबाट शिक्षा क्षेत्रलाई समावेशी, समतामूलक र सक्षम बनाउने दिशामा अग्रसर भई राज्यले दिगो विकास र समुन्नत राष्ट्र निर्माणमा ठोस कदम चालिरहेको देखिन्छ।

## १.६.२. शिक्षाको संरचनाः




नेपालको बालविकास शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्ष्यहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

रामारोशन गाउँपालिकामा पनि नेपालको शिक्षाप्रणालीमा आधारित रहेर शिक्षको संरचना रहेको छ।तर यहाँका विद्यालयहरुमा नेपालको विद्यमान शिक्ष ऐन तथा नियमावलीले तोकेको विद्यालय उमेर समूहभन्दा बढी उमेरका बालबालिकाहरु पनि अध्ययनरत रहेको पाइन्छ।किनकी यो क्षेत्र भौतिक विकास, आर्थिक, सामाजिक, सांस्कृतिक विकासको हिसाबले अलि पछि परेको र अलि रुढिवादी परम्परा पनि कायम रहेको क्षेत्र र गरिबी तथा पछौटेपन पनि यो क्षेत्रको अल्प विकासको एउटा मूख्य जड रहे तापनि पछिल्लो चरणमा यस्ता परम्पराहरु बिस्तारै न्यूनिकरणको अवस्थामा छन्।तर यसको पूर्ण न्यूनिकरण हुन अँझै केही समय लाग्ने देखिन्छ।स्थानीय सरकार, सचेत समुदायको साझेदारी सहयोगले यसलाई थप सुधार गर्नुपर्ने दखिन्छ।

## १.६.३. शैक्षिक संस्थाहरुको विवरण

## १.६.४. आधारभूत तहको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बण्डाली आधारभूत विद्यालय | रामारोशन गाउँपालिका - १ |
| २ | नन्दादेवी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका - १ |
| ३ | मष्टामाण्डौ आधारभूत विद्यालय | रामारोशन गाउँपालिका - १ |
| ४ | कालीका आधारभूत विद्यालय | रामारोशन गाउँपालिका - १ |
| ५ | बालज्योति आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — २ |
| ६ | बालकल्याण आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — २ |
| ७ | मन्दाकिनि आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ३ |
| ८ | निलकमल आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ३ |
| ९ | गरुढ आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ३ |
| १० | ब्रहमिस्थान आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ३ |
| ११ | बालकल्याण आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ३ |
| १२ | नन्दकाली आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १३ | कृष्ण आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १४ | लक्ष्मी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १५ | शिशुकल्याण आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १६ | जनजागृति आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १७ | पशुपति आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १८ | नवदुर्गा आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| १९ | रुपादेवी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २० | जाल्पादेवी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २१ | नवदुर्गा आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २२ | नन्दादेवी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २३ | कालिका आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २४ | कैलाशेश्वर आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |

| | | |
|---|---|---|
| २५ | नवज्योती आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २६ | बडिमालिका आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २७ | सडेगडा आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| २८ | पुदु आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| २९ | जनकल्याण आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| ३० | कालीका आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| ३१ | कर्णेश्वरी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| ३२ | श्यामसुन्दर आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| ३३ | बालकल्याण आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| ३४ | किम्तोला आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ७ |
| ३५ | नन्दामाता आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ७ |
| ३६ | देउरादेवी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ७ |
| ३७ | गुप्तादेवी आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ७ |
| ३८ | सिम्खेत आधारभूत विद्यालय | रामारोशन गाउँपालिका — ७ |

### १.६.५. माध्यमिक विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | पिङ्गला माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — १ |
| २ | सरिता माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — ३ |
| ३ | निलकण्ठ माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — ५ |
| ४ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — २ |
| ५ | सरस्वती माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — ४ |
| ६ | यशोदा माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — ५ |

| | | |
|---|---|---|
| ७ | पुर्णचन्द्र माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — ६ |
| ८ | विन्देश्वरी माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका — ७ |

## १.६.६. प्राविधिक विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | रामारोशन गाउँपालिका -२ |

## १.६.७ विद्यालयमा जोडीएका बालविकास केन्द्रको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | कालिकादेवी बालविकास केन्द्र मलाना | रामारोशन गाउँपालिका - १ |
| २ | कालिकादेवी बालविकास केन्द्र पडेश्रा | रामारोशन गाउँपालिका - १ |
| ३ | नवदुर्गा बालविकास केन्द्र मलातिकोट | रामारोशन गाउँपालिका - १ |
| ४ | बालचेतना बालविकास केन्द्र तालि | रामारोशन गाउँपालिका - १ |
| ५ | शिशुसुधार बालविकास केन्द्र तालि | रामारोशन गाउँपालिका - १ |
| ६ | चित्रेपाटा बालविकास केन्द्र तालि | रामारोशन गाउँपालिका - १ |
| ७ | बालज्योति बालविकास केन्द्र | रामारोशन गाउँपालिका - २ |
| ८ | बालकल्याण बालविकास केन्द्र | रामारोशन गाउँपालिका -२ |
| ९ | पिङ्गलादेवी बालविकास केन्द्र | रामारोशन गाउँपालिका -२ |
| १० | कालिका बालविकास केन्द्र | रामारोशन गाउँपालिका -३ |
| ११ | सुर्यचन्द्र बालविकास केन्द्र | रामारोशन गाउँपालिका -३ |
| १२ | ब्रहमीस्थान बालविकास केन्द्र | रामारोशन गाउँपालिका -३ |
| १३ | बालकल्याण बालविकास केन्द्र | रामारोशन गाउँपालिका -३ |
| १४ | नवदुर्गा बालविकास केन्द्र | रामारोशन गाउँपालिका -४ |

| | | |
|---|---|---|
| १५ | निलागर बालविकास केन्द्र | रामारोशन गाउँपालिका -४ |
| १६ | कृष्ण बालविकास केन्द्र | रामारोशन गाउँपालिका -४ |
| १७ | शैलेश्वरी बालविकास केन्द्र | रामारोशन गाउँपालिका -४ |
| १८ | चाँदनी बालविकास केन्द्र | रामारोशन गाउँपालिका -४ |
| १९ | निलकण्ठ बालविकास केन्द्र | रामारोशन गाउँपालिका -४ |
| २० | ओखलढुङ्गा बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २१ | बडिमालिका बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २२ | बालज्योति बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २३ | नवज्योती बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २४ | बाह्रबण्ड बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २५ | निलकण्ठ बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २६ | विहानी बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २७ | हिमाल बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| २८ | सिर्जनशिल बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| २९ | कोपिला बालविकास केन्द्र ऐरेना | रामारोशन गाउँपालिका - ६ |
| ३० | कोपिला बालविकास केन्द्र पुदु | रामारोशन गाउँपालिका - ६ |
| ३१ | प्रतिभा बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| ३२ | बालकल्याण बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| ३३ | श्यामसुन्दर बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| ३४ | हरियाली बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| ३५ | पाटन बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |

| | | |
|---|---|---|
| ३६ | नन्दामाता बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| ३७ | देउरादेवी बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ३८ | नन्दामाता बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ३९ | गुप्तादेवी बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ४० | चर्चित बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ४१ | शिशुकल्याण बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ४२ | विन्देश्वरी बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |

## १.६.८. विद्यालयभन्दा अलग्गै सञ्चालित बालविकास केन्द्रको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | तित्रेपाटा बालविकास केन्द्र | रामारोशन गाउँपालिका - १ |
| २ | कालिका बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ३ |
| ३ | कोपिला बालविकास केन्द्र | रामारोशन गाउँपालिका - - ६ |
| ४ | सृजनसिल बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| ५ | चर्चित बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ६ | पिङ्.गला देवी बालविकास केन्द्र | रामारोशन गाउँपालिका - २ |
| ७ | शिशुसुधार बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ८ | धम्बा बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ७ |
| ९ | दुर्गे बालविकास केन्द्र | रामारोशन गाउँपालिका - |
| १० | घोडेढुङ्ग बालविकास केन्द्र | रामारोशन गाउँपालिका - - ७ |
| ११ | देवतला बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |
| १२ | बुडागौडा बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ६ |

| | | |
|---|---|---|
| १३ | चौड बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| १४ | दल्याना बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| १५ | राधेह बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| १६ | गैनी बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |
| १७ | कालिका बालविकास केन्द्र | रामारोशन गाउँपालिका - ५ |

### १.६.९. निजि विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | जनज्योति इङ्लिस बोर्डिङ स्कुल | रामारोशन गाउँपालिका -०५ |

### १.६.१०. विश्वविद्यालय तथा कलेजको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | नभएको | |

### १.७. शैक्षिक अवस्था

### १.७.१. साक्षरताको आधारमा जनसङ्ख्याको विवरण :

| वडा नं. | ५ वर्ष सम्मको जनसङ्ख्या | | ५ वर्ष भन्दा माथिको जनसङ्ख्या | | जनसङ्ख्याको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साक्षर | | निरक्षर | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ११५ | १४९ | १०८९ | ८९० | | | | |
| २ | ७५ | ६५ | ५७८ | ४९६ | | | | |
| ३ | १४५ | १६९ | १२८७ | ११२७ | ७३३५ | ७७२६ | ३८७१ | १९२३ |
| ४ | २२६ | २३८ | १७४६ | ११२५ | | | | |
| ५ | ३५१ | ३४८ | २७७६ | २४९१ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २५४ | २६० | २०८८ | १७१६ | | | | |
| ७ | १९४ | २०२ | १५९१ | १४१२ | | | | |
| जम्मा | १३६० | १४३१ | ११११५५ | ९२५७ | ७३३५ | ७७२६ | ३८७१ | १९२३ |

स्रोतः राष्ट्रिय जनगणना सर्भेक्षण २०७८

रामारोशन गाउँपालिकाको साक्षरतासम्बन्धी तथ्याङ्कअनुसार, ५ वर्षभन्दा माथिको जनसङ्ख्यामा साक्षरताको अवस्था विश्लेषण गर्दा पुरुषहरूमा साक्षरताको दर महिलाहरूभन्दा बढी देखिन्छ। जम्मा साक्षर पुरुषको सङ्ख्या ७,७२६ छ भने महिलाको सङ्ख्या ७,३३५ छ। यसले लैङ्गिक असमानताको एक पक्षलाई उजागर गरेको छ । त्यसैगरी निरक्षर महिलाको सङ्ख्या ३,८७१ छ भने पुरुषको सङ्ख्या १,९२३ मात्र छ। यसले समाजमा महिलाहरू शिक्षामा पछि परेको अवस्था देखाउँछ। विभिन्न वर्गहरूको विवरण हेर्दा ५ वर्ष सम्मको जनसङ्ख्यामा १,३६० महिला र १,४३१ पुरुष रहेको देखिन्छ। ५ वर्षभन्दा माथिको जनसङ्ख्यामा लेख्न र पढ्न सक्नेहरूमा ११,१५५ महिला र ९,२५७ पुरुष रहेका छन्।यी तथ्याङ्कहरूले गाउँपालिकामा साक्षरता अभियानको आवश्यकता र महिला साक्षरता बढाउन विशेष प्रयासहरू अपरिहार्य भएको देखाउँछ। शिक्षाको अवसरमा लैङ्गिक समानता कायम गर्न र निरक्षरतालाई कम गर्न समुदायस्तरीय जागरूकता र सरकारी नीतिहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

### १.७.२. शिक्षक तथा कक्षाकोठाको पर्यासताको विवरण

| वडा नं | | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|
| १ | १ | पिङ्गला माध्यामिक विद्यालय | ४५३ | १७ | २७ |
| | २ | बण्डालि आधारभूत विद्यालय | १७३ | ८ | २२ |
| | ३ | नन्दा देवी आधारभूत विद्यालय | ५० | ७ | ७ |
| | ४ | मष्टामण्डौ आधारभूत विद्यालय | १२८ | ७ | १८ |
| | ५ | कालिका देवी आधारभूत विद्यालय | ३१ | ४ | ८ |
| २ | १ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ६१४ | ३२ | १९ |
| | २ | बाल्ज्योति आधारभूत विद्यालय | ३८ | ४ | १० |
| | ३ | बालकल्याण आधारभूत विद्यालय | ७० | ४ | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १ | सरिता माध्यामिक विद्यालय | ४३५ | १५ | २६ |
| | २ | मन्दाकिनि आधारभूत विद्यालय | १२८ | ५ | २६ |
| | ३ | निलकमल आधारभूत विद्यालय | ४३ | ४ | ११ |
| | ४ | गरुड आधारभूत विद्यालय | ६२ | ४ | १६ |
| | ५ | बालकल्याण आधारभूत विद्यालय | २८ | ३ | ९ |
| | ६ | ब्रमिस्थान आधारभूत विद्यालय | ९० | ३ | ३० |
| ४ | १ | सरस्वती माध्यमिक विद्यालय | ६५५ | २० | ३३ |
| | २ | नवदुर्गा आधारभूत विद्यालय | १०८ | ८ | १४ |
| | ३ | नन्दकालि आधारभूत विद्यालय | २०२ | ९ | २२ |
| | ४ | कृष्ण आधारभूत विद्यालय | ११४ | ५ | २३ |
| | ५ | लक्ष्मिक आधारभूत विद्यालय | ५० | ३ | १७ |
| | ६ | शिशुकल्याण आधारभूत विद्यालय | ८९ | ५ | १८ |
| | ७ | जनजागृति आधारभूत विद्यालय | २७ | ३ | ९ |
| | ८ | पशुपति आधारभूत विद्यालय | ११६ | ५ | २३ |
| ५ | १ | यशोदा माध्यमिक विद्यालय | ४४२ | २० | २२ |
| | २ | निलकण्ठ माध्यमिक विद्यालय | ६१६ | १७ | ३६ |
| | ३ | रुपादेवी आधारभूत विद्यालय | ५० | ७ | ७ |
| | ४ | जाल्पादेवी आधारभूत विद्यालय | ५० | २ | २५ |
| | ५ | नवदुर्गा आधारभूत विद्यालय | ५४ | ३ | १८ |
| | ६ | नन्दादेवी आधारभूत विद्यालय | ७९ | ३ | २६ |
| | ७ | कालिका आधारभूत विद्यालय | १३० | ७ | १९ |
| | ८ | कैलाशेश्वर आधारभूत विद्यालय | ४३ | ३ | १४ |
| | ९ | नवज्योती आधारभूत विद्यालय | ७३ | ३ | २४ |
| | १० | बडिमालिका आधारभूत विद्यालय | ११३ | ३ | ३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११ | सडेगडा आधारभूत विद्यालय | ३१ | १ | ३१ |
| ६ | १ | पूर्णचन्द्र माध्यमिक विद्यालय | ८३२ | २३ | ३६ |
| | २ | पुदु आधारभूत विद्यालय | १९६ | ७ | २८ |
| | ३ | जनकल्याण आधारभूत विद्यालय | ९३ | ४ | २३ |
| | ४ | कालिका आधारभूत विद्यालय | २७५ | ६ | ४६ |
| | ५ | कर्णेश्वरी आधारभूत विद्यालय | १०१ | ६ | १७ |
| | ६ | श्यामसुन्दर आधारभूत विद्यालय | ४५ | २ | २३ |
| | ७ | बालकल्याण आधारभूत विद्यालय | ४० | २ | २० |
| ७ | १ | विन्देश्वरी माध्यामिक विद्यालय | ७६९ | २० | ३८ |
| | २ | किमतोला आधारभूत विद्यालय | १५७ | ८ | २० |
| | ३ | देउरा देवी आधारभूत विद्यालय | ८७ | ५ | १७ |
| | ४ | नन्दामाता आधारभूत विद्यालय | ६५ | ४ | १६ |
| | ५ | गुप्तादेवी  आधारभूत विद्यालय | २०२ | ५ | ४० |
| | ६ | सिमखेत आधारभु विद्यालय | ४५ | २ | २३ |
| | | कुल जम्मा ४६ | | | |

स्रोतः रामारोशन गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा २०८१

**वडा नं. १**ः यस वडामा जम्मा ५ ओटा विद्यालय छन् । जहा पिङ्गला माध्यमिक विलालयमा ४५३ विद्यार्थी १७ शिक्षक, बण्डाली आधारभूत विद्यालयमा १७३ विद्यार्थीमा ८ शिक्षक छन् भने कालिकादेवी विद्यालयमा ३१ विद्यार्थीमा ४ शिक्षक छन्। यस वडाको औसत विद्यार्थी-शिक्षक अनुपात १६:१ रहेको छ।

**वडा नं. २**ः नेपाल राष्ट्रिय आधारभूत विद्यालय (६१४ विद्यार्थी, ३२ शिक्षक) यस वडाको प्रमुख विद्यालय हो। यहाँ विद्यार्थी शिक्षक अनुपात १९:१ रहेको छ । बाल्ज्योति विद्यालयमा ३८ विद्यार्थीमा ४ शिक्षक (१०:१) छन्, जुन यस वडाको उत्कृष्ट उदाहरण हो।

**वडा नं. ३**ः सरिता माध्यमिक विद्यालय (४३५ विद्यार्थी, १५ शिक्षक) यहाँको सबैभन्दा ठूलो विद्यालय हो। मन्दाकिनी विद्यालयमा १२८ विद्यार्थीमा ५ शिक्षक (२६:१) छन् भने निलकमल विद्यालयमा ४३ विद्यार्थीमा ४ शिक्षक (११:१) छन्।

**वडा नं. ४**: सरस्वती माध्यमिक विद्यालय (६५५ विद्यार्थी, २० शिक्षक) यस वडाको प्रमुख शिक्षाकेन्द्र हो। नवदुर्गा विद्यालयमा १०८ विद्यार्थीमा ८ शिक्षक (१४:१) छन्, जुन सन्तुलित अनुपात हो। तर लक्ष्मि विद्यालयमा ५० विद्यार्थीमा ३ शिक्षक (१७:१) छन्।

**वडा नं. ५**: यशोदा माध्यमिक विद्यालय (४४२ विद्यार्थी, २० शिक्षक) र निलकण्ठ विद्यालय (६१६ विद्यार्थी, १७ शिक्षक) यस वडाका प्रमुख विद्यालय हुन्। जाल्पादेवी विद्यालयमा ५० विद्यार्थीमा मात्र २ शिक्षक (२५:१) छन्, जुन चिन्ताजनक अवस्था हो।

**वडा नं. ६**: पूर्णचन्द्र माध्यमिक विद्यालय (८३२ विद्यार्थी, २३ शिक्षक) यस वडाको ठूलो चुनौती हो। कालिका विद्यालयमा २७५ विद्यार्थीमा ६ शिक्षक (४६:१) छन् भने श्यामसुन्दर विद्यालयमा ४५ विद्यार्थीमा २ शिक्षक (२३:१) छन्।

**वडा नं. ७**: विन्देश्वरी माध्यमिक विद्यालय (७६९ विद्यार्थी, २० शिक्षक) यस वडाको प्रमुख विद्यालय हो। गुप्तादेवी विद्यालयमा २०२ विद्यार्थीमा ५ शिक्षक (४०:१) छन्, जुन शिक्षक अभावको चरम उदाहरण हो। किमतोला विद्यालयमा १५७ विद्यार्थीमा ८ शिक्षक (२०:१) छन्।

प्रत्येक वडामा शिक्षक तथा कक्षाकोठाको अभाव रहेको छ, विशेष गरी माध्यमिक विद्यालयहरूमा यो समस्या बढी छ। शिक्षकको पर्याप्त नियुक्ति र भौतिक पूर्वाधार विकास गर्न आवश्यक छ।

### १.७.३. विद्यालयहरुमा शौचालयहरुको विवरण

| क स | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शौचालय अवस्था | | |
|---|---|---|---|---|---|---|
| | | | | शिक्षक | छात्र | छात्रा |
| १ | मष्टामाण्डौ आ.वि. | रामारोशन १ ताली | ०-५ | छैन | छ | छ |
| २ | वण्डाली आ.वि. | रामारोशन १ ताली | ०-८ | छैन | छैन | छैन |
| ३ | पिङ्गला मा.वि. | रामारोशन १ मलातीकोट | ०-१० | छैन | छ | छ |
| ४ | कालिका आ.वि. | रामारोशन १ पडेश्रा | 0-3 | छैन | छ | छ |
| ५ | नन्दा देवी आ.वि. | रामारोशन १ मलाता | 0-5 | छैन | छ | छ |
| ६ | नेपाल राष्ट्रिय मा.वि. | रामारोशन २ चाफामाण्डौं | 0-12 | छैन | छ | छ |
| ७ | बालज्योति आ.वि. | रामारोशन २ चिलेत्रा | 0-2 | छैन | छ | छ |
| ८ | बालकल्याण आ.वि. | रामारोशन २ चाफामाण्डौं | 0-3 | छैन | छैन | छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | सरिता मा.वि. | रामारोशन ३ शान्तडा | 10 | छैन | छ | छ |
| १० | बालकल्याण आ.वि. | रामारोशन ३ शान्तडा | 0-3 | छैन | छ | छ |
| ११ | नीलकमल आ.वि. | रामारोशन ३ जाम्पाटा | 0-3 | छैन | छ | छ |
| १२ | गरुड आ.वि. | रामारोशन ३ डोग्रा | 0-5 | छैन | छ | छ |
| १३ | बह्मीस्थान आ.वि. | रामारोशन ३ पसेला | 0-2 | छैन | छ | छ |
| १४ | मन्दाकिनी आ.वि. | रामारोशन ३ कालापानी | 0-5 | छैन | छ | छ |
| १५ | सरस्वती मा.वि. | रामारोशन ४ | 0-10 | छैन | छ | छ |
| १६ | लक्ष्मी आ.वि. | रामारोशन ५ | 1-3 | छैन | छ | छ |
| १७ | नन्दकाली आ.वि. | रामारोशन ६ | 0-8 | छैन | छ | छ |
| १८ | पशुपति आ.वि. | रामारोशन ७ | 0-8 | छैन | छ | छ |
| १९ | नवदुर्गा आ.वि. | रामारोशन ४ छडेना | 0-8 | छैन | छ | छ |
| २० | जनजागृति आ.वि. | रामारोशन ४ जेठरी | 3 | छैन | छ | छ |
| २१ | शिशुकल्याण आ.वि. | रामारोशन ४ भैतासैन | 0-5 | छैन | छ | छ |
| २२ | कृष्ण आ.वि. | रामारोशन ४ भिरगाँउ | 0-5 | छैन | छ | छ |
| २३ | नवज्योति आ.वि. | रामारोशन ५ भितडा | 0-3 | छैन | छैन | छैन |
| २४ | जाल्पादेवी आ.वि. | रामारोशन ५ आडेखाँद | 4 | छैन | छ | छ |
| २५ | नन्दादेवी आ.वि. | रामारोशन ५ धनेसल्ला | 0-3 | छैन | छ | छ |
| २६ | कालिका देवी आ.वि. | रामारोशन ५ तल्लोपातल | 0-5 | छैन | छ | छ |
| २७ | रुपादेवी आ.वि. | रामारोशन ५ अल्लेडी | 0-8 | छैन | छ | छ |
| २८ | निलकण्ठ मा.वि. | रामारोशन ५ पातल | 0-10 | छैन | छ | छ |
| २९ | यशोदा मा.वि. | रामारोशन ५ नेटाकोट | 0-12 | छैन | छ | छ |
| ३० | नवदुर्गा आ.वि. | रामारोशन ५ तडिगैरा | 0-2 | छैन | छैन | छैन |
| ३१ | बडिमालिका आ.वि. | रामारोशन ५ सल्लीसैन | | छ | छ | छ |
| ३२ | कैलाशेश्वर आ.वि. | रामारोशन ५ सैनी | 0-4 | छैन | छ | छ |
| ३३ | पूर्णचन्द्र मा.वि. | रामारोशन ६ भटाकाटिय | 0-12 | छ | छ | छ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | पुदु आ.वि. | रामारोशन ६ पुदु | 0-8 | छैन | छ | छ |
| ३५ | कालिका आ.वि. | रामरोशन ६ परिवन | 0-8 | छ | छ | छ |
| ३६ | जनकल्याण आ.वि. | रामारोशन ६ राख्री | 5 | छैन | छैन | छैन |
| ३७ | कर्णेश्वरी आ.वि. | रामारोशन ६ भैरी | 0-5 | छ | छ | छ |
| ३८ | बालकल्याण आ.वि. | रामारोशन ६ पटाकानी | 0-2 | छैन | छ | छ |
| ३९ | श्याम शुन्दर आ.वि. | रामारोन ६ रोल्त्या | 0-3 | छ | छ | छ |
| ४० | विन्देश्वरी मा.वि. | रामारोशन ७ सुतार | 0-12 | छैन | छ | छ |
| ४१ | किम्तोला आ.वि. | रामारोशन ७ किम्तोला | 0-8 | छैन | छ | छ |
| ४२ | गुप्ता देवी आ.वि. | रामारोशन ७ सुतार | 0-5 | छैन | छ | छ |
| ४३ | नन्दामाता आ.वि. | रामारोशन ७ चाफागाउँ | 0-3 | छैन | छ | छ |
| ४४ | सिमखेत आ.वि. | रामारोशन ७ सिमखेत | 0-3 | छैन | छैन | छैन |
| ४५ | देउरादेवी आ.वि. | रामारोशन ७ मेलमाटिया | 0-3 | छैन | छ | छ |
| ४६ | सडेगडा आ.वि. | रामारोशन ५ सडेगडा | १ | छैन | छैन | छैन |

स्रोतः रामारोशन गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा २०८१

प्रस्तुत तालिका रामारोशन गाउँपालिका भित्र कक्षा १-१२ सम्म सञ्चालित सबै प्रकारका विद्यालयहरुको हो । सबै प्रकारका भन्नाले बालबिकास केन्द्र, सामुदायिक तथा निजी विद्यालयहरुलाई जनाउँदछ। यस पालिकाभित्र जम्मा ५९ ओटा बालबिकास केन्द्रमध्ये ४२ ओटा बालबिकास केन्द्र विद्यालयमा आधारित र १७ ओटा समुदायमा आधारित रहेका छन्। त्यस्तै ४७ विद्यालयहरुमा ४६ सामुदायिक र १ ओटा निजि बोर्डीङ स्कूल रहेका छन्। जसमा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि १२ सम्म र निजि बोर्डीङ स्कूलमा कक्षा १-५ सम्म अध्ययन अध्यापन गराइन्छ। सामुदायिक विद्यालयहरु मध्ये कक्षा १-३ सम्म १२ ओटा, कक्षा १-५ सम्म १९ ओटा, कक्षा १-८ सम्म ७ ओटा, कक्षा १-१० सम्म ३ ओटा र कक्षा १-१२ सम्म ५ ओटा विद्यालयहरुमा पठन पाठन गराइन्छ । त्यसैगरी यस गाउँपालिकामा सञ्चालित १ ओटा नीजी बोर्डीङ स्कूल मध्ये जनज्योति इङ्गलिस मिडियम बोर्डीङ्ग स्कूल कक्षा १-५ सम्म सञ्चचालनमा रहेको पाइन्छ। यस रामारोशन गाउँपालिकाका सामुदायिक विद्यालयकहरु मध्ये ३० ओटा विद्यालयकरुमा कुनै न कुनै तहको स्वीकृत सरकारी दरबन्दि रहेको छ भने १६ ओटा विद्यालयहरुमा स्विकृत सरकारी दरबन्दि विहिन रहेका छन्। तर यस्ता विद्यालयहरु मध्ये केही सङ्घिय, राहत, अनुदान, निजिस्रोत, दरबन्दि, केही सङ्घिय राहत अनुदान र गाउँपालिका अनुदान समेत रहेर सञ्चालनमा रहेको पाइन्छ। त्यसैगरी

पालिकाभित्र सञ्चालनमा रहेका समुदायमा आधारित बालबिकास केन्द्रहरु केहीमा सङ्घिय तथा गाउँपालिका अनुदान रहेको छ भने केहीमा विशुद्ध गाउँपालिका अनुदानमा रहेर सञ्चालनमा रहेको पाइन्छ।

### १.७.४. उच्च शिक्षा र विकासः (प्राविधिक र व्यवसायिक शिक्षा समेत)

रामारोशन गाउँपालिका अन्तर्गत उच्च शिक्षा नरहेको र प्राविधिक तर्फ श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय रामारोशन २ चाफामाण्डौमा सञ्चालन भइरहेको देखिन्छ।

### १.७.५. विभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र तिनको उपलब्धि प्रभाव

रामारोशन गाउँपालिका क्षेत्रअन्तर्गत तालिम क्षेत्र , सार्वजनिक पुस्तकालय , अनौपचारिक शिक्षा जस्ता संस्थाहरु नरहेको र शिक्षा क्षेत्रसँग सहकार्य सामुदायिक विकास केन्द्र (CDC) डोटीले गर्दै आइरहेको देखिन्छ ।

### १.७.६. विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ति

रामारोशन गाउँपालिकामा हाल चालु शैक्षिक सत्र २०८१ अनुसार विद्यार्थीहरूको सङ्ख्या विवरण हेर्दा प्रारम्भिक बालविकास केन्द्र (ECD) मा छात्र ४७७ र छात्रा ४७८ गरी जम्मा ९५५ जना बालबालिका अध्ययनरत छन्। त्यसैगरी, आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा छात्र २८७० र छात्रा २९८० गरी कुल ५८५० जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। माध्यामिक तह (कक्षा ९ देखि १२ सम्म) मा छात्र ८१४ र छात्रा ९६६ सहित जम्मा १७८० जना विद्यार्थीहरू अध्ययनरत रहेको तथ्याङ्कले देखाउँछ। यसरी यस गाउँपालिकाभित्र रहेका कुल छात्र संख्या ४३६१ र छात्रा संख्या ४१४६ रहेको छ, जसअनुसार यस वर्ष कुल ८५८५ जना विद्यार्थीहरूले शिक्षण संस्थामा भर्ना भएको देखिन्छ।

गाउँपालिकाभित्र सञ्चालित एक मात्र निजी बोर्डिङ विद्यालयमा पनि विद्यार्थीहरूको उल्लेख्य उपस्थिति देखिन्छ। सो विद्यालयमा ECED तहमा छात्र २३ र छात्रा १५ जना रहेका छन् भने कक्षा १ देखि ५ सम्मका तहमा क्रमशः छात्र ६१ र छात्रा २६ जना रहेका छन्। यो गरी निजि विद्यालयका १२५ जना विद्यार्थीहरू पनि उपर्युक्त समग्र संख्याभित्र समावेश गरिएका छन्।

हालको विद्यार्थी विवरण विश्लेषण गर्दा देखिन्छ कि विद्यालयहरूमा भर्ना भएका कतिपय विद्यार्थीहरूको उमेर, शिक्षा ऐन तथा नियमावलीअनुसार तोकिएको कक्षागत र तहगत उमेर समूहभन्दा बढी रहेको पाइएको छ। यस्तो अवस्था प्रारम्भिक तह अर्थात् ECD बाटै शुरू भएर माथिल्लो तहसम्म देखिएको हो, जसले समयमै शिक्षाको पहुँच र प्रभावकारिता सुनिश्चित गर्न अझ सचेत प्रयास आवश्यक रहेको संकेत गर्दछ।

यद्यपि, रामारोशन गाउँपालिकामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट तोकिएको शिक्षा सम्बन्धी ऐन, नियमावली तथा कार्यविधिको पालना गर्दै शिक्षाको नियमित सञ्चालन भइरहेको छ। विद्यार्थी विवरण व्यवस्थापन, भर्ना प्रक्रिया, र शैक्षिक सूचनाहरू व्यवस्थापन गर्नका लागि शिक्षा व्यवस्थापन सूचना प्रणाली

(EMIS) को प्रयोगमार्फत विद्यालयहरूलाई समुचित रूपमा अनुगमन तथा व्यवस्थापन गरिँदै आएको छ। यो प्रणालीमार्फत प्राप्त तथ्याङ्कहरूले नीतिनिर्माण, योजना निर्माण र शैक्षिक सुधारका प्रयासहरूमा सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

यस प्रकार, रामारोशन गाउँपालिकाको शैक्षिक संरचनाले समावेशी र तथ्याङ्क आधारित व्यवस्थापनप्रति जोड दिँदै शिक्षालाई सबैका लागि सहज र प्रभावकारी बनाउने दिशामा निरन्तर काम गरिरहेको देखिन्छ।

### क) तहगत दलित, जनजाति, विशेष जातजाति विद्यार्थी सङ्ख्या विवरण

शैक्षिक सत्र २०८१ को शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) को तथ्याङ्कअनुसार यस गाउँपालिकाका विद्यालयहरुमा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्या ८५८५ जना मध्ये दलित विद्यार्थीहरुको सङ्ख्या २७४८ र जनजाति विद्यार्थीहरुको सङ्ख्या १५४ रहेको छ।

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक | | | | | सामुदायिक विद्यालयका अनुदान कोटाका शिक्षकहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | सङ्घीय शि.सि.अनुदान | महिला प्रतिशत | पालिका/अन्य स्रोत | महिला | पुरुष | जम्मा | महिला % | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | विद्यार्थी शिक्षक |
| पूर्व प्रा.बि./बा.बि.के. | ० | ० | ० | ० | | ४२ | १०० | १७ | १७ | ० | १७ | १०० | ५९ | ९५५ | १६.१८ |
| आधारभूत(१-५) | ७२ | ४६ | ११८ | ४१ | ३५ | ० | ० | ४७ | ५ | ४२ | ४७ | १२ | १६५ | ३६७३ | २२.२६ |
| आधारभूत(६-८) | १५ | १३ | २८ | ५ | १७ | ५ | ० | २० | २ | १८ | २० | ११ | ५३ | २१७७ | ४१.०७ |
| माध्यमिक(९-१०) | ५ | १५ | २० | ० | ० | ११ | ९ | १३ | ० | १३ | १३ | ० | ४४ | १०८२ | २४.५९ |
| माध्यमिक(११-१२) | ० | २४ | २४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २४ | ६६८ | २७.८३ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ९२ | ९८ | १९० | ४६ | | ५८ | | ९७ | २४ | ७३ | ९७ | | ३४५ | ८५८५ | २४.८८ |

**ख) शिक्षक विद्यार्थी अनुपात**

**विद्यार्थी शिक्षक अनुपात, अन्य सूचकहरुको अवस्था र प्रवृत्ति विश्लेषण**

रामारोशन गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपातको विवरण हेर्दा बालविकास केन्द्र र आधारभुत तह १-५ को अवस्था सन्तोषजनक देखिन्छ भने माथिल्ला तहहरूमा शिक्षक विद्यार्थी अनुपात सन्तोषजनक देखिदैन। बाल विकास केन्द्र तथा पूर्वप्राथमिक तहमा शिक्षकविद्यार्थी अनुपात १६.१८ रहेको छ, जसको अर्थ एक जना शिक्षकलाई झन्डै १६ जना विद्यार्थी मात्र पर्छन्। यस्तै, कक्षा १ देखि ५ सम्मको आधारभूत तहमा अनुपात २२.२६ रहेको छ। यी अनुपातहरू नेपाल सरकारले निर्धारण गरेको औसत मापदण्ड (प्राथमिक तहमा १:३०) भन्दा कम भएकाले सन्तोषजनक मानिन्छ। यसप्रकारको अनुपातले शिक्षकहरूलाई विद्यार्थीहरूमा व्यक्तिगत ध्यान दिन सजिलो हुन्छ, जसले सिकाइ प्रक्रिया राम्रो बनाउन सहयोग पुऱ्याउँछ।

तर कक्षा ६ देखि ८ सम्मको आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात ४१.०७ पुगेको छ, जुन अत्यधिक हो। यसले शिक्षकको अभाव वा विद्यार्थी संख्या धेरै भएको संकेत गर्दछ। यति धेरै विद्यार्थीमा शिक्षकको ध्यान पुग्न सक्दैन, जसले पढाइको गुणस्तरमा असर पार्न सक्छ। त्यसैगरी माध्यमिक तहमा (कक्षा ९—१० मा २४.५९ र कक्षा ११—१२ मा २७.८३) अनुपात पनि शिक्षक विद्यार्थी अनुपात सन्तोषजनक नै देखिन्छ । समग्रमा हेर्दा रामारोशन गाउँपालिकाको औसत शिक्षक विद्यार्थी अनुपात २४.८८ रहेको छ, जुन राष्ट्रिय मापदण्डभन्दा कम भएकाले सन्तोषजनक मान्न सकिन्छ। यद्यपि, कक्षा ६—८ को अनुपात सुधार गर्न थप शिक्षकको व्यवस्था गर्न जरुरी छ, ताकि सम्पूर्ण तहमा शिक्षण प्रक्रिया समान रूपमा प्रभावकारी बनोस् र विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्न सकोस्।

## १.८ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र सङ्घीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे (वि.सं. २०७३-२०७८) समयावधि २०७८ साल असार मसान्तमा कायम गरिएको थियो । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्द्धनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी सङ्घीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरू कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा

लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासनप्रणालीबाट सङ्घीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भएपछि यसको कार्यान्वयन, संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने दर र उत्तीर्ण हुने दर पनि बढ्यो। औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालयबाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो । कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिएता पनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद व्यवस्थापन गुरूयोजना, बृहत समावेशी गुरूयोजना, सिकाइका लागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालन समेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नुपर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नुपर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नुपर्ने देखिएको छ । सङ्घीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महसुस भयो । तीन तहको सरकार बिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

## १.९. दिगो विकासका लक्ष्यहरु

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँगै १५ वर्षे सहस्राब्दी विकास लक्ष्यहरूको कार्यान्वयनपश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष्य नं. ४ लाई नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र

सेप्टेम्बरको संयुक्त राष्ट्रसङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पूरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्वभित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्नु हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष्य, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदि समेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य नं. ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आआफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई सङ्घीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिती तथा राष्ट्रिय विकास समस्या समाधान समिती जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य नं. ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलुकहरूले स्वयंसेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयंसेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयंसेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सबलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठ गर्नुपर्ने सुझाव प्रस्तुत गरेको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण

गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पूरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियान अन्तर्गत झण्डै एक तिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवाखाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको आँकलन समेत गरेको छ ।

## १.१०. पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्न अनुसार पहिचान गरिएको छः

**क. शैक्षिक समस्याहरु**

रामारोशन गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था, गाउँपालिकाले अनुभुति र भोगेका समस्याहरु निम्नअनुसार छनः

१. आधारभूत विद्यालय उमेर समुहका बालबालिकाहरु विद्यालय बाहिर रहनु,

२. विद्यालयमा भर्ना भएका सबै विद्यार्थीहरु अध्ययनमा नियमित नहुनु,

३. माध्यामिक शिक्षा पुर्णरुपमा नि;शुल्क हुन नसक्नु,

४. सङ्घिय सरकारबाट शिक्षमा प्रयाप्त लगानी नहुनु,

५. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व हुन नसक्नु,

६. सामुदायिक विद्यालयका शिक्षकहरुको पेसाप्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणाको कमी हुनु,

७. शिक्षण पेसा रोजाईको पेसा हुन नसक्नु,

८. सबै विद्यालयको भौतिक अअवस्था सन्तोषजनक छैन, विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारतिर ध्यान दिनु,

९. विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ, काम गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्डको व्यवस्था नहुनु,

१०. शिक्षकको कार्यसम्पादन, मुल्याङन लाई विद्यर्थीको सिकाइ उपलब्धि सँग जोडन नसक्नु र शिक्षकको सेवाको वृत्ती विकास पारदर्शीता नहुनु,

११. विज्ञान र गणित शिक्षकको कमी हुनु,

१२. विषयगत र तहगत शिक्षकको कमी हुनु,

१३. विद्यालमा पर्याप्त शैक्षिक सामाग्रीको कमी हुनु,

१४. विद्यालय व्यवस्थापन समिती विद्यालयप्रति पुर्ण जिम्मेवार नहुनु,

१५. स्थानीय पाठयक्रम निर्माण भएता पनि पाठयपुस्तक निर्माण नहुनु,

१६. विद्यार्थीको मुल्याङकनको साधनमा लिखित परिक्षालाई मात्र प्रथमिकतामा राखिनु,

१७. विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु,

१८. शिक्षण सिकाइमा आधुनिक सुचना प्रविधिको प्रयोगको कमी हुनु,

१९. विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दीको कमी हुनु तथा शिक्षकलाइ पुनःताजकी तालिमको व्यवस्था नहुनु,

२०. विद्यालयमा प्रर्याप्त खानेपानि, खेलमैदान, शौचालय, घेरापर्खाल, भौतिक संरचना, शैक्षिक सामाग्री, बालउद्यान गृहको कमी हुनु,

२१. अभिभावकको शिक्षा प्रतिको चेतना स्तर कमजोर हुनु,

२२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्षभन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु,

२३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता नहुनु,

२४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसकिनु,

२५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्न नसकिनु,

२६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक-सांस्कृतिक परिवेश, आर्थिक अवस्थालगायतमा आधारित भिन्नताहरू कामय रहनु,

२७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकिकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउन नसकिनु,

२८. विद्यालयप्रति सरोकारवालाहरुको चासो कम हुनु ।

## १.११. पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरुः

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उपलब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रूपमा कायम रहन सक्ने,
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि तयार गरेको संवैधानिक, कानुनी  तथा नीतिगत आधार कार्यान्वयन हुन सक्ने,
३. दिगो विकास लक्ष्य प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता हुन सक्ने,
४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति हुन सक्ने,
५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन हुन सक्ने,
६. सङ्घीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भइ तीनै तहबाट लगानीको व्यवस्था हुन सक्ने,
७. विद्यालय तहको शिक्षा सुधारका लागि विद्यमान संरचनामा सुधार तथा परिमार्जन गरी यसको उपयोग गर्न सकिने,
८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को विकास भई पूर्ण कार्यान्वयन हुन सक्ने,
९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिअनुसार नतिजा सुधारका लागि सहयोग हुन सक्ने,
१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहन सक्ने,
११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षण बढ्न सहयोग पुग्न सक्ने,
१२. **हाम्रो रामारोशन** नामक स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन भइसकेकोले सो बिषयको कक्षा १-८ को पाठ्यपुस्तक निर्माण भइ पठनपाठनमा सहजता हुन सक्ने,
१३. विषयगत दरबन्दी मिलान र आवश्यकताअनुसार थप कोटा वितरण हुन सक्ने,
१४. दलित विद्यार्थीको लागि ११ र १२ कक्षामा निःशुल्क शिक्षाको व्यवस्था भएकाले माध्यमिक तहमा दलित विद्यार्थीको पहुँचमा वृद्धि हुन सक्ने,
१५. विद्यालयले अभिभावक शिक्षा, अभिभावक अन्तरक्रिया, घरदैलो भेटघाटजस्ता कार्यक्रमहरु सञ्चालन गरेमा अभिभावकहरुमा शिक्षाप्रतिको आकर्षण बढ्न सक्ने,

१६. आन्तरिक तथा बाह्य बसाइँसराइमा कमी ल्याई निजी विद्यालयप्रतिको मोह त्यागी सबैले आआफ्नो बालबालिकालाई सरकारी विद्यालयमा पढाएमा विद्यार्थी सङ्ख्या बढ्न जाने र विद्यालयका सरोकारवालाहरुको अपनत्व बढ्न सक्ने,

१७. विद्यार्थी सङ्ख्याको आधारमा समान रुपले शिक्षक दरबन्दी वितरण गरी शिक्षक विद्यार्थी अनुपातमा एकरुपता ल्याई सिकाइलाई प्रभावकारी बनाउन सकिने ।

# परिच्छेद-२ (दुई)

# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## परिचय

कुनै पनि योजना तथा परियोजना सञ्चालनका लागि योजनाको कल्पना गर्नु, योजना बनाउनु अत्यन्त आवश्यक हुन्छ। योजनाको कल्पना र योजना बनाएर मात्र पुग्दैन त्यसको लागि उद्देश्य, रणनीति, कार्यक्रम र यसको उपलब्धिसमेतको आँकलन गरिन्छ। विना कल्पना, योजना, लक्ष्य, रणनीति तय गरिएको परियोजना प्राण विनाको प्राणी जस्तो हुन्छ। रामारोशन गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजनाले तय गरेका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य को विस्तृत जानकारीको विवरण निम्नानुसार रहेका छन्।

## २.१. दीर्घकालीन सोच (Vision)

**"गुणस्तरीय तथा जीवनोपयोगी शिक्षा, रामारोशन गाउँपालिकाको इच्छा"** भन्ने मुल नारा पूरा गर्न विद्यालयबाहिर रहेका वा पहुँचमा नभएका सबै बालबालिकाहरुलाई सिकाइको केन्द्रबिन्दुमा ल्याई गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारी एवम् शैक्षिक तथा भौतिक पूर्वाधारको व्यवस्थापन गरी विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दरलाई न्यूनीकरण गर्दै सिकाई उपलब्धि वृद्धि गर्ने यस योजनाको दीर्घकालीन सोच रहेको छ ।

## २.२ ध्येय (Mission)

विकट र विपन्न रामारोशन गाउँपालिकाको विद्यालय तहको शिक्षालाई २१ औं शताब्दीको वैज्ञानिक युगमा समायोजन हुन सक्ने सरल, सहज पहुँचयोग्य र गुणस्तरीय बनाउने ।

## २.३. उद्देश्यहरू (Oobjectives)

१. रामारोशन गाउँपालिकाका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा माध्यमिवक शिक्षा सम्मको अवसर सुनिश्चित गर्नु,

२. यस पालिका अन्तर्गतका सबै बालबालिकाहरुका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु,

३. रामारोशन गाउँपालिकामा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु,

५. संघीय संरचनाबमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु,

६. रामारोशन गाउँपालिकाको स्थानीय भाषा संस्कृति एवं कृषि पर्यटनमा टेवा पुग्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा प्रयोग गर्नु,

७. रामारोशन गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा विषयगत रुपमा शिक्षक दरबन्दीको व्यवस्थापनसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारीरुपमा कार्यान्वयन गर्नु,

८. बालविकास देखि माध्यामिक तहका शिक्षकहरुको क्षमता विकासका लागि नवीनतम शिक्षण प्रविधिमा आधारित विषयगत तालिमको सञ्चालन तथा व्यवस्थापन गर्नु,

९. जीवनोपयोगि सिपलाई आन्तरिक मूल्याङ्कनमा जोड्ने गरी विद्यार्थी मूल्याङ्कनमा जोड दिनु ।

## २.४ रणनीतिहरू ( Strategies)

विद्यालय सेवा क्षेत्रभित्रका बालबालिकालाई विद्यालयमा पहुँच पुऱ्याई नियमित उपस्थित गराएर सिकाइ उपलब्धि दर वृद्धि गर्न तथा आवश्यक भौतिक पूर्वाधारको दिगो व्यवस्थापनद्वारा सिकाइ वातावरण सिर्जना गरी गाउँपालिकाले विद्यार्थीको अनुपातमा र बिषयको आधारमा दरबन्दी थप गरेर सरोकारवालाहरुमा अपनत्व बढाई निम्न रणनीतिहरु तय गरेको छः

१. संघीय सरकारले तोकेबमोजिमको मापदण्ड, नियम र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन रामारोशन गाउँपालिकाबाट हुनेछ जसको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारसँग रामारोशन गाउँपालिकाको समन्वय तथा सहजीकरण रहनेछ ।

२. संघीय कानुन र मापदण्डबमोजिम नक्साङ्कनका आधारमा रामारोशन गाउँपालिकाले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा रामारोशन गाउँपालिका सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन्।

४. प्राविधिक शिक्षामा सबैको पहुँचको सुनिश्चिततासँगै माध्यमिक शिक्षा कक्षा १२ सम्म अध्ययनका लागि सबैमा सहज पहुँच सुनिश्चित गर्न सङ्घ, प्रदेश र रामारोशन गाउँपालिका सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिनेछ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवाखाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संङ्घ-संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई निरन्तरता दिनुका साथै दिवाखाजा कार्यक्रममा रामारोशन गाउँपालिका सरकारको तर्फबाट थप बजेटको व्यवस्थापन गरिनेछ ।

७. साक्षरता, निरन्तरशिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिनुका साथै रामारोशन गाउँपालिका अन्तर्गतका विद्यालय तथा विद्यालय बाहिर रहेका बालवलिकाहरुसँग सिकाई केन्द्रको कार्यक्रम जोडिनेछ ।

८. अनौपचारिक शिक्षाको पुनःपरिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबीचको अन्तर्सम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिनेछ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्दति विकास गरिनेछ ।

११. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र रामारोशन गाउँपालिका सरकारबिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गरिनेछ ।

१२. विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुलाई विद्यालय शिक्षा प्रति जिम्मेवार बनाईनेछ।

१३. रामारोशन गाउँपालिकाका विद्यालयहरुलाई सुविधा सम्पन्न भौतिक संरचना सहित आधुनिकीकरण गरिनेछ।

१४. विद्यायार्थि सङ्ख्या शिक्षक दरबन्दि भौगोलिक विकटता एवं भौतिक संरचनाका आधारमा गरिने विद्यालय नक्साङ्कन सँगै विद्यालय समायोजन तथा दरबन्दी मिलान एवं वितरण गरिनेछ ।

## २.५ अपेक्षित मुख्य उपलब्धि

१. रामारोशन गाउँपालिकाको सेवाक्षेत्रमा विद्यालयबाहिर रहेका विद्यालय जाने उमेर समूहका बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन् ।

२. गाउँपालिकामा बसोवास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षाको अवसर भएको हुने छ ।

३. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

४. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

५. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भइ बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार भएको हुनेछ ।

६. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भइ साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।

७. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भइ अपेक्षित उपलब्धि हासिल हुनेछ।

## २.६. अपेक्षित मुख्य कार्यसम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाको अपेक्षित मुख्य कार्यसम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुनेछः

| **क्र.सं.** | **सूचक** | **सूचकहरुको तहको** | **आधार वर्ष २०८१** | **२०८३** | **२०८५** | **२०८७** | **सूचकको स्रोत** |
|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | स्थानीय | १०७.२ | १०५.० | १०२.० | १००.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८६.२** | **८९.५** | **९४.०** | **९९.०** | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ८७.२ | ८८.० | ८९.० | ९५.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.३ | ९६.५ | ९८.९० | १०० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९६.९** | **९७.५** | **९९.०** | **१००** | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२८.० | ११६.० | १०५.० | १०३.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९७.२ | ९८.० | ९८.५ | १०० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.०** | **९९.५** | **१००** | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | स्थानीय | **१०९.०** | **१०५.०** | **१०४.०** | **१०३.०** | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | **११०.०** | **१०५.०** | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर (%) | स्थानीय | ९७.८ | ९८.० | ९८.२ | ९९.५ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर (%) | स्थानीय | **१०९.०** | **१०५.०** | **१०४.०** | **१०२.०** | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **११३** | **११०** | **१०७** | **१०५.०** | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | **७५.०** | **७७.०** | **८१.२** | **८५.५** | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९३.०** | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | स्थानीय | ५४.५ | ६६.५ | ७१.१ | ८८.५ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका (%) | स्थानीय | १९.० | २०.० | १४.५ | ९.०० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.३३ | १.२० | १.०० | १.०० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ९३.८ | ९५.० | ९८.० | १०० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०५.१ | १०२.० | १०२.० | १०१.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ६४.० | ६९.० | ७२.० | ८५.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भइ कक्षा ८ पूरा गर्ने दर (%) | स्थानीय | ८१.५ | | | ९६ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.१५ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | **१.०२** | **१.१** | **१.०** | **१.०** | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५८ | ६५.३ | ७०.५० | ७५.५ | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ४८.५ | ५८ | ६८ | ७८ | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५२.० | ५५.० | ६५.० | ६९.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | ४५.० | ५२.० | ५५.० | ६५.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | |
| | | अङ्ग्रेजी | स्थानीय | ५२.० | ६२.० | ६८.० | ७५.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि | नेपाली भाषा | स्थानीय | ५०.० | ५८.५ | ६५.५ | ७०.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | गणित | स्थानीय | ४९.० | ६०.० | ६८.० | ७२.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | |
| | | विज्ञान | स्थानीय | ४८.० | ५१.० | ५८.० | ६७.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | |
| २.१९ | विद्यालयबाहिर रहेका बालबालिका (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २.७ | २.० | १.० | ०.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ५.१७ | ३.५ | २.० | ० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | | स्थानीय | ३१.० | ४२.० | ४५.० | ४९.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | | स्थानीय | ४८.० | ५३.० | ५८.० | ६३.० | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | | स्थानीय | **८५.०** | **८८.०** | **९१.५** | **९६.५** | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | | ७० | | | ९५ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | |
| ३.४ | आधारभूत तह वाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९६ | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ७३.२२ | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | २९.० | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | ३.० | ८.० | १३.० | १८.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या (%) | स्थानीय | विज्ञान | | | | | रामारोशन गाउँपालिका |
| | | | प्रा.व्या. | ६.२८ | ९.० | १२.० | १५.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा.व्या. | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ५१ | ५५ | ६० | ६५ | रामारोशन गाउँपालिका |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ५३ | ५५ | ५७ | ६० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | ६४ | ६६ | ६८ | ७० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५५ | ५७ | ६० | ६५ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ४. | जिवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६०. | ६५. | ८०. | ९५. | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ८०. | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ०.८२ | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | |
| ४.४ | | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | २० | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | २.० | ५.० | ७.० | १५.० | रामारोशन गाउँपालिका |
| | | | छात्र | ३.० | ६.० | ९.० | १७.० | रामारोशन गाउँपालिका |
| | | प्रदेश | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३१.० | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ६५.१ | ५५.१ | ५०.१ | ४५.१ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३६:१ | ३४:१ | ३२:१ | ३०:१ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.४ | माध्यमिक तह(कक्षा९-१०) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४०:१ | ३८:१ | ३६:१ | ३३:१ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४०:१ | ३०:१ | ३०:१ | ३०:१ | |
| ६.५ | माध्यमिक तह(कक्षा९-१२) मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | |
| ७. | शिक्षामा लगानी | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४० | | | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १८ | २१ | २४ | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १० | १५ | १७ | | रामारोशन गाउँपालिका |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | |

उपर्युक्त तालिकानुसार नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख गरिएको छ। विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्नादरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछ । सन् २०२० को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.२ र ६८.६ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.२ र ९७.१ रहेको छ। त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.४ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औषत कक्षा दोहोऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये

करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभइ अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन् । यो हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसैगरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसैगरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भइ प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकताअनुसारको प्रबन्धसहितको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गतामैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसैगरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ।

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापन गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ। यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ।

यसैगरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिबद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवनपर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबीच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखापरेको अन्तर घटाउनेजस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

उल्लिखित तालिका अनुसार रामारोशन गाउँपालिकाको शैक्षिक तथ्याङ्कमा प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर १०७.२ प्रतिशत, आधारभूत तह कक्षा १-५ कुल भर्ना दर ९७.२ र १-८ को कूल ९३.८ र खुद भर्ना दर ९७.२ क्रमशः १०७.२, ९३.८ ,९७.२, ९३.०२ प्रतिशत रहेको छ भने माध्यमिक तह ९-१२ कूल तथा खुद भर्ना दर क्रमशः ८५.० र ९६.५ रहेको पाइन्छ। कक्षा १ मा भर्ना भइ कक्षा ८ सम्म पुग्ने दर ७३.२२ रहेको छ भने यो दर कक्षा १० र १२ गएर क्रमशः ७०.५ र २९.० रहेको

छ। यस गाउँपालिकामा आधारभूत तह कक्षा १-५ तथा १-८ मा विद्यार्थी टिकाउ दर क्रमशः ७५.० र ६४.० रहेको छ। सम्बन्धित तह र कक्षामा तोकिएको उमेर भन्दा बढी उमेर समूका बालबालिकाहरुको भर्ना भएको देखिन्छ। यसको प्रतिशत कक्षा १-५ मा १९.० रहेको देखाइएको छ भने यो प्रवृत्ति माथिल्ला कक्षाहरुमा समेत रहेको पाइन्छ। विद्यालयमा विद्यार्थीहरु अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरुमा विद्यार्थीहरुको उतिर्ण प्रतिशत न्यून रहेको र अन्य विषयहरुमा उतिर्ण प्रतिशत सन्तोषजनक भएपनि विद्यार्थीको क्षमतामा तमाम शंका गर्ने अवस्था भेटिन्छ। बिगत केही बर्ष देखि यस गाउँपालिकाका मानिसहरुमा सहरमुखी मोह र बोर्डीङ्ग स्कूल प्रतिको आकर्षण जागेकोले उनीहरु आफू सहर पस्ने र विदेश गएर भएपनि आफ्नो सन्तान विशेष गरी छोरालाई सहरबजारका नामी बोर्डीङ्ग स्कूलमा पढाएकोमा गर्व गर्नेको संख्या पनि उल्लेख्य रहेको पाइन्छ। जसका कारण यस गाउँपालिकामा रहेका खेतियोग्य जमिन बाँझो र कुनै बेला विद्यार्थीहरुले भरिभराउ हुने विद्यालय बन्द तथा नजिकको अर्को विद्यालयमा गाभ्नुपर्ने (मर्ज) गर्नपर्ने अबस्थामा पुगेका छन। सरकार तथा अभिभावकहरुको विद्यालय प्रतिको चासो कमी भएर शिक्षक तथा कर्मचारीहरुको लापर्बाही हुनु पनि यसको एक कारण हुनसक्छ। यसो हुन नदिन सरकार, समुदाय र शिक्षक कर्मचारीहरुमा सुमधुर सम्बन्ध र तालमेल हुन जरुरी देखिन्छ ।

# परिच्छेद - ३

# विद्यालय शिक्षाका मुख्य उप-क्षेत्रहरू

## परिचय

रामारोशन गाउँपालिकामा प्रारम्भिक बालविकास (ECED) कार्यक्रम अन्तर्गत हालसम्म कुल ५९ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। तीमध्ये ४२ ओटा केन्द्रहरू संघीय सरकारको प्रत्यक्ष पहल तथा व्यवस्थापनमा सञ्चालित छन् भने बाँकी १७ ओटा केन्द्रहरू स्थानीय तहको अनुदान तथा सहयोगबाट सञ्चालनमा आएका छन्। यी बालविकास केन्द्रहरूको उद्देश्य बालबालिकाको प्रारम्भिक सिकाइ, सामाजिक र मानसिक विकासको आधार तयार गर्नु हो, तर गुणस्तरीय प्रारम्भिक बालविकास सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार, वातावरण र जनशक्तिको अझै गम्भीर अभाव छ।

हाल सञ्चालनमा रहेका केन्द्रहरू सञ्चालन भईरहे पनि तीमध्ये कुनै पनि बालविकास केन्द्र पूर्ण रूपमा सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री मापदण्ड अनुसार विकसित हुन सकेका छैनन्। न्यूनतम पूर्वाधार जस्तै पिउने पानी, सरसफाइ, बालमैत्री कक्षाकोठा, शैक्षिक सामग्री, बालबालिकाको खेलकुद तथा सिर्जनात्मक क्रियाकलापका लागि आवश्यक आधारभूत पक्षहरू अझै अपूरा छन्। यसले बालबालिकाको समग्र विकासमा अवरोध सिर्जना गरिरहेको छ।

शैक्षिक सत्र २०८१/८२ अनुसार ती बालविकास केन्द्रहरूमा हाल ५७८ जना छात्रा र ४७७ जना छात्र गरी कुल ९५५ जना बालबालिका भर्ना भई नियमित रूपमा अध्ययनरत छन्। यिनको प्रारम्भिक सिकाइमा संलग्न शिक्षकहरूको योग्यता नेपाल सरकारद्वारा तोकिएको न्यूनतम मापदण्ड अनुरूप भए तापनि तिनीहरूको पेशागत क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, कार्यशाला तथा अनुगमन प्रणाली अत्यन्त कमजोर अवस्थामा रहेको छ। बालविकास केन्द्रहरूमा कार्यरत सबै शिक्षक महिला छन्, जुन प्रारम्भिक शिक्षाको संवेदनशील पक्षमा सकारात्मक देखिए तापनि शिक्षकलाई सहयोग गर्ने सहायक कर्मचारीहरूको अभावले गर्दा बालबालिकाको दैनिक हेरचाह तथा व्यवस्थापन कार्यमा कठिनाइ आइरहेको छ।

बालविकास शिक्षाको गुणस्तर र प्रभावकारिता बढाउनका लागि आवश्यकताअनुसार स्रोत र साधनको व्यवस्थापन अत्यन्त महत्त्वपूर्ण हुन्छ। यद्यपि, हालसम्म संघीय सरकार र स्थानीय तहबाट प्राप्त सीमित अनुदान र स्रोतसाधनले मात्र बालविकास केन्द्रहरूको सञ्चालन भइरहेको छ। सीमित बजेटको कारण आवश्यक पूर्वाधार निर्माण, गुणस्तरीय सिकाइ सामग्रीको व्यवस्थापन तथा आधुनिक बालमैत्री शिक्षण विधिको समावेश गर्न सकिएको छैन।

यसैले, प्रारम्भिक बालविकास र शिक्षाको सुधारका लागि दीर्घकालीन रणनीति, पर्याप्त लगानी, योग्य तथा प्रशिक्षित जनशक्तिको विकास र पूर्वाधार सुधारमा विशेष ध्यान केन्द्रित गर्नु आजको आवश्यकता बनेको

छ। बालबालिकाको प्रारम्भिक वर्षहरू जीवनको आधारशिला भएको हुँदा यस क्षेत्रमा गरिने लगानी नै दीर्घकालीन समृद्धि र मानव संसाधन विकासको सबल आधार बन्न सक्नेछ।

**प्रमुख समस्या र चुनौतीहरू**

क) भौगोलिक विकटता

ख) शैक्षिक गुणस्तरको कमी

ग) शैक्षिकसिकाईका सामाग्रीहरुको अभाव

घ) आवश्यक भौतिक पुर्वाधार संरचनाहरुको कमी

ङ) बालमैत्री,अपाङ्गमैत्री,वातावरणमैत्री संरचनाहरुको अभाव

च) क्षमता अभिवृद्धि तालिमहरु संचालन गर्न नसकिएको

छ) अनुगमन एवं निरीक्षणको कमी

ज) जनस्तरमा चेतनाको कमी

झ) आर्थिक एवं वित्तीय व्यवस्थापनको कमी

ञ) प्रविधियुक्त बालमैत्री कक्षाकोठा एवं शिक्षण सिकाईको अभाव

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय नीति २०७६ मा ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने १ वर्षे शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा उल्लेख छ । नेपालको १६औं योजनामा पनि बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिएकाले रामारोशन गाउँ शिक्षा योजनामा पनि विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक जस्ता विकासमा सहयोग गर्नका लागि यस कार्यक्रमलाई समावेश गरिएको हो । यस कार्यक्रमलाई सबै बालबालिकाहरुको पहुँचमा पुर्‍याउनका लागि सरकारी तथा गैर सरकारी संघ संस्था, स्थानीय सरकार, समुदाय, विद्यालय तथा आम सरोकारवालाहरुको सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीति, कार्यक्रम, कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निम्नानुसार उल्लेख गरिएको छः

### ३.१.१. वर्तमान अवस्था

रामारोशन गाउँपालिकाभरि हाल ३८ ओटा आधारभूत विद्यालयहरु सञ्चालनमा रहेका छन्। विद्यालयहरुको भौतिक संरचनाहरु सन्तोषजनक भए पनि बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री संरचनाहरु बन्न सकेका छैनन्। विद्यालयमा शिक्षकहरुको अभाव नभए पनि क्षमता अभिवृद्धि लगायतका तालिमहरु सञ्चालनमा ल्याउन सकिएको छैन। विद्यालयमा विधार्थी भर्ना दर, उपस्थिति दर न्यून छ। विद्यालयहरु पर्याप्त मात्रामा भए पनि

शिक्षाको गुणस्तर नाजुक अवस्थामा छ। यसै सन्दर्भमा  रामारोशन गाउँपालिकाको आधारभूत शिक्षाको विश्लेषण निम्न आधारमा गरिएको छः

**विद्यार्थी भर्ना तथा विद्यालय पहुँच**

- कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभवसहित आउने विद्यार्थीको अनुपात ७०%।
- आधारभूत शिक्षामा सबै समुदायका बालबालिकाको पहुँच सुनिश्चित नभएको।
- विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या १५%।

**विद्यार्थी सिकाइ उपलब्धी तथा विद्यालय छोड्ने दर**

- कक्षा दोहोऱ्याउने दर १०%।
- विद्यालय छोड्ने दर ८%।
- विद्यार्थी सिकाइ उपलब्धि औसत ५५%।

**विद्यालय पूर्वाधार तथा सिकाइ वातावरण**

- ५% विद्यालयमा मात्र सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री पूर्वाधार।
- विद्यालय-विद्यार्थी अनुपात १:५० (सुधार आवश्यक)।

## ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय बालविकासको शिक्षाको अवसर सुनिश्चित गर्न निम्नलिखित विशिष्ट उद्देश्यहरु किटान गरिएको छः

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुनेगरी शैक्षिक गुणस्तर निश्चित गर्ने,
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउने,
५. १० वर्षभित्र आधारभूत शिक्षामा १००% विद्यार्थी भर्ना सुनिश्चित गर्ने,
६. विद्यालय छोड्ने दर ३% भन्दा कम बनाउने,
७. विद्यार्थी सिकाइ उपलब्धि औसत ८०% पुऱ्याउने,
८. सबै विद्यालयलाई न्यूनतम पूर्वाधारयुक्त बालमैत्री विद्यालय बनाउने,
९. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षण सुनिश्चित गर्ने।

### ३.१.३ रणनीति

प्रारम्भिक बाल विकासको शिक्षाको अवसर सुनिश्चित गर्न निर्दिष्ट गरिएका उद्देश्यहरु प्राप्त गर्न निम्नलिखित रणनीतिहरु अबलम्वन गरिने छः

१. संघीय सरकारद्वारा अवलम्बन गरिएका मापदण्ड र ढाँचाअनुसार अनुदानका आधारमा बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२. प्रदेश सरकार संगको समन्वय तथा सहजीकरण माध्यमबाट स्थानीयतहका सरकारलाई सहयोग गरिनेछ ।

३. बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण, भौगोलिक जटिलता र नयाँ बालविकास केन्द्रको स्थापना गरिने छ ।

४. भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमुनाका रुपमा विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।

५. गुणस्तर सुनिश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन गर्न पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

६. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय. सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार गराइनेछ ।

७. सूचना तथा प्रविधियुक्त, बालमैत्री, कक्षाकोठाको व्यवस्थापन गरिनेछ ।

८. प्रारम्भिक बालशिक्षामा महिलालाई सहजकर्ताका लागि प्राथमिकता दिइनेछ ।

९. पालिकामा सञ्चालित विद्यालयहरुमध्ये प्रारम्भिक बालविकास नभएका विद्यालयहरुमा प्रारम्भिक बालविकास दरबन्दीको व्यवस्था गरिनेछ ।

### ३.१.४. प्रमुख उपलब्धि तथा नतिजाः

**(क) उपलब्धि**

१ सबै बालबालिकाहरुलाई गुणस्तरीय बालविकास तथा शिक्षाको सुनिश्चित हुने ।

**(ख) प्रमुख नतिजा**

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको शिक्षा कार्यक्रममा सहज पहुँभएको हुनेछ।

२. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त भएको हुनेछ।

३. मण्टेश्वरी तालिमप्राप्त शिक्षक र बालबालिकाको हेरचाहका लागि सहायक कर्मचारीसहितको बालविकास केन्द्र रहनेछ ।

४. समय अनुसारको पाठ्यक्रम परिमार्जन गरी उनीहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय शिक्षाको सेवा सुनिश्चित भएको हुनेछ ।

५. बालबालिकाको आवश्यकता अनुसार समुदायमा घुम्ती बालविकास केन्द्रको नमुनाहरु विकास भएका हुनेछन्।

६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, समुदाय, सङ्घसंस्था र विद्यालय जिम्मेवार भएका हुनेछन्।

**योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरीएको छः**

| क.स. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८५/८६ | २०८९/९० |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सङ्ख्या | ९५५ | ११९४ | १४९३ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बाल बिकास र शिक्षा केन्द्र | ५९ | ६४ | ६९ |

उपर्युक्त योजनाको प्रभावकारी कार्यान्वयनबाट रामारोशन गाउँपालिकामा प्रारम्भिक बालविकास (ECED) केन्द्रहरूको संख्या र ती केन्द्रहरूमा भर्ना हुने बालबालिकाको संख्या क्रमशः बढ्ने अनुमान गरिएको छ। आधार वर्ष २०८०/८१ मा गाउँपालिकाभित्र सञ्चालित ५९ ओटा बालविकास केन्द्रहरूमा कुल ९५५ जना बालबालिका (छात्र ४७७ र छात्रा ५७८) अध्ययनरत थिए। प्रारम्भिक बालविकासका बालबालिकाको सर्वाङ्गीण विकासकालागि विभिन्न संघीय र स्थानीय पहल, नीति, कार्यक्रम र सचेतना अभियानमार्फत आगामी वर्षहरूमा बालविकास केन्द्रहरूमा अध्ययन गर्ने बालबालिकाको संख्या क्रमशः बढ्दै जाने प्रक्षेपण गरिएको छ। यो अनुमान अनुसार २०८५ सम्म उक्त संख्या बढेर करिब ११९४ जना पुग्नेछ भने २०९० सम्ममा झण्डै १४९३ जना बालबालिकाले प्रारम्भिक शिक्षा प्राप्त गर्ने अपेक्षा गरिएको छ। सोही क्रममा विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरूको संख्या पनि क्रमशः विस्तार हुनेछ, जसअनुसार हालको ५९ ओटा केन्द्रहरू २०८५ सम्ममा ६४ र २०९० सम्ममा ६९ ओटामा वृद्धि हुने अनुमान गरिएको छ। यसले गाउँपालिकाको शिक्षा पूर्वाधार विस्तार, बालमैत्री सिकाइ वातावरणको प्रवर्द्धन, र प्रारम्भिक बाल शिक्षामा समुदायको सहभागिता विस्तार हुँदै गएको संकेत गर्दछ। तथापि, माथि उल्लिखित विद्यार्थी संख्या तथा केन्द्रहरूको वृद्धि अनुमानित मात्र हुन् र ती विविध स्थानीय वास्तविकताबाट प्रभावित हुन सक्छन्। विशेष गरी रामारोशन गाउँपालिकाको भौगोलिक विकटता, विद्यालय पहुँचमा रहेका चुनौती, जनसंख्याको वार्षिक वृद्धिदर, अभिभावकको जागरूकता, बजेटको उपलब्धता, तथा विद्यालय व्यवस्थापन समितिको सक्रियता जस्ता विविध

पक्षहरूले सो अनुमानमा घटबढ गराउन सक्ने सम्भावना रहन्छ। त्यसैले, दीर्घकालीन दृष्टिकोणसहित यथार्थमा आधारित योजनाहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा आवश्यक लचिलोपन कायम गर्दै शिक्षा क्षेत्रमा गरिने लगानीलाई निरन्तरता दिनु आवश्यक छ, जसबाट अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिन्छ।

## ३.१.५. प्रमुख क्रियाकलाप र लक्ष्य

**प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः**

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | १० वर्षे भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन अनुमति तथा पुनर्वितरण | केन्द्र | - | १ | १ | १ | २ | ५ | ५ |
| २ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ | ३५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनत्तम मापदण्ड प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | दुर्गम लक्षित वर्गका बालबालिकालाई वैकल्पिक बालविकास केन्द्र सञ्चालन | संख्या | | | | | | | आवश्यकतानुसार |
| ५ | बालविकास केन्द्रको पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | बालविकास केन्द्रका लागि अपाङ्गमैत्रीशौचालयसहितको कक्षाकोठाको व्यवस्था | संख्या | | | | | | | आवश्यकतानुसार |
| ७ | बालउद्यान र खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था | संख्या | | | | | | | आवश्यकतानुसार |
| ८ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | बालविकास केन्द्र सहजकर्तालाई मण्टेश्वरी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | स्वास्थ्य परीक्षण, खोप वृद्धि अनुगमन र कुपोषित बालबालिकाहरुलाई आवश्यक प्रबन्ध | पटक | २ | २ | २ | २ | २ | १० | १० |
| ११ | शैक्षिक सूचना प्रणालीमा पाठ्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १२ | अनुगमन सुपरीवेक्षण सहयोग र सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १३ | सहयोगीको व्यवस्था | संख्या | २ | २ | २ | २ | २ | १० | ८ |

रामारोशन गाउँपालिकाको शिक्षा योजनानुसार प्रारम्भिक बालबिकास केन्द्रको हकमा गरिने आगामी १० वर्षभित्र गरिने प्रमुख क्रियाकलाप र लक्ष्यहरुमा विक्रम संवत् २०८५ सम्ममा ५ ओटा बालबिकास केन्द्र वितरण गरिने र २०९० सम्म ५ ओटा बालबिकास केन्द्र थप्ने लक्ष्य लिनुका साथै बालबिकास शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि यसै शैक्षिक सत्रबाट कम्तीमा बार्षिक ५ जनाका दरले सबैलाई क्षमता बिकास तालिम प्रदान गरिने, प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण, पाठ्यक्रम प्रबोधीकरण, शैक्षिक सूचना प्रणालीमा पाठ्यक्रम कार्यान्वयन, बालबिकास सहजकर्तालाई मन्टेश्वरी तालिम कम्तीमा बार्षिक रुपमा एकपटक अनिवार्य गरिने लक्ष्य राखिएकोछ। त्यसै गरी दुर्गम तथा लक्षित वर्गका बालबालिकाका लागि बालबिकास केन्द्र सञ्चालन, बालमैत्री तथा अपाङ्गमैत्री शौचालय, बालउद्यान, खेलकुद तथा शैक्षिक साग्रीको व्यवस्था आवश्कतानुसार गर्दै लैजाने, अर्धबार्षिक रुपमा अनिवार्य बालबालिकाहरुको स्वास्थ्य परीक्षण गरि कुपोषित बालबालिकाहरुको आवश्यक प्रबन्ध र बालबिकास केन्द्रले बार्षिक रुपमा एक पटक अनिवार्य अभिभावक शिक्षा गर्नुपर्ने लक्ष्य राखिएको छ। रामारोशन गाउँपालिकाले समुदायमा आधारित सबै बालबिकास केन्द्रहरुमा कार्यालय सहयोगी व्यवस्था गर्ने लक्ष्य पनि राखेको छ।

यसका अतिरिक्त विद्यालय, समुदाय र सरकारको साझेदारीमा बालबिकास केन्द्रको बसाइ तथा सिकाइलाई थप रमाइलो तथा प्रभावकारी बानउन विद्यालय, समुदाय र सरकार सहितको त्रिपक्षिय लगानी साझेदारी कार्यक्रमको शुरुवात गर्ने लक्ष्य पनि यो १० बर्षे शिक्षा क्षेत्र योजनाले लिएको छ। जसमा विद्यालय, समुदाय र सरकारले गर्नुपर्ने कार्यको बाँडफाँड गरि तोकिएको जिम्मेवारी अनिवार्य पुरा गर्नुपर्ने यसो गर्न समय समयमा ३ वटै पक्षमा आवश्यक छलफल तथा अन्तर्क्रिया गरी आवश्यक पहल गर्ने।

## ३.२ आधारभूत शिक्षा

**परिचय**

कुनै पनि शिक्षाको बलियो आधार आधारभूत शिक्षा नै हो । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्गप्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रुपमा लिइएको छ । यस तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षाको रुपमा पनि परिभाषित गरिएको छ ।

### ३.२.१. वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन यस रामारोशन गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्नानुसार रहेको छः

**प्रमुख समस्या र चुनौतीहरू**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चिता नहुनु,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन नहुनु,
३. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसकिनु,
४. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन नसकिनु,
५. विद्यालय पोषण, दिवाखाजा र स्वास्थ्य सरसफाई लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न नसकिनु,
६. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्न र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र वैद्यता बनाउन नसकिनु,
८. आधारभूत विद्यालयको शिक्षालाई विविधता अनुकुल समावेशी र समतामूलक बनाउन नसकिनु,
९. आधारभूत तहको शिक्षा प्रभावकारिताका लागि अनुगमन र निरीक्षणमा कमी हुनु,
१०. हरेक दिन ३/३ आधारभूत तहमा प्रभावकारी कार्यान्वयन हुन नसक्नु,
११. तालिमप्राप्त शिक्षकको सङ्ख्या कमी हुनु,
१२. प्राकृतिक प्रकोप तथा विपत सम्बन्धि व्यावहारिक ज्ञानको कमी,

### ३.२.२ उद्देश्य

आधारभूत शिक्षाको मुख्य उद्देश्य आधारभूत तहको विद्यालय उमेर समूहका सबै बालबालिकाको पहुँच र सहभागितामा सुनिश्चित गर्दै निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्नु रहेको छ । यसबाहेक यो योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने,

४. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीं र सुरक्षित बनाउने,

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउने,

६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

७. आधारभूत तहका विद्यार्थी मूल्याङ्कन प्रणाली सुधार विश्वसनिय र वैद्य बनाउने,

८. गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित अनुगमन र निरीक्षणको व्यवस्था गर्ने,

९. शैक्षिक रुपान्तरण कार्यक्रमको हरेक दिन ३/३ तथा प्रधानाध्यापक संग सम्बन्धित विद्यालय शिक्षक र गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृत संग प्रधानाध्यापकको सम्झौता कार्यान्वयन गर्ने,

१०. आधारभूत तहका शिक्षकहरुलाई पुनःताजगीय तालिमको व्यवस्था गर्ने,

११. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धि व्यवहारिक ज्ञान प्रदान गर्ने।

### ३.२.३. रणनीति

माथि उल्लेखित आधारभूत तहका उद्देश्यहरु परिपूर्तिका लागि निम्नलिखित रणनीतिहरु अबलम्वन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यसतहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागितामा सुनिश्चित गरिनेछ,

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गरिनेछ,

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलव्धि हाँसिल हुने अवस्था सुनिश्चित गरिनेछ,

४. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीं र सुरक्षित बनाइनेछ,

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाइनेछ,

६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलापलाई सञ्चालन गरिनेछ,

७. आधारभूत तहको आन्तरिक र बाह्य मूल्याङ्कन प्रभावकारी कार्यान्वयान गरीने तथा कक्षा ५ र ८ को वार्षिक परीक्षालाई थप व्यवस्थित गरिनेछ,

८. प्रत्येक महिनामा विद्यालयको छड्के अनुगमन र निरीक्षण गरिनेछ,

९. हरेक विषय शिक्षक र विद्यार्थी संग हस्तलिखित डायरी सहितको हरेक दिन ३/३ कार्यक्रम लागु गरिनेछ,

१०. गाउँपालिका संग प्रधानाध्यापक र प्रधानाध्यापक संग सम्बन्धित विद्यालयका शिक्षकको सिकाई उपलब्धी वृद्धि सम्झौता कार्यक्रम कार्यान्वयन गरिनेछ,

११. आधरभूत तहका तालिम नलिएका शिक्षकहरुलाई आवश्याकताका आधारमा पुनःताजकिय तालिमको व्यवस्था गरिनेछ,

१२. आधारभुत तहका विद्यार्थीलाई प्रकृतिक प्रकोप र विपद व्यवस्थापनका लागि व्यावहारीक शिक्षा प्रदान गरिनेछ,

## ३.२.४. प्रमुख उपलब्धि तथा नतिज

**(क) उपलब्धिः**

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**(ख) प्रमुख नतिजाहरुः**

१. सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने ।

२. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलव्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुने ।

३. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वास्थ्यकर दिवाखाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।

४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलव्धि हाँसिल गरेको हुने ।

५. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलव्धिमा लैङ्गिक समता सूचकमा सुधार भएको हुने ।

६. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ ।

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइलाई सहयोग पुगेको हुनेछ।

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भइ आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ ।

९. गाउँपालिका संग प्रधानाध्यापक र प्रधानाध्यापक संग शिक्षक सम्झौता पूर्णरुपमा कार्यान्वयन भइ नतिजामुखि भएको हुनेछ।

१०. हरेक दिन ३/३ कार्यक्रमबाट विद्यार्थीको विषयगत सिकाई थप उपलब्धीमूलक भएको हुनेछ।

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

तलको तालिकामा रामारोशन गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु उल्लेख गरिएको छ।

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | - | १ | - | १ | - | २ | २ | द्विबार्षिक |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | - | १ | - | १ | - | २ | २ | द्विबार्षिक |
| ३ | शिक्षकहरुलाई आई सि टी तथा पुनःताजकिय तालिम | संख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १५३ | |
| ४ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | संख्या | | | | | | | | आवश्यकता-अनुसार |
| ५ | आधारभूत तह उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना | संख्या | | | | | | | | १०० प्रतिशत पुऱ्याउने । |
| ६ | विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार विकास भवन कक्षकोठा फर्निचर शौचालय खानेपानी खेलमैदान घेराबार दिवाखाजा | संख्या | | | | | | | | १०० प्रतिशत पुऱ्याउने । |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय पाठ्यक्रम प्रबोधीकरण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | विपद् प्रकोप सङ्कट तथा महामारीलगायतका परिस्थितिबाट बच्न सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | शिक्षक पेसागत विकास सहायता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजा प्रबन्ध | कक्षा | | | | | | | | विस्तार गर्दै लिने |
| १३ | छात्रवृति अतिविपन्न गरिबीलक्षित समूह पोशाक र शैक्षिक सामग्री | सख्या | | | | | | | | आवश्यकता -अनुसार |
| १४ | निःशुल्क पाठ्यपुस्तक | सख्या | | | | | | | | आवश्यकता -अनुसार |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने | पटक | | | | | | | | साप्ताहिक |
| १६ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | | | | | | | | बार्षिक |
| १७ | विद्यालयका वि व्य स र शि अ सं पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | | | | | | | | बार्षिक |
| १८ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकाहरुलाई आवासीय विद्यालय | संख्या | | | | | | | | आवश्यकता -अनुसार |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | प्रारम्भिक कक्षा सिप विकास कार्यक्रम | पटक | | | | | | | | | आवश्यकता -अनुसार |
| २० | बालमैत्री EGRA (Early Grade Reading Assessment) कार्यक्रम | पटक | | | | | | | | | आवश्यकता -अनुसार |
| २१ | हरेक दिन तिनतिन | पटक | | | | | | | | | प्रत्यक दिन |
| २२ | प्र.अ. संग शिक्षक र पालिका संग प्र.अ. कार्य प्रगति सम्झौता | | | | | | | | | | शैक्षिक सत्रको सुरुमा |

रामारोशन गाउँपालिकाले तयार पारेको १० वर्षे शिक्षा योजनामा शिक्षाको समग्र सुधार र गुणस्तर वृद्धि गर्न दीर्घकालीन दृष्टिकोणसहित विभिन्न उद्देश्य तथा लक्ष्यहरू निर्धारण गरिएको छ। सो योजनाअनुसार प्रत्येक दुई-दुई वर्षको अन्तरालमा गाउँपालिकाभित्रका विद्यालयहरूको नक्साङ्कन, पुनःवितरण तथा समायोजन गरिनेछ, जसबाट विद्यालयहरूको भौगोलिक पहुँच, विद्यार्थी संख्या र स्रोत-साधनको समुचित व्यवस्थापन गर्न सकिनेछ। साथै, वर्तमान शिक्षा ऐन र नियमावलीअनुसार शिक्षक व्यवस्थापन पनि नियमित रूपमा गरिनेछ, जसले शिक्षकको कार्यक्षमता तथा विद्यालयको शैक्षिक वातावरणमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

योजनाले आधारभूत तहमा बालबालिकाको खुद भर्ना दर १०० प्रतिशत पुऱ्याउने तथा विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारहरू पूर्णरूपमा विकास गर्ने महत्वाकांक्षी लक्ष्य राखेको छ। विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कार्यसम्पादन मूल्याङ्कन, पाठ्यक्रम प्रवर्द्धन र प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिइएको छ। त्यसैगरी, शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कम्तीमा एकपटक आवश्यक तालिम तथा कार्यशाला सञ्चालन गरिने लक्ष्य लिइएको छ। यस किसिमको तालिमबाट शिक्षक तथा कर्मचारीहरू सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष भई शैक्षिक प्रक्रियामा नवीनतम प्रविधिको उपयोग गर्न सक्ने र शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ।

विद्यालयमा हाल प्रदान गरिँदै आएको दिवाखाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै सम्भव भएसम्म माथिल्लो कक्षाहरूमा विस्तार गर्दै लैजाने नीति पनि यस योजनामा समावेश गरिएको छ। यसले खासगरी विपन्न र पोषणको आवश्यकता भएका बालबालिकाहरूलाई विद्यालयमा निरन्तर राख्न प्रेरित गर्नेछ। साथै, लक्षित समूह तथा आर्थिक रूपमा कमजोर वर्गका बालबालिकाहरूका लागि छात्रवृत्ति तथा पोसाकको व्यवस्था गरिनेछ। यस योजनामा आधारभूत तहमा स्तरिकृत परीक्षा प्रणाली लागू गर्ने, र दुर्गम क्षेत्र तथा लक्षित वर्गका बालबालिकालाई लक्षित गरी आवासीय तथा निःशुल्क यातायात सुविधा उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ। यसले नेपालको संविधान २०७२ मा उल्लिखित प्रत्येक बालबालिका र नागरिकको शिक्षासम्बन्धी मौलिक हकलाई कार्यान्वयनमा पुऱ्याउने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

शिक्षाको समग्र उन्नयनसँगै शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, विद्युत र सञ्चारजस्ता आधारभूत सेवाहरूमा सबैको समान पहुँच सुनिश्चित गर्न एकीकृत बस्ती विकासको अवधारणालाई समेत समेटिएको छ। गाउँपालिकाको भौगोलिक, सामाजिक र आर्थिक अवस्थाको विश्लेषण गर्दै यस्तो बस्ती विकासको सम्भाव्यता अध्ययन प्रारम्भ गरिनेछ, जसले दीर्घकालीन विकास योजनामा सघाउ पुऱ्याउनेछ। यसरी प्रस्तुत गरिएको १० वर्षे शिक्षा योजना केवल शैक्षिक विकासमा सीमित नरही, सामाजिक समावेशीकरण र आधारभूत मानव अधिकारको संरक्षणमा समेत केन्द्रित रहेको देखिन्छ।

## ३.३ माध्यमिक शिक्षा

### परिचयः

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी दुई तहमा विभाजन गरेको छ । कक्षा १-८ लाई आधारभूत तह र ९-१२ लाई माध्यमिक तह मानिएको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षालाई निःशुल्क रुपमा प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालयको शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारभित्र रहने व्यवस्था गरेको छ ।

माध्यमिक शिक्षा स्थानीय तहको शैक्षिक विकासको मेरुदण्ड हो। वर्तमान अवस्थामा माध्यमिक शिक्षामा पहुँच, गुणस्तर, शिक्षक व्यवस्थापन, सामुदायिक सहभागिता, सिकाइ उपलब्धि तथा संरचनागत सुधारका क्षेत्रमा विभिन्न अवसर र चुनौतीहरू छन्। रामारोशन गाउँपालिकामा हाल ८ ओटा माध्यामिक विद्यालय सञ्चालित छन् । आवश्यक भौतिक पूर्वाधारहरुको उपलब्धता भए पनि बालमैत्री, अपाङ्गमैत्री एवं वातावरणमैत्री संरचनाहरुको निर्माण गर्नुपर्ने चुनौती छ। परम्परागत शिक्षण सिकाइ र पाठ्यक्रमबाट अध्ययन, अध्यापन तथा मुल्याङ्कन हुँदै आइरहेकोमा नयाँ एवं स्थानीय पाठ्यक्रमको विकाससंगै शिक्षालाई वैज्ञानिक, व्यवस्थित, प्रयोगात्मक, रोजगारमूलक, उत्पादनमूलक एवं प्रविधिमैत्री बनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ । हालको माध्यामिक तहको वर्तमान अवस्थालाई निम्न बमोजिमको बुँदाहरुको आधारमा विश्लेषण गर्न खोजिएको छः

### १. माध्यमिक विद्यालयको उपलब्धता तथा पहुँच

माध्यमिक शिक्षामा सबै विद्यार्थीको समान पहुँच सुनिश्चित गर्न आवश्यक छ। हाल रामारोशन गाउँपालिकामा ८ ओटा माध्यमिक विद्यालयहरू सञ्चालनमा छन्। तर पनि भौगोलिक विकटताको कारण विधार्थीहरुलाई विद्यालय पुग्न सहज छैन ।

### २. सिकाइ उपलब्धि तथा परीक्षा नतिजा विश्लेषण

माध्यमिक शिक्षाको गुणस्तर विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा परीक्षाको नतिजाबाट मापन गर्न सकिन्छ।

SEE (कक्षा १०) परीक्षाको सफलता दरः ११%विद्यार्थीले उत्तीर्ण गरेका छन्।

### ३.३.१ वर्तमान अवस्था

निम्नलिखित विषय क्षेत्रहरुको आधारमा रामारोशन गाउँपालिकाको माध्यमिक शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गरिएको छः

१. माध्यमिक शिक्षामा विभिन्न समूह र समुदायका बालबालिकाको पहुँच र सहभागिताको अवस्था तथा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या

२. माध्यमिक शिक्षामा सिकाइ उपलब्धी परीक्षाको नतिजा

३. शिक्षक आपूर्ति तथा व्यवस्थापन

४. समुदायको सहभागिता तथा साझेदारिताको अवस्था

**स्थानीय तहले गरेका असल अभ्यासहरुः**

पहुँच, सहभागिता, संस्थागत सुदृढीकरण, शिक्षक व्यवस्थापन, परीक्षा सञ्चालन, वैकल्पिक सिकाइ व्यवस्थापन, वातावरण संरक्षण, सिकाइ सामग्रीहरुको व्यवस्थापन, विद्यार्थीहरुको प्रतिभा पहिचान तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु आदि ।

**<u>माध्यमिक तहको शिक्षामा देखिएका प्रमुख समस्या र चुनौतीहरू</u>**

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित नहुनु,

२. माध्यमिक तहको सुविधा लक्षित वर्गमा प्रभावकारी रुपमा कार्यान्वयन नहुनु,

३. माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसकिनु तथा विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन नसकिनु,

४. विद्यालय खानेपानी पोषण र स्वास्थ्य सरसफाइ लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न नसकिनु,

५. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्न र माध्यमिक तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र वैध बनाउन नसकिनु ।

### ३.३.२. उद्देश्य

माध्यमिक शिक्षासँग सम्बन्धित यस रामारोशन गाउँपालिकाका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउने,

४. डिजिटल प्रविधिको उपयोग गरी शिक्षण-सीकाइ प्रक्रियालाई प्रभावकारी बनाउने,

५. व्यावसायिक तथा प्राविधिक शिक्षालाई विस्तार गरी रोजगारमूलक शिक्षाको अवसर सृजना गर्ने,

६. समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी शैक्षिक सुधारका कार्यक्रम अघि बढाउने,

७. शिक्षकको क्षमता अभिवृद्धि गरी प्रभावकारी शिक्षण-सीकाइ विधिहरू लागू गर्ने,

८. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा ल्याउनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने,

९. विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना गर्ने,

१०. आवासीय विद्यालयको व्यवस्था गर्नुका साथै यातायातको व्यवस्था गर्ने,

११. विद्यार्थीहरुमा पोषण, सरसफाइ र गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने,

१२. माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी व्यवस्था र वृत्ति विकासमा जोड दिने ।

## ३.३.३. रणनीति

रामारोशन गाउँपालिकाका लागि माध्यमिक शिक्षा सुधारका निम्ति रणनीतिहरूलाई स्थानीय आवश्यकतासँग अनुकूल बनाउन विशेष ध्यान दिइएको छ। यी रणनीतिहरूले रामारोशन गाउँपालिकामा शैक्षिक पहुँच, गुणस्तर र वातावरण सुधारमा सहयोग पुर्याउने छन्।

**१. विद्यालयको पुनर्वितरण, समायोजन र स्थापना**

**रणनीतिः** रामारोशन गाँउपालिकाको दुर्गम र पहाडी क्षेत्रहरूमा विद्यालयको पुनर्वितरण र नयाँ विद्यालय स्थापना गर्ने, विशेष गरी वञ्चित समुदायका बालबालिकालाई लक्षित गर्दै।

**लक्ष्यः** सबै बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्न सक्षम बनाउने।

**२. प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन**

**रणनीतिः** विद्यालयमा पहुँच सुनिश्चित गर्न, विशेष गरी बिनापढाइ रहेका बालबालिकाका लागि प्रोत्साहन र छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने। साथै स्थानीय परिवेशअनुसार यातायात सुविधा र अन्य शैक्षिक सहायता उपलब्ध गराउने।

**लक्ष्यः** विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्न प्रोत्साहन दिने।

**३. वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन**

**रणनीतिः** रामारोशन गाउँपालिकाका विद्यालय बाहिर रहेका बालबालिकाको लागि अनलाइन शिक्षा, दूरदर्शन शिक्षण र समुदायमा आधारित शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने।

**लक्ष्यः** बालबालिकाको सिकाइको अवसरलाई अनुकूल बनाउन वैकल्पिक शिक्षण विधिहरू प्रयोग गर्ने

**४. न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने**

**रणनीतिः** रामारोशन गाउँपालिकाका विद्यालयमा शैक्षिक वातावरण सुधार गर्न, जस्तै पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलकुदका सामग्रीहरू र उचित स्वच्छता व्यवस्थापन।

**लक्ष्यः** बालमैत्री र समावेशी विद्यालय वातावरण बनाउन, जसले सिकाइलाई प्रवर्द्धन गर्न सहयोग पुऱ्‍ओस्।

**५. दक्ष विषय शिक्षकको व्यवस्था**

**रणनीतिः** विद्यालयमा विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्ने, विशेष गरी विज्ञान र गणितका शिक्षकको उपलब्धता सुनिश्चित गर्ने।

**लक्ष्यः** शिक्षकहरूको दक्षता अभिवृद्धि गरेर शैक्षिक गुणस्तर सुधार गर्ने।

**६. शिक्षक पेसागत विकास र सहयोग**

**रणनीतिः** शिक्षकहरूको पेसागत विकासका लागि तालिमहरू सञ्चालन गर्ने, जस्तैः प्रविधिमा आधारित शिक्षक तालिम र नेतृत्व विकास।

**लक्ष्यः** शिक्षकहरूको क्षमता र समर्पणमा सुधार ल्याउने।

**७. अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने**

**रणनीतिः** रामारोशन गाउँपालिकामा शिक्षकहरूको उत्साह बढाउन र उनीहरूको पेसागत विकासका लागि अभिप्रेरणाका कार्यक्रमहरूको सञ्चालन।

**लक्ष्यः** शिक्षकहरूको मनोबल र कार्यसम्पादनमा सुधार ल्याउने।

**८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने**

**रणनीतिः** विद्यालयहरूमा विद्यार्थी केन्द्रित शिक्षण पद्धतिहरूको लागुबाट, जस्तैः प्रोजेक्ट आधारित सिकाइ र समूहकार्यमा आधारित विधिहरू।

**लक्ष्यः** रामारोशन गाउँपालिकाका विद्यालयमा शिक्षण पद्धतिमा गुणात्मक सुधार ल्याउने।

**९. सूचना र प्रविधिको विस्तार**

**रणनीतिः** रामारोशन गाउँपालिकाका विद्यालयहरूमा डिजिटल शिक्षण विधिको विस्तार गर्ने, विशेष गरी कम्प्युटर र इन्टरनेटको सुविधा, स्मार्ट क्लासको व्यवस्थापन।

**लक्ष्यः** सूचना प्रविधिको मद्दतले शिक्षालाई अझ प्रभावकारी बनाउने

**१०. विद्यालयको प्रकोप र संकटसँगको उत्थानशीलता**

**रणनीतिः** प्रकोप र संकटको व्यवस्थापनका लागि विद्यालयहरूलाई तयार पार्ने, विशेष गरी भूकम्प र बाढीजस्ता प्राकृतिक प्रकोपहरूको लागि योजनाबद्ध तयारी गर्ने।

**लक्ष्यः** विद्यालयहरूलाई प्राकृतिक आपतकालीन परिस्थितिमा कार्यसक्षम बनाउने।

### ११. विज्ञान र प्रविधि अध्ययनमा आकर्षण

**रणनीतिः** रामारोशन  गाउँपालिकामा विज्ञान र प्रविधिका अध्ययनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, जस्तै विज्ञान मेलाहरू, छात्रवृत्तिका अवसरहरू र विशेष कक्षा सञ्चालन गर्ने।

**लक्ष्यः** विद्यार्थीहरूलाई विज्ञान र प्रविधि अध्ययनमा आकर्षित गर्ने।

### १२. नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था

**रणनीतिः** रामारोशन  गाँउपालिकाका विद्यालयहरूको नेतृत्वमा सक्षम र प्रेरणादायी प्रधानाध्यापकको नियुक्ति गर्ने।

**लक्ष्यः** विद्यालय व्यवस्थापनको गुणस्तर सुधार गर्ने।

### १३. आवधिक मूल्याङ्कन र जवाफदेही प्रणाली

**रणनीतिः** विद्यालयहरूको मूल्याङ्कन प्रक्रिया सुधार गरेर शिक्षक र विद्यार्थीको सिकाइमा जवाफदेही प्रणाली लागू गर्ने।

**लक्ष्यः** सिकाइ परिणाम र विद्यालयका गतिविधिहरूमा सुधार ल्याउने।

## ३.३.४. प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी (Achievements)**

- **निःशुल्क माध्यमिक शिक्षाः** सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुनेछ।
- **शिक्षा वातावरण सुधारः** रामारोशन गाँउपालिकाका विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण सिर्जना हुनेछ।
- **शिक्षक क्षमता अभिवृद्धिः** शिक्षकहरूका लागि पेसागत विकास र प्रशिक्षित शिक्षकहरूको व्यवस्थापन हुनेछ।
- **डिजिटल शिक्षाको प्रभावकारी प्रयोगः** विद्यालयहरूमा सूचना प्रविधिको प्रभावकारी प्रयोग र शिक्षकका लागि डिजिटल तालिम हुनेछ।

**नतिजाः**

१. सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने,

२. सबै माध्यमिक विद्यालयहरुमा विषय शिक्षकको व्यवस्था भएको हुने,
३. माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरुले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने,
४. माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता भएको हुने,
५. विद्यालयहरुमा बालमैत्री, समावेशी र सुरक्षित वातावरण भएको हुने,
६. विद्यार्थी, शिक्षक, प्रशासक र सरोकारवालाहरु जवाफदेहिता भएको हुने,
७. विद्यालय शिक्षामा सूचना तथा प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग भएको हुने,
८. विद्यार्थीहरु विभिन्न सामाजिक कार्यहरु (जु.रे.स., बालक्लव, स्काउट आदि) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपद् सहयोगीका रुपमा सहभागी भएको हुने,
९. कम्तिमा ५ ओटा माध्यमिक विद्यालयमा आवासीय सुविधाको व्यवस्था भएको हुने,
१०. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भई पेशाप्रति उत्प्रेरित भएको हुने ।

## ३.३.५. प्रमुख क्रियाकलाप र लक्ष्य

रामारोशन गाउँपालिकाका लागि माध्यमिक शिक्षा सुधारका प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ। यसमा विशेष ध्यान दिइएको छ कि रामारोशन गाउँपालिकाको स्थानीय आवश्यकताअनुसार शिक्षा व्यवस्था सुधार गर्नका लागि यथासम्भव उपयोगी र प्रभावकारी योजना बनाइयो। तलको तालिकामा यस पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने धारणा राखेको छ ।

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क पाठ्यपुस्तक वितरण कक्षा ९ देखि १२ सम्म | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| २ | विद्यालय नक्साङ्कन / स्तरोन्नति | पटक | | | | | | | | द्बिबार्षिक |
| ३ | प्राविधिक धारको विद्यालय स्थापना | सङ्ख्या | | | | | | | | ३ ओटा |
| ४ | आवासीय विद्यालयको विकास | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा यातायातको व्यवस्था | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| ६ | विषयगत दररबन्दी निर्धारण र वितरण | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| ७ | विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता | पटक | | | | | | | | अर्धबार्षिक |
| ८ | विषयगत प्रयोगशालाको व्यवस्था | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| ९ | विपद् व्यवस्थापनमा विद्यालय संरचना समितिहरुलाई परिचालन | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| १० | विद्यालयको भौतिक पूर्वाधार विकास भवन, फर्निचर कक्षाकोठा, खानेपानी , खेलमैदान, घेरापर्खाल शौचालय र बालउद्यान | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| ११ | विपद् व्यवस्थापनका लागि क्षमता अभिवृद्ध तालिम | पटक | | | | | | | | बार्षिक |
| १२ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | | | | | | | आवश्यकतानुसार |
| १३ | वि. व्य. स., तथा शि. अ. सं. का पदाधिकारीहरु र प्र. अ. को क्षमता अभिवृद्धि | पटक | | | | | | | | बार्षिक |
| १४ | पेसागत शिक्षक तालिमको व्यवस्था | पटक | | | | | | | | बार्षिक |
| १५ | माध्यमिक तहमा भर्ना दरमा वृद्धि र टिकाउका लागि आकर्षक छात्रवृत्तिको व्यवस्था | | | | | | | | | आवश्यकतानुसार |
| १६ | विद्यालयमा स्वास्थ्य परीक्षण र स्वास्थ्यकर्मीको व्यवस्था | सङ्ख्या | | | | | | | | मावि १ जना/ अर्धबार्षिक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | गरिब विद्यार्थी र जेहेनदारलाई छात्रवृत्ति | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| १८ | शैक्षिक तथा सिकाइ सामग्री निर्माण | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| १९ | भौतिक संरचना नियमित मर्मत सम्भार तथा संरक्षण | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| २० | एक शिक्षक एक ल्याप टप अनुदानको व्वस्था | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |

रामारोशन गाउँपालिकाले आगामी दश वर्षभित्र शिक्षाको पहुँच, गुणस्तर र पूर्वाधार सुदृढीकरणलाई ध्यानमा राख्दै दीर्घकालीन योजना अघि सारेको छ। तालिकामा उल्लेख गरिएअनुसार, पालिकाले कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, विद्यालयको स्तरोन्नति तथा नक्साङ्कन, तीन वटा प्राविधिक धारका विद्यालयको स्थापना, र आवश्यकतानुसार आवासीय विद्यालय तथा यातायातको व्यवस्था गर्नेछ। विद्यालयहरूमा विषयगत दरबन्दी निर्धारण, प्रयोगशालाको स्थापना, र विद्यालय सुपरिवेक्षण तथा शिक्षक सहायता कार्यक्रममार्फत शैक्षिक सेवा विस्तार गरिनेछ।

स्वास्थ्य र विपद् व्यवस्थापन क्षेत्रलाई पनि योजनाले विशेष प्राथमिकता दिएको छ। प्रत्येक माध्यमिक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ र अर्धवार्षिक रूपमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गरिनेछ। विद्यालय व्यवस्थापन समिति, शिक्षकअभिभावक संघ, प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि हरेक वर्ष अनिवार्य रूपमा तालिम सञ्चालन गरिनेछ। शिक्षण सिकाइ क्रियाकलापलाई प्रविधिमैत्रि बनाउन एक शिक्षक एक ल्यापटप कार्यक्रम समेत सञ्चालनमा ल्याइनेछ । विपद् व्यवस्थापनमा विद्यालय संरचना समितिहरूलाई परिचालन गरिनेछ भने, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा जोड दिइनेछ।

योजनाको महत्वपूर्ण पहल मध्ये "एक शिक्षक, एक ल्यापटप" कार्यक्रम पनि समावेश गरिएको छ, जसअन्तर्गत प्रत्येक शिक्षकलाई अध्यापन सहज बनाउन तथा प्रविधिमैत्री शिक्षण प्रक्रियालाई प्रवर्द्धन गर्न ल्यापटप अनुदान प्रदान गरिनेछ। यसले डिजिटल शिक्षा प्रणालीलाई बलियो बनाउने अपेक्षा गरिएको छ। साथै, गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था, आकर्षक छात्रवृत्तिद्वारा भर्ना दर वृद्धिको प्रयास, र विद्यालयको नियमित मर्मत सम्भार तथा संरचनागत सुधार जस्ता कार्यक्रममार्फत सम्पूर्ण शैक्षिक प्रणालीलाई सुदृढ र समावेशी बनाउने दीर्घकालीन लक्ष्य लिइएको छ।

## ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४.१. वर्तमान अवस्था

१. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको उपलब्धता र सहभागिताः** रामारोशन गाउँपालिकामा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका अवसरहरू सीमित छन्। विशेष गरी ग्रामीण क्षेत्रहरूमा विद्यालय र स्थानीय प्रशिक्षण केन्द्रहरूमा विद्यार्थीहरूको सहभागिता बढाउनको लागि प्रोत्साहन आवश्यक छ। महिला, दलित र अन्य पिछडिएका समुदायका व्यक्तिहरूको सहभागिता कम छ। यसलाई ध्यानमा राख्दै, स्थानीय तहले अधिक समावेशी र पहुँचयोग्य तालिम कार्यक्रमहरू सुरु गर्नुपर्ने आवश्यकता छ।

२. **शिक्षक आपूर्ति र व्यवस्थापनः** रामारोशन गाँउपालिकामा प्राविधिक शिक्षाका लागि प्रशिक्षित शिक्षकहरूको कमी छ। विशेष गरी व्यावसायिक तालिमका क्षेत्रमा दक्ष र योग्य शिक्षकहरूको अभाव छ। यसका लागि स्थानीय शिक्षक प्रशिक्षण र क्षमता वृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नु महत्त्वपूर्ण हुनेछ।

३. **स्थानीय स्तरमा उपलब्ध अवसरः** रामारोशन गाउँपालिकामा कृषि, पशुपालन, हस्तकला, र साना उद्योगका क्षेत्रमा केही अवसरहरू रहेका छन्। कृषिमा आधारित प्राविधिक तालिम, महिला सिलाईकटाई, र निर्माण उद्योगमा अवसरहरू बढाउनका लागि विशेष पहलहरू आवश्यक छन्। यसले रोजगारका अवसर र स्थानीय स्वरोजगारीको वृद्धि गर्न सक्छ।

४. **समुदायको सहभागिता र साझेदारीः** रामारोशन गाउँपालिकामा समुदायको सहभागिता र साझेदारीको स्तर बढाउन आवश्यक छ। स्थानीय सामाजिक संस्थाहरू, किसानसमूह, महिलासमूह, र युवा क्लबहरूको सहकार्यले तालिमको प्रभावकारिता वृद्धि गर्न सक्छ। त्यसैले, विभिन्न संङ्घसंस्थासँग समन्वय गरेर स्थानीय स्तरमा कार्यक्रमहरू सञ्चालन गर्न महत्त्वपूर्ण हुनेछ।

५. **असल अभ्यासहरूः** रामारोशन गाउँपालिकामा केही असल अभ्यासहरू छन्, जस्तैः स्थानीय किसान समूहहरूको लागि कृषि तालिम र महिला उद्यमशीलता प्रोत्साहनका कार्यक्रमहरू। तर यी कार्यक्रमहरूको सङ्ख्या र प्रभाव क्षेत्र सीमित छन्। थप अवसरहरू र विविधतालाई ध्यानमा राख्दै, प्राविधिक तालिम कार्यक्रमहरूको विस्तार गर्नु जरुरी छ।

### ६. मुख्य समस्या र चुनौती

१. स्रोत र साधनको कमी

२. महिला र पिछडिएका समुदायको सहभागितामा असमानता

३. तालिम र रोजगारीका अवसरहरूको अभाव प्रशिक्षित शिक्षकहरूको कमी

### ३.४.२. उद्देश्य

१. रामारोशन गाउँपालिकाका सबै नागरिकलाई प्राविधिक शिक्षा र व्यावसायिक तालिमका अवसरहरू सुनिश्चित गर्ने।

२. कृषि, पशुपालन, र हस्तकलाजस्ता क्षेत्रहरूमा स्थानीय स्तरमा रोजगार र स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।

३. महिला, दलित, र अन्य पिछडिएका समुदायका लागि विशेष तालिम कार्यक्रमहरू सुनिश्चित गर्ने, जसले उनीहरूको आर्थिक र सामाजिक सशक्तीकरणमा मद्दत पुर्‍याओस्।

### ३.४.३. रणनीति

१. **प्राविधिक शिक्षा र तालिमको पहुँच विस्तारः** रामारोशन गाउँपालिकाका माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका कार्यक्रमहरूको पहुँच सुनिश्चित गर्ने, विद्यालयहरूको शिक्षक र विद्यार्थीहरूलाई प्राविधिक तालिमका कार्यक्रमहरूको बारेमा जानकारी दिने र त्यसमा सहभागी गराउने।

२. **समयसापेक्ष प्राविधिक तालिम कार्यक्रमको विकासः** रामारोशन गाउँपालिकाको कृषि र स्थानीय उद्योगका आवश्यकताका आधारमा प्राविधिक तालिम कार्यक्रमहरूको समयसापेक्ष अद्यावधिक र विस्तार गर्ने। कृषकहरूका लागि नयाँ प्रविधिको तालिम र महिला समूहहरूको लागि सिलाई, हस्तकला, र अन्य साना व्यवसायमा आधारित तालिम कार्यक्रमहरूको आयोजना गर्ने।

३. **समुदाय र साझेदार संस्थासँग सहकार्य**ः रामारोशन गाउँपालिकामा रहेका किसानसमूह, महिलासमूह, र अन्य सामुदायिक संस्थासँग सहकार्य गरेर तालिम र रोजगार सृजनाका कार्यक्रमहरू सञ्चालन गर्ने। यसले समुदायलाई सहभागी गराएर कार्यक्रमहरूको प्रभावकारिता वृद्धि गर्नेछ।

४. **महिला र पिछडिएका समुदायका लागि विशेष कार्यक्रमः** महिलाहरूका लागि सिलाइकटाइ, र हस्तकलाजस्ता तालिम र रोजगार सृजनाका अवसरहरू उपलब्ध गराउने साथै दलित र पिछडिएका समुदायका सदस्यहरूको लागि तालिम र स्वरोजगारीका अवसरहरूको सृजना गर्ने।

### ३.४.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. रामारोशन गाउँपालिकाका माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा र तालिमका अवसरहरूको पहुँच सुनिश्चित हुनेछ।

२. महिला र कमजोर समुदायका लागि विशेष तालिम कार्यक्रमहरूको सङ्ख्या र पहुँच बढाइनेछ।

३. कृषिमा आधारित तालिम कार्यक्रमहरूको विस्तार गरी स्थानीय स्वरोजगारी र रोजगारका अवसरहरू सिर्जना गरिनेछ।

४. समाजमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको महत्त्व र प्रभावकारिताबारे जागरूकता फैलाइनेछ र यसले रामारोशन गाउँपालिकाका नागरिकलाई सशक्त पार्ने र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | ० | ० | १ | ० | १ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या (९-१२) | १४७ | १४७ | १९२ | ३८४ | १९२ | ५७६ |

रामारोशन गाउँपालिकामा हाल एक मात्र प्राविधिक तथा व्यावसायिक विद्यालय सञ्चालनमा रहेको छ, जसले गाउँपालिकाभित्रका युवाहरुलाई सीपमूलक र रोजगारीमुखी शिक्षामा पहुँच पुऱ्याउने सीमित अवसर प्रदान गर्दै आएको छ। गाउँपालिकाले तयार पारेको दश वर्षे शिक्षा योजनाले यस अवस्थालाई मध्यनजर गर्दै २०८६ सालसम्म दुई ओटा अतिरिक्त प्राविधिक तथा व्यावसायिक विद्यालय थपेर कुल तीन विद्यालयमा विस्तार गर्ने स्पष्ट लक्ष्य लिएको छ। यस योजनाको माध्यमबाट स्थानीय स्तरमा प्राविधिक शिक्षामा पहुँच वृद्धि गरी युवाहरूलाई दक्ष जनशक्तिका रूपमा उत्पादन गर्ने अभिप्राय राखिएको छ।

यस योजनाले आधार वर्ष २०८१/८२ मा प्राविधिक तालिममा लाभान्वित १४७ विद्यार्थीको सङ्ख्या बढाउँदै २०८३/८४ मा ३८४ जना पुऱ्याउने लक्ष्य राखेको छ भने सोही क्रमलाई अगाडि बढाउँदै २०८५/८६ सम्ममा यो संख्या ५७६ जना पुऱ्याउने प्रक्षेपण गरिएको छ। यसले संकेत गर्छ कि प्राविधिक शिक्षाप्रतिको माग र अभिरुचि गाउँपालिकाभित्र विस्तार हुँदैछ, र यदि विद्यालयहरूको संख्या तथा शैक्षिक गुणस्तरमा सुधार गरिएमा सो लक्ष्य सहजै प्राप्त गर्न सकिनेछ। साथै, यसले दीर्घकालमा गाउँपालिकाको रोजगारी, आत्मनिर्भरतासहितको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## ३.४.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा रामारोशन गाउँपालिका द्वारा कार्यान्वयन गर्नुपर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरूको विवरण उल्लेख गरिएको छः

| क्र. स. | प्रमुख क्रियाकलापहरू | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०वर्षे | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | | | | | प्रत्यक वर्ष |
| २ | सुविधा सम्पन्न भवन एवं ल्याब व्यवस्थापन | सङ्ख्या | २ | २ | २ | २ | २ | ५ | १० | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | सङ्ख्या | २ | ४ | ५ | ७ | ७ | २५ | २१ | |
| ४ | शिक्षक क्षमता विकास | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| ५ | ओजिटि कार्य सम्पन्न | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| ६ | प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | क्षमता अभिवृद्धि तालिम | पटक | | | | | | | | वर्षमा ३ पटक |
| ८ | शिक्षणसिकाइमा प्रविधिको प्रयोग | पटक | | | | | | | | आवश्यकतानुसार |
| ९ | प्रयोगशाला/ल्याबको व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | पुस्तकालयको व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | ICT को निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | भौतिक पूर्वाधारको उपलब्धता | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |
| १३ | विपद व्यवस्थापन, योजना निर्माण र कार्यान्वयन | सङ्ख्या | २ | ४ | ५ | ७ | ७ | २५ | ४६ | |
| १४ | विधालयमा स्वास्थ्यकर्मीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | शैक्षिक सामाग्री एवं उपकरणहरुको व्यवस्थापन | सङ्ख्या | | | | | | | | आवश्यकतानुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | गरिब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | २ | ७ | १५ | |
| १७ | उत्पादन मुलक एवं व्यावसायिक कार्यक्रम | पटक | | | | | | | | आवश्यकतानुसार |
| १८ | स्थानीय पाठ्यक्रमको निर्माण एवं कार्यान्वयन | सङ्ख्या | | | | | | | | सबै (१-८) |

रामारोशन गाउँपालिकाले शिक्षा क्षेत्रको समग्र विकासका लागि १० वर्षे कार्ययोजना तयार पारेको छ, जसअन्तर्गत गाउँपालिकाभित्रका शिक्षा क्षेत्रलाई समेटेर सन्तुलित, समावेशी र गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। यस योजनाअनुसार प्रत्येक विद्यालयको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन हरेक वर्ष गरिनेछ, जसबाट विद्यालयहरूको भौगोलिक र जनसांख्यिकीय सन्तुलन कायम हुनेछ। सुविधासम्पन्न भवन तथा ल्याब निर्माण १० वर्षमा १० ओटा पुरा गर्ने लक्ष्य छ, जसले आधारभूत पूर्वाधार सुधार्नेछ।

त्यस्तै, सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार क्रमशः विस्तार गर्दै १० वर्षमा २१ ओटा पुरा गर्ने योजना छ। शिक्षकहरूको क्षमता विकास, ओजिटी कार्य, तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोग आवश्यकता अनुसार गरिनेछ, जसले सिकाइको गुणस्तरमा सकारात्मक प्रभाव पार्नेछ। हरेक विद्यालयमा प्रविधिमैत्री कक्षाकोठा स्थापना गर्दै १० वर्षमा ५० ओटा बनाइनेछ।

साथै, प्रयोगात्मक सिकाइ प्रवर्द्धन गर्न प्रयोगशाला (ल्याब) र पुस्तकालय प्रत्येक विद्यालयमा स्थापना गरिनेछ, जसको लक्ष्य १०/१० ओटा हो। ICT को निर्माण पनि क्रमशः विस्तार गर्दै १० वर्षमा १० ओटा विद्यालयमा ICT को पहुँच विस्तार गरिने कुरा गरिएको छ । विद्यालयहरूलाई विपदमा सुरक्षित बनाउने हेतुले विपद व्यवस्थापन योजना १० वर्षमा ४६ ओटै विद्यालयमा लागु गरिनेछ।

विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, शैक्षिक सामग्री र उपकरणको व्यवस्थापन, तथा उत्पादनमूलक तथा व्यावसायिक कार्यक्रम सञ्चालन गर्ने योजनासमेत छ। साथै, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम १० वर्षमा १५ ओटा विद्यालयमा सञ्चालन गरिनेछ। सबै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरेर शिक्षा प्रणालीलाई थप शसक्त बनाइनेछ।

यसरी, रामारोशन गाउँपालिकाले शिक्षा क्षेत्रलाई समेटेर निर्माण, व्यवस्थापन, तालिम, प्रविधि र समावेशीतालाई समन्वय गरी शिक्षा क्षेत्रमा दिगो र गुणस्तरीय सुधार ल्याउने प्रयास गरेको छ ।

## ३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१. वर्तमान अवस्था

स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवस्था विश्लेषण गर्दा निम्नलिखित विषय क्षेत्रका आधारमा अवस्थाहरूलाई प्राथमिकतामा राख्नुपर्छः

**१. निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको अवस्था**

स्थानीय तहमा निरन्तर र खुला सिकाइको अवस्था अझै पनि विकास गर्नुपर्ने छ। विशेष गरी ग्रामीण र दुर्गम क्षेत्रमा शिक्षा र सूचना प्रवाहको अवस्था कमजोर छ। अधिकांश समुदायहरूमा शिक्षा सन्देशको पहुँच नहुनु, माध्यमिक र उच्च शिक्षातर्फको प्रवृत्ति कम हुनु र शिक्षाको गुणस्तरमा असमानता पाउनु महत्वपूर्ण चुनौती हो। अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरूको अभाव छ जसका कारण स्थानीय जनसाधारणलाई आफ्नो क्षमता बढाउनका लागि पर्याप्त अवसर प्राप्त गर्न कठिनाइ भइरहेको छ।

**२. विभिन्न समूहको साक्षरताको अवस्था**

स्थानीय तहमा विशेष गरी महिला, वृद्ध तथा आदिवासी र जनजाति समुदायको साक्षरता स्तर कम छ। त्यहाँका नागरिकहरूले साक्षरताको आधारभूत ज्ञान र आजीवन सिकाइका अवसरहरूको कमी महसुस गरेका छन्। यी समूहहरूको शिक्षा स्तर सुधार्नको लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइका विशेष कार्यक्रमहरूको आवश्यक छ।

**३. विभिन्न किसिमका सिप विकासको अवस्था**

स्थानीय तहमा विभिन्न सिप विकासका कार्यक्रमहरू भनेको थोरै मात्रामा छन्। यी कार्यक्रमहरूको क्षमता सीमित र पहुँच पनि कम छ। धेरैजसो सिप विकास कार्यक्रमहरू केन्द्रीय सरकारले मात्र सञ्चालन गर्ने गरेका छन् र स्थानीय तहमा यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन।

**४. सामुदायिक सिकाइ केन्द्र र अनौपचारिक शिक्षाको क्षेत्रमा गरेका कार्यक्रम**

केही सामुदायिक सिकाइ केन्द्रहरू कार्यरत छन्। तर यी केन्द्रहरूको सञ्चालन, संरचना र गतिविधिहरूको प्रभावकारिता सन्दर्भमा चुनौतीहरू छन्। यस्ता केन्द्रहरूमा मात्र किताबहरू र साधारण सिकाइका सामग्रीहरू उपलब्ध छन्, जसले दीर्घकालीन रूपमा शिक्षा र सिकाइको गुणस्तरमा परिवर्तन ल्याउन सक्दैन।

**५. सामुदायिक पुस्तकालय सञ्चालन**

सामुदायिक पुस्तकालयहरूका बारेमा भन्नुपर्दा, स्थानीय तहमा पुस्तकालयहरू नगण्य अवस्थामा छन् यसकारण पुस्तकालयहरूको निर्माण गरि यसको पहुँच र सामग्रीमा जोड दिनु आवश्यक छ।

**६. अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रवर्द्धनका लागि गरेका असल अभ्यासहरू**

केही स्थानमा स्थानीय तहले अनौपचारिक शिक्षा र आजीवन सिकाइका पहलहरू सुरु गरेका छन् जस्तै ग्रामीण महिला सशक्तिकरणका लागि विशेष सिप विकास तालिमहरूको आयोजना गर्नु र समुदायमा

खुलेआम सिकाइका कार्यक्रमहरू सञ्चालन गर्नु। यद्यपि यी कार्यक्रमहरू अझै सिमित र प्रभावकारी छैनन्।

**७. चुनौती र अवसर**

चुनौतीहरूमा बजेटको कमी, शैक्षिक सामग्रीको अभाव, प्रशिक्षकहरूको कम सङ्ख्या र सामुदायिक सहभागिता नहुने कुरा प्रमुख छन्। तर अवसरहरू पनि छन्। जस्तैः स्थानीय समुदायको उत्साह, महिला र युवा सशक्तीकरणको महत्त्व र प्रविधिको प्रयोगका अवसरहरू, जसलाई अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रमहरूमा समाहित गर्न सकिन्छ।

## ३.५.२. उद्देश्य

स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइसँग सम्बन्धित उद्देश्यहरूः

**१. सामावेशी र समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने**

सबै वर्ग, जाति र समुदायका व्यक्तिहरूलाई अनौपचारिक शिक्षा र आजीवन सिकाइका समान अवसर प्रदान गर्ने, ताकि कुनै पनि व्यक्ति सिक्नबाट पछाडि नपरोस्। यसका लागि महिला, वृद्ध, बालबालिका र अन्य कमजोर वर्गलाई लक्षित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नु।

**२. सामुदायिक सिकाइ केन्द्रमार्फत सिपविकास र आयमूलक कार्यक्रम सञ्चालन गर्ने**

स्थानीय समुदायको आवश्यकताका आधारमा सिप विकास तालिम र आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, जसले समुदायलाई आर्थिक रूपमा सशक्त बनाउने र रोजगारीको अवसरहरू प्रदान गर्ने।

**३. स्थानीय तहका सबै नागरिकका लागि उपयुक्त र सरल सिकाइ अवसरहरूको सुनिश्चितता गर्ने**

स्थानीय तहमा रहेका विभिन्न समूहहरूको सांस्कृतिक र भाषिक विविधतालाई मध्यनजर राख्दै अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरूको पहुँच वृद्धि गर्ने।

## ३.५.३. रणनीति

उपरोक्त उद्देश्यहरूको प्राप्तिका लागि स्थानीय तहले निम्नलिखित रणनीतिहरू अपनाउन सक्दछः

**१. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण**

सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढ गरिनेछ, जसमा पुस्तकालय, सूचना केन्द्र, सञ्चार सेवा (जस्तै FM) र अन्य सुविधाहरू समावेश हुनेछन्। यस केन्द्रलाई समावेशी र समतामूलक आजीवन सिकाइका थलोका रूपमा विकास गर्ने, जसले सबै वर्गका व्यक्तिहरूलाई सिकाइका अवसरहरू प्रदान गर्ने।

**२. साक्षरता कक्षाहरू सञ्चालन गर्ने**

सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्थाहरू, नागरिक समाज र सञ्चार माध्यमहरूलाई एकीकृत गरी साक्षरता कक्षाहरू सञ्चालन गर्ने। यसले सबै वर्गका व्यक्तिहरूलाई शिक्षा प्राप्ति र आफ्नो जीवनस्तर सुधार्ने मौका दिनेछ।

**३. स्थानीय आवश्यकता अनुसार पाठ्यक्रम र सिकाइ मोडुलको विकास**

पाठ्यक्रम र सिकाइ सामग्रीहरूलाई स्थानीय समुदायका आवश्यकताअनुसार अनुकूलित गर्ने र विभिन्न भाषिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमिका व्यक्तिहरूका लागि उपयुक्त सामग्री उपलब्ध गराउने।

**४. सिपविकास र आयमूलक कार्यक्रमहरू**

सामुदायिक सिकाइ केन्द्रमार्फत सिप विकासका तालिमहरू सञ्चालन गर्ने, जसले युवाहरूसँगै महिलाहरूलाईसमेत सक्षम बनाउने। यसले रोजगारको अवसरहरूको सिर्जना गर्ने र समुदायको आर्थिक उन्नतिको मार्ग खोल्नेछ।

**५. सामुदायिक पुस्तकालयहरूको सञ्चालन र सुधार**

सामुदायिक पुस्तकालयहरूलाई थप सशक्त बनाउनका लागि स्थानीय र केन्द्र सरकारसँग सहकार्य गरेर पुस्तकालयहरूको संरचना र पहुँच सुधार गरिनेछ। पुस्तकालयहरूलाई समुदायका विभिन्न सदस्यहरूको आवश्यकताअनुसार थप उपयोगी बनाइनेछ।

**६. प्रविधिको उपयोग र पहुँचको विस्तार**

अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रमहरूमा प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिइनेछ। डिजिटल उपकरणहरू, मोबाइल एप्स, अनलाइन पाठ्यक्रमहरू तथा सामाजिक सञ्जालको प्रयोगद्वारा शिक्षा प्रणालीलाई पहुँचयोग्य, लचिलो र प्रभावकारी बनाइनेछ। प्रविधिको सहायताले साक्षरता अभियान, सीपमूलक तालिम, वयस्क शिक्षा र जीवनोपयोगी ज्ञानहरूलाई ग्रामीण तथा दुर्गम क्षेत्रसम्म पुऱ्याउन सकिनेछ। साथै, प्रविधिका माध्यमबाट शिक्षार्थीले आफैंले रोजेको समयमा सिक्न पाउने स्वतन्त्रता प्राप्त गर्नेछन्, जसले सिकाइमा रुचि र सहभागिता बढाउनेछ।

यसरी, स्थानीय तहले प्रविधि-आधारित रणनीतिहरू अपनाएर अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रमहरूलाई अझ समावेशी, समतामूलक, गुणस्तरीय र प्रभावकारी बनाउँदै सबै वर्ग, उमेर र पृष्ठभूमिका व्यक्तिहरूलाई सिकाइको अवसरमा समावेश गर्न सक्नेछ। यो प्रविधिमैत्री दृष्टिकोण समावेशी शिक्षाको दिशातर्फको एक ठोस कदम हुनेछ।

### ३.५.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. रामारोशन गाउँपालिकाका माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा र तालिमका अवसरहरूको पहुँच सुनिश्चित हुनेछ।

२. महिला र कमजोर समुदायका लागि विशेष तालिम कार्यक्रमहरूको सङ्ख्या र पहुँच बढाइनेछ।

३. कृषिमा आधारित तालिम कार्यक्रमहरूको विस्तार गरी स्थानीय स्वरोजगारी र रोजगारका अवसरहरू सिर्जना गरिनेछ।

४. समाजमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको महत्त्व र प्रभावकारिता बारे जागरूकता फैलाइनेछ।

५. यसले गाउँपालिकाका नागरिकलाई सशक्त पार्ने र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ

| क्र. स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५वर्ष भन्दा माथि) * (%) | ६०% | ६१% | ६२% | ६५% | ६७% | ७०% |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (१५वर्ष भन्दा माथिका महिला (%) | ५४% | ५६% | ५९% | ६२% | ६४% | ६५% |
| ३ | आधारभूत सुविधा सम्पन्न सामूदायिक सिकाइ केन्द्रको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ४ | सामूदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | ० | ० | ० | १ |

रामारोशन गाउँपालिकाले आगामी १० वर्षका लागि तयार गरेको शिक्षा योजनामा साक्षरता वृद्धिलाई विशेष प्राथमिकता दिइएको छ। प्रस्तुत तथ्याङ्कअनुसार, सन् २०८१/८२ मा १५ वर्षभन्दा माथिका व्यक्तिहरूमध्ये ६०% मा भाषिक तथा गणितीय साक्षरता सीप रहेको देखिन्छ, जसलाई क्रमशः वृद्धि गर्दै २०८५/८६ सम्ममा ७०% पुऱ्याउने लक्ष्य राखिएको छ। यस अवधिमा हरेक वर्ष साक्षरताको प्रतिशत १:३ अंकले बढाइँदै लैजाने योजना स्पष्ट छ।

त्यस्तै, महिलाको साक्षरतामा पनि उल्लेखनीय सुधारको लक्ष्य लिइएको छ। प्रारम्भिक अवस्थामा २०८१/८२ मा १५ वर्षभन्दा माथिका महिलाहरूमा ५४% साक्षरता रहेकोमा २०८५/८६ सम्ममा त्यसलाई ६५% पुऱ्याउने लक्ष्य लिइएको छ, जुन ५ वर्षमा ११% वृद्धिको संकेत हो। यसले लिंगीय समानताको दिशामा गाउँपालिकाको गम्भीर प्रतिबद्धता देखाउँछ। साक्षरता अभिवृद्धिका लागि आधारभूत पूर्वाधारको व्यवस्थापन सहितका सामुदायिक सिकाइ केन्द्रको संख्या प्रत्ययक वर्षहरूमा १/१ बनाउदै लैजाने योजना बनाएको छ ।

# परिच्छेद- ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध

### परिचय

देशको वर्तमान शासकीय स्वरुपअनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन, लगायतका पक्षहरुलाई समेत विचार गरेर सस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुको विस्तार र समता तथा समावेशितासहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरु कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरु पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरुको सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रकियाको विकास तथा परिवर्तनको प्रस्ताव पेस गरिएको छ ।

### ४.१.१. वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण संघीय, योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्ड र  शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको

कारणले प्रदेश स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन हुन नसकेका गुनासाहरु मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरुमध्ये सातओटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रुपमा क्रियाशील रहेका छन् । अन्य तालिम केन्द्रहरु खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशानलयहरु प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरु शिक्षा विकास तथा समन्वय इकाइमा रुपान्तरण भएका छन् । लोक सेवा आयोगले कम्तीमा एउटा स्थानीय तहका लागि एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका करिब ७०० शिक्षा सेवाका कर्मचारीहरुको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४ (घ) १ को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । सङ्घीय स्वरुपअनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ । त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो। जिल्ला समन्वय इकाइ र प्रदेश शिक्षा निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिकधार लगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालयलगायत निजी प्रदायक संस्थाबाट संचालन भइरहेका कार्यक्रमहरुलाई व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुङ्गो लागेको अवस्था छैन । शिक्षकहरुलाई स्थायी पदको शिक्षकमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरु सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुङ्गो लाग्न बाँकी नै रहेको अवस्था छ। विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरुमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता

महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु पर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ ओटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा, बढुवा, कार्यसम्पादन मूल्याङ्कन, शिक्षक तालिम, दरबन्दी सिर्जना आदिजस्ता कुराहरुमा अन्योल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ।

## ४.१.२. उदेश्यहरु

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचनाबमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उदेश्यहरु निम्नअनुसार छन् :

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने र संस्थागत व्यवस्था गर्ने,

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,

३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी सुशासन अभिवृद्धि गर्ने,

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक, प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

## ४.१.३. रणनीतिहरु

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबिच समन्वय र सहकार्य गरिने छ ।

२. संघीय सरकारलाई संघीय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ।

३. स्थानीय तहको शिक्षा ऐन, नियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयन गरिने छ।

४. प्रदेश र स्थानीय सरकारको उत्तरदायित्वलगायतका पक्षहरुमा स्पष्टता कायम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ।

५. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ।
६. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न गाउँ शिक्षा समितिलाई थप क्रियाशिल बनाइने छ ।
७. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबीच कार्यविवरण स्पष्ट गरिने छ।
८. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।
९. औपचारीक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।
१०. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ। साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

### ४.१.४. उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापः

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।

**ख) प्रमुख नतिजाहरु**

१. तीनै तहका सरकार विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
२. तीनै तहका सरकार, विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
३. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमतामा सुधार हुने,
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाईप्रति जवाफदेही, समतामूलक तथा समावेशी कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने।

## ४.२. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.२.१. वर्तमान अवस्था

यस रामारोशन गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइसामग्री तथा मूल्याङ्कनको सम्बन्धमा भएको व्यवस्थाहरु यसप्रकार रहेका छनः

१. कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा रहेको,

२. शैक्षिक सत्र २०८२ देखि लागु हुने गरी कक्षा १ को स्थानीय बिषयको पाठ्यपुस्तक निर्माणको चरणमा रहेको,

३. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम विद्यालयहरुमा पाठ्यक्रमहरु लागू भएको,

४. राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रले निर्दिष्ट गरेका पाठ्यपुस्तकहरु लागू भई कार्यान्वयन भइरहेको,

५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन भइरहेको,

६. विद्यालयलाई सूचना तथा सञ्चार प्रविधियुक्त बनाउन प्रत्येक बर्ष आवश्यकताको आधारमा विद्यालयलाई ICT-Lab को योजना वितरण गरी कार्यान्वयन गर्ने गरेको,

७. आवश्यकताको आधारमा पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन गर्ने गरेको,

८. पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन सम्बन्धीको गतिविधिको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने गरेको ।

### ४.२.२. उद्देश्य

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित पालिकाका उद्देश्यहरु यस प्रकार रहेका छन् :

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्ने,

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्ने,

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने ।

### ४.२.३. रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा अन्य सरोकारवालहरूलाई प्रबोधीकरण गरिनेछ ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गरिनेछ ।

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्व- अध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।

६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिनेछ ।

७. विद्यालमा आधारित सहयोगपद्धति विकास गरिनेछ ।

८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकाहरुलाई सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइनेछ ।

१०. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास तथा प्रयोगलाई व्यवस्थित गरिनेछ ।

११. स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिनेछ ।

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गरिनेछ ।

### ४.२.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कनपद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरण

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एकिकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | आवश्यकतानुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | आवश्यक तानुसार |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | सङ्ख्या | ० | | | | | | | आवश्यक तानुसार |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सङ्ख्या | ० | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | ० | २ | २ | २ | २ | २ | १० | |

दिइएको आँकडाका आधारमा विश्लेषण गर्दा रामारोशन गाउँपालिकाले गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्न रणनीतिपूर्ण कार्यान्वयन थालेको देखिन्छ। एकीकृत पाठ्यक्रम लागू गर्ने र परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालयको संख्या प्रारम्भिक वर्षदेखि नै ४६ रहेको छ, जुन गाउँपालिकामा रहेका सबै विद्यालयहरूमा यी अभ्यासहरू पूर्णरूपमा कार्यान्वयनमा छन्। यसले पाठ्यक्रम एकरूपता, मूल्याङ्कनको मापदण्डमा सुधार, र शिक्षण-शिकाइको स्तर उकास्न सहयोग पुऱ्याएको देखिन्छ। त्यसैगरी स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालयको संख्या शून्य रहेको छ, जसले शिक्षाको स्थानीय सन्दर्भसँगको सम्बन्ध अझ मजबुत पार्नुपर्ने आवश्यकता औंल्याउँछ। निरन्तर विद्यार्थी मूल्याङ्कन (Continuous Assessment) पनि आधार वर्षबाटै सम्पुरण विद्यालयमा कार्यान्वयनमा रहेको कुरा देखिन्छ । जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सन् २०८२/८३ बाट क्रमशः २/२ का दरले बनाउदै १० वर्षे अवधिमा जम्मा १० वटा पुऱ्याउने लक्ष्य राखिएको छ।

### ४.२.५. प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य विवरण

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | बार्षिक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | | | | | | | | एकाइगत |
| ३ | स्थानीय पाठ्यपुस्तक विकास तथा कार्यान्वयन | कक्षा | ० | १ | २ र ३ | ४ र ५ | ६-८ | १-८ | १-८ | सबै विद्यालय |

रामारोशन गाउँपालिकाले शिक्षाको गुणस्तर अभिवृद्धि र प्रभावकारी कार्यान्वयनका लागि विशिष्ट योजना अघि सारेको छ, जसमा वार्षिक रूपमा मूल्याङ्कन र दीर्घकालीन लक्ष्य दुवै समेटिएका छन्। प्रस्तुत विवरण अनुसार, शिक्षकहरूको क्षमतामा सुधार ल्याउन प्रत्येक वर्ष एकपटक पेसागत तालिम सञ्चालन गरिनेछ, जसको लक्ष्य पाँच वर्षमा कम्तीमा पाँचपटक तालिम दिनु रहेको छ। यो बार्षिक तालिमले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ र शिक्षण—शिक्षण प्रक्रियालाई समसामयिक बनाउने अपेक्षा गरिएको छ।

दोस्रो क्रियाकलाप अन्तर्गत प्रत्येक कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कनलाई प्राथमिकता दिइएको छ, जसलाई एकाइगत रूपमा सञ्चालन गरिनेछ। यसले शिक्षण सिकाइ प्रक्रियामा नियमित पृष्ठपोषण प्रणाली स्थापना गर्न मद्दत पुऱ्याउनेछ र विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर सुधार ल्याउने सम्भावना बढाउनेछ। यो मूल्याङ्कन प्रणालीले विद्यार्थीको व्यक्तिगत आवश्यकता पहिचान गर्न र शिक्षकले शिक्षण पद्धति अनुकूल बनाउन सहयोग पुऱ्याउनेछ।

तेस्रो क्रियाकलाप पाठ्यपुस्तक विकास तथा कार्यान्वयनसँग सम्बन्धित छ। प्रारम्भिक वर्षमा कुनै पाठ्यपुस्तक विकास नहुने भए पनि दोस्रो वर्षदेखि क्रमशः कक्षा १ देखि ८ सम्मका सबै कक्षाका लागि स्थानीय पाठ्यपुस्तक निर्माण र प्रयोगको योजना छ। दश वर्षको अवधिमा पालिकाभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यपुस्तक कार्यान्वयन गरिने लक्ष्यले स्थानीय सन्दर्भ र सांस्कृतिक आवश्यकता अनुरूपको शिक्षालाई प्रोत्साहन गर्नेछ। यसले बालबालिकामा सिकाइमा चासो, सहभागिता र बुझाइको गहिराइ बढाउने अपेक्षा गर्न सकिन्छ।

## ४.३. शिक्षक व्यवस्थापन र विकास

### ४.३.१. वर्तमान अवस्था

रामारोशन गाउँपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा शिक्षक व्यवस्थापन र विकासको सम्बन्धमा भएको व्यवस्थाको विश्लेषण गरिएको छः

- ❖ स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था
- ❖ शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति
- ❖ शिक्षक तयारी
- ❖ शिक्षण सिकाइ क्रियाकलाप

- ❖ शिक्षकको पेसागत तथा क्षमता विकास कार्यक्रम
- ❖ शिक्षक पेसागत सहयोग पद्धति
- ❖ शिक्षकको आपूर्ति र वितरण
- ❖ चुनौती र अवसरहरू

### ४.३.२. उद्देश्य

शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित रामारोशन गाउँपालिकाका उद्देश्यहरु यस प्रकार छनः

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्ने,

२. शिक्षक तालिम,शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्ने,

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

### ४.३.३. रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि रामारोशन गाउँपालिकाले अपनाउने रणनीतिहरु यसप्रकार छनः

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ,

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गरिनेछ,

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गरिनेछ,

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञसमूह गठन, शिक्षक सिकाइसमूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,

६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू बुँदागत रूपमा यस प्रकार छनः

१. **शिक्षक अभावको समाधान र उचित दरबन्दी व्यवस्थापनः** तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण गरिँदा विद्यालयहरूमा आवश्यक शिक्षकको व्यवस्थापन र सुनिश्चितता हुनेछ, जसले सिकाइ प्रक्रियालाई नियमित र प्रभावकारी बनाउनेछ।
२. **स्थानीय स्रोतको उपयोगद्वारा रिक्त दरबन्दी पूर्तिः** स्थानीय तहबाट रिक्त पदमा शिक्षक व्यवस्थापन गरिँदा शिक्षकको समयमै उपलब्धता सुनिश्चित हुनेछ र शिक्षण कार्यमा रोकावट नआउनेछ।
३. **शिक्षकको सिप विकास र गुणस्तरीय शिक्षा प्रवाहः** सेवाकालीन तालिम र निरन्तर पेसागत विकासले शिक्षकमाझ दक्षता वृद्धि हुनेछ, जसको प्रत्यक्ष प्रभाव विद्यार्थीको सिकाइमा पर्न जानेछ।
४. **सहयोगी र उत्प्रेरणात्मक वातावरणको विकासः** विषयगत शिक्षक सञ्जाल, मेन्टरिङ र कोचिङ प्रणालीले शिक्षकहरूबीच सहयोग, अनुभव आदानप्रदान र नवप्रवर्तनशील प्रविधिको प्रयोगलाई बढावा दिनेछ।
५. **शिक्षकको नियमितता र कार्यसम्पादनमा सुधारः** शिक्षकको उपस्थिति तथा कार्यसम्पादनमा नियमित निरिक्षण र सुधारको कार्यले शिक्षकहरूको उत्तरदायित्व बोध बढाउनेछ, जसले शैक्षिक वातावरणलाई थप अनुशासित बनाउनेछ।
६. **सिकाइ केन्द्रीत जवाफदेही प्रणालीको विकासः** वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्दा शिक्षक तथा विद्यालय प्रशासन परिणामप्रति बढी उत्तरदायी हुनेछन्।
७. **शिक्षाको समग्र गुणस्तरमा सुधारः** माथिका सबै रणनीतिहरूको एकीकृत कार्यान्वयनबाट शिक्षाको गुणस्तर, पहुँच, र समावेशिता तीनै पक्षमा दीर्घकालीन र दिगो सुधार सम्भव हुनेछ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ९० | ९० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ४० | ५० | ६० | ७० | ८० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | २० | ४० | ६० | ८० | १०० |

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा आधारभूत तहमा कार्यरत शिक्षक तथा सहजकर्ताको तोकिएको योग्यता प्राप्त दर आधार वर्ष २०८१/८२ मै शतप्रतिशत पुगिसकेको हुनेछ । यस्तै, माध्यमिक तह (कक्षा ९—१२) मा न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षकको प्रतिशत २०८१/८२ मा ९० रहेको र यसलाई २०८२/८३ मा शतप्रतिशत पुऱ्याएर पूर्णता दिइएको हुनेछ । सूचना तथा सञ्चार प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षकहरूको प्रतिशत आधार वर्षमा ४० रहेको छ । प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि गरी अन्तिम वर्ष २०८५/८६ सम्ममा शतप्रतिशत लक्ष्य हासिल गरिएको हुनेछ। त्यसैगरी, शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन भएका विद्यालयहरूको प्रतिशत आधार वर्षमा शून्यबाट सुरु भई क्रमशः २०८१/८२ मा २० प्रतिशत, २०८२/८३ मा ४० प्रतिशत, २०८३/८४ मा ६० प्रतिशत, २०८४/८५ मा ८० प्रतिशत र अन्ततः २०८५/८६ सम्ममा १०० प्रतिशत विद्यालयमा यो प्रणाली लागू भइसकेको हुनेछ। यसबाट शिक्षकहरूको दक्षता अभिवृद्धि, प्रविधिमैत्री शिक्षण र समग्र शैक्षिक सुधारमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरिएको छ।

### ४.३.५. प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा रामारोशन गाउँपालिले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य यस प्रकार छनः

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षक नियुक्ति | % | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई | % | २० | ४० | ५० | ६० | ८० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | | | | | | | | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समयवृद्धि | % | ६० | ७० | ८० | ९० | १०० | १०० | १०० |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | % | ५० | ७५ | १०० | १०० | १०० | १०० | १०० |

माथिको तालिकाअनुसार, रामारोशन गाउँपालिकाको शिक्षाको समावेशिता, गुणस्तर र शिक्षक दक्षता अभिवृद्धिलाई केन्द्रमा राखिएको छ । यस योजनामा शिक्षक नियुक्ति १००% सुनिश्चित गर्ने लक्ष्य राखिएको छ, जसले शिक्षाको गुणस्तर सुधार्नेछ। साथै, अपाङ्गता भएका व्यक्तिहरू, महिला र सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा समावेश गर्ने लक्ष्य पहिलो वर्षमा २०% बाट पाँचौं वर्षमा १००% पुऱ्याउने योजना छ, जसले समान अवसर र समावेशिता सुनिश्चित गर्नेछ। शिक्षकहरूले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय ६० % बाट १०/१० प्रतिशतले बृद्धि गरी १००% पुर्याइ विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउने भनिएको छ । शिक्षकहरूको पेशागत विकासका लागि विद्यालयमा आधारित सहयोग पनि पाँचवर्ष भित्र १००% विद्यालयमा विस्तार गरिने लक्ष्य राखिएको छ, जसले शिक्षकहरूको दक्षता र कार्यसम्पादनमा सुधार ल्याउनेछ।

## ४.४ शैक्षिक समता र समावेशीकरण

### ४.४.१ वर्तमान अवस्था

रामारोशन गाउँपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा शैक्षिक समता र समावेशीकरणको अवस्थाको विश्लेषण गरिएको छः

- जातजातिगत तथा भाषिक
- लैङ्गिक
- अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचानका लागि अनुकूल पहुँच सुनिश्चित गर्न उपकरणको व्यवस्था र वैयक्तिक सहयोग प्रणाली
- विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाको अवस्था
- आर्थिक रूपले विपन्नताका समता लक्षित प्रमुख कार्यक्रमहरू
- छात्रवृत्ति
- सिकाइ वातावरण सुधार

- पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ क्रियाकलाप
- वैकल्पिक सिकाइ प्रबन्ध
- शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशिता
- चुनौती र अवसरहरू

### ४.४.२ उद्देश्य

शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित रामारोशन गाउँपालिकाका उद्देश्यहरु

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,

४. विद्यार्थीका गुनासो सुनुवाइ व्यवस्थापन गर्नु ।

### ४.४.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गरिनेछ ।

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गरिनेछ ।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित वर्गको पहिचान गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको सहभागिता सुनिश्चित हुने व्यवस्था गरिनेछ ।

४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गरिनेछ ।

५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरूलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।

६. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइने अवसर प्रदान गर्न प्राथमिकता दिइनेछ ।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी बिषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिनेछ ।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छन:

लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा विवरण:

| क.स. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८०/०८१) | २०८४/०८५ | २०८६/०९० |
|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या प्रतिशत | १.३ | १.० | ०.८ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक प्रतिशत | १.०१ | १.०१ | १.०१ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक प्रतिशत | १.०६ | १.०१ | १.० |

माथिको आँकडाअनुसार, आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या घट्दै जानेछ, जसअनुसार आधार वर्ष २०८०/०८१ मा १.३ प्रतिशत रहेका बालबालिकाको सङ्ख्या २०८६/०९० सम्ममा घटेर ०.८ प्रतिशतमा झर्ने लक्ष्य राखिएको छ। यसले शिक्षामा पहुँच र सहभागीता बढ्ने संकेत गर्दछ। त्यसैगरी, आधारभूत तहमा लैङ्गिक समता सूचक १.०१ मा स्थिर रहनेछ, जुन महिलातर्फको सहभागीता सन्तुलनमा रहेको देखाउँछ। माध्यमिक तहमा समेत यो सूचक आधार वर्षमा १.०६ रहेकोमा क्रमशः घट्दै २०८६/०९० मा १.० मा झर्ने लक्ष्य छ, जसले माध्यमिक तहमा समेत लैङ्गिक समताको अवस्था सुधार हुने संकेत गर्छ। यसरी योजनाको सफल कार्यान्वयनले शिक्षालाई थप समावेशी, समान र पहुँचयोग्य बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

### ४.४.५. प्रमुख क्रियाकलाप र लक्ष्य

रामारोशन गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यः

| क्र.स. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | | | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी सङ्ख्या | | | | | | | | |
| ६ | अपाङ्गतामैत्री विद्यालय सँख्या | | १ | १ | २ | १ | ३ | ८ | ८ | |

## ४.५. दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.५.१. वर्तमान अवस्था

रामारोशन गाउँपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमको अवस्थाको विश्लेषण गरिएको छः

- विद्यालय खाजा प्राप्त गर्ने कक्षाहरू र खाजाको व्यवस्थापन
- विद्यालयमा सञ्चालित स्वास्थ्य र पोषणका कार्यक्रम
- विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था
- दिवाखाजा घर, भान्छा घर निर्माण र प्रयोगको अवस्था
- चुनौती र अवसरहरू

### ४.५.२. उद्देश्य

दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित रामारोशन गाउँपालिकाका उद्देश्यहरु यस प्रकार छनः

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.५.३. रणनीति

माथि उल्लिखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ।

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गरिनेछ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय, किशोरीहरूका लागि चेन्जरुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरमा सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

४. विद्यालयहरूमा प्राथमिक उपचार किट बक्स, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सुक्ष्म पोषकतत्वप्रदायक भिटामिन 'ए' तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिनेछ,

६. दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी, सार्वजनिक, साझेदारी, अभिभावकहरूको सहभागिता र विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

## ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यस प्रकार रहेका छन्ः

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**नतिजा**

| क्र.स. | सूचक | आधार वर्ष २०८०/०८१ | २०८४/०८५ | २०८६/०९० | कैफयत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | |
| ३ | दिवाखाजा प्राप्त गर्ने कक्षा | १ देखि ५ | | | |
| ४ | न्यूनतम रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणमा पहँच पुगेका विद्यालयको सँख्या | | | | सबै विद्यालय |
| ५ | न्यूनतम खानेपानी, र शौचालयको सुविधा पुगेका विद्यालयहरुको संख्या | ४६ | ६२ | मर्मतसम्भार तथा स्तरोनन्ति | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | १ | ५ | ६ | |

## ४.५.५. प्रमुख क्रियाकलाप र लक्ष्य

पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवाखाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | संख्या | | | | | | | | सबै विद्यालयहरुमा छुट्टै भान्साघर बनाउने |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | संख्या | | | | | | | | सबै विद्यालयहरुमा |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्यसामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | संख्या | | | | | | | | समबद्ध कृषि सहकारी तथा कृषकहरुलाई तालिमको व्यबस्था गर्न |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | संख्या | ४६ | | | | ५२ | ६२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | संख्या | | | | | | | | कक्षा ६ देखि माथी संचालित सबै |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्म पोषकतत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | संख्या | | | | | | | | सबै |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट बक्स प्रदान | संख्या | | | | | | | | सबै |

## ४.६. आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ४.६.१ वर्तमान अवस्था

विद्यमान नीतिगत व्यवस्था

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ अनुसार प्रदेश र स्थानीय तहमा विपद् उत्थानशीलताको संयन्त्रको व्यवस्था रहेको,

२. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था रहेको,

३. भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको,

४. विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको,

५. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको,

६. विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१ को व्यवस्था रहेको,

७. वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन) को व्यवस्था रहेको,

८. वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने) को व्यवस्था रहेको,
९. दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको ।

**स्थानीय तहको विद्यमान अवस्थाः**

रामारोशन गाँउपालिकामा आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाको अवस्थाः

१. बालमैत्री र विपद् उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरण कायम राख्न प्रयासरत रहेको,
२. रामारोनश गाउँपालिकाको विभिन्न क्षेत्रमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट पीडित व्यक्तिहरुलाई राहत तथा उद्धारसहित सोबाट बच्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालनमा रहेको,
३. कोभिड- १९ महामारीबाट प्रभावित यस पालिकाका विद्यालयमा अध्ययनरत सम्पूर्ण बालबालिकाहरुको सिकाइ पूर्णताका लागि टोल शिक्षा सञ्चालन गरेको ।

## ४.६.२ उद्देश्य

आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षासँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्रकार रहेका छनः

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने,
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने,
३. आपतकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने ।

## ४.६.३. रणनीतिः

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरिनेछ ।
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराइनेछ ।

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गरिनेछ।

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गरिनेछ।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।

६. विद्यालयस्तरीय विपद्को सामना गर्ने प्रतिकार्य योजना तयार गरिनेछ ।

७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ ।

७. विपद् व्यवस्थापनको लागि विद्यालयको क्षमता विकास गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार यस पालिकामा विद्यालय पूर्वाधार विकास समिति गठन गरिनेछ जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम न्युनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड आदि सम्बन्धी काम, अनुगमान तथा निरीक्षण गर्नेछ ।

९. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइनेछ ।

१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

## ४.६.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छन:

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

नतिजा

कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. स. | सूचक | इकाई | आधार वर्ष २०८०/०८१ | २०८४/०८५ | २०८६/९० | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | संख्या | ४ | ४ | ४ | |
| २ | हरितविद्यालय सङ्ख्या | संख्या | ० | ६ | ६ | |
| ३ | जलवायु परिवर्तन तथा दिगोविकास समबन्धि कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | संख्या | ० | ६ | ६ | |

### ४.६.५. प्रमुख क्रियाकलाप र लक्ष्य

रामारोशन गाँउपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | शिक्षक तथा वि व्य स तालिम | | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.७. विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा बालबालिका भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानीजस्ता भौतिक पूर्वाधारहरु विद्यालयका आधारभूत संरचना हुन् ।

एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नरजस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.७.१. वर्तमान अवस्थाः

रामारोशन गाउँपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा विद्यालयहरुको भौतिक अवस्थाको विश्लेषण गरिएको छ (विद्यालयहरुको भौतिक अवस्थाको विश्लेषण गर्दा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार)।

- जम्मा विद्यालय सङ्ख्या, कक्षाकोठा, पक्की कक्षा कोठा, कच्ची कक्षाकोठा, नपुग कक्षाकोठा,
- पुस्तकालय कोठा, प्रयोगशाला कोठा, कार्यालय कोठा,
- निर्माण तथा पुर्ननिर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या,
- विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेका कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध समेत पूरा भएका विद्यालयहरू ।
- चुनौती र अवसरहरू ।

### ४.७.२. उद्देश्य

विद्यालय भौतिक पूर्वाधार विकाससँग रामारोशन गाउँपालिकाका उद्देश्यहरु निम्न छनः

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधारविकास,मर्मत सम्भार तथा सबलीकरण गर्नु,

३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

### ४.७.३. रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ ।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गरिनेछ ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ ।

४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

### ४.७.४. प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने,

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

<u>**नतिजा**</u>

कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा विवरणः

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | बर्तमान अवस्था | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | सङ्ख्या | ४२ | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | न्युनतम नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | सङ्ख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | सङ्ख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | ७ | |

## ४.७.५. प्रमुख क्रियाकलाप र लक्ष्यः

रामारोशन गाँउपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| **क.स.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष )** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | विद्यालय भवन निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ३ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजुसूची भर्ने | विद्यालय सङ्ख्या | | | | | | | | सबै विद्यालय |
| ६ | सबलीकरण गर्नुपर्ने कक्षा कोठा संख्या | विद्यालय संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० | उच्च जोखिम अनुसार |

## ४.८. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् । उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि

पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel, Kafle, 2020) । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकिकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए । विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्यादै कम रहेको छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बढाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षकको क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न विषयमा डिजिटल सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभड-१९ को महामारीको समयमा यस्ता डिजिटल सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीयप्रति पनि वेभसाइटमा राख्ने गरिएको छ । त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रव्य तथा श्रव्यदृश्य पाठ्यसामाग्रीहरु शिक्षा तथा

मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ। डिजिटल सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन सक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुऱ्याउने, क्षमता विकास गर्न विभिन्न किसिमका अपाङ्गता भएकाहरूको लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

### ४.८.१. वर्तमान अवस्थाः

रामारोशन गाउँपालिकामा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको अवस्था यसप्रकार रहेको छः

१. यस पालिकामा भएका अधिकांश माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भएको र प्रयोगको अवस्था सन्तोषजनक नरहेको,

२. यस पालिकामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भएका माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुले शिक्षा तथा मानव संसाधन विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital material हरूको प्रयोगको अवस्था नाजुक रहेको ।

### ४.८.२. उद्देश्यः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित पालिकाका उद्देश्यहरु यसप्रकार रहेका छनः

१.सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउने,

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।

### ४.८.३. रणनीतिः

उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु यसप्रकार रहेका छनः

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

३. विभिन्न कक्षा र बिषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिइनेछ ।

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ ।

६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीहरूको उचित प्रबन्ध र प्रयोग गरिनेछ ।

### ४.८.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू यसप्रकार रहेका छनः

१. विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

<u>नतिजा</u>

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजा विवरणः

| क्र स. | प्रमुख क्रियाकलापहरू | इकाइ | बर्तमान अवस्था | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | सङ्ख्या | १६ | ८ | ८ | २० | १० | ८ | ४६ | १७ | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | सङ्ख्या | २७ | ५ | ३ | ५ | ५ | २० | ८ | ५ | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | | ४ | ४ | ५ | ५ | १० | १६ | ६ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | | ८ | ८ | १० | १० | १० | ४६ | ६ | |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | सङ्ख्या | ६ | ३० | ४६ | ४६ | ४६ | ४६ | ४६ | १० | |

### ४.८.५ प्रमुख क्रियाकलाप र लक्ष्य

रामारोशन गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य विवरण

| क.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना | सङ्ख्या | ८ | ८ | ८ | १० | १२ | ४६ | ४६ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | ६ | १४ | १० | १० | ६ | ४६ | ४६ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | सङ्ख्या | ३० | ४० | ५० | ७५ | ९० | १०० | १०० | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | ६ | ८ | १० | १० | १० | ४६ | ४६ | |
| ५ | IEMIS व्यवस्थापन | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | |

# परिच्छेद — ५

# सुशासन तथा व्यवस्थापन

## ५.१. सुशासन तथा व्यवस्थापन

### परिचय

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व जिम्मेवारी पारदर्शिता बोध वा जवाफदेहीता, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुयाउन तयार गरिएकासँरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निञ्जित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत अमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रवन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरी ७ ओटा उपशिर्षकहरुमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ५.१.१. वर्तमान अवस्था

१. रामारोशन गाउँपालिकामा गाउँपालिका शिक्षा ऐन निर्माणाधिन अवस्थामा रहेको र शिक्षासम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन भएको छ ।

२. गाउँपालिकामा गाउँ शिक्षा समिति गठन भई शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरु संञ्चालन गरिएको छ ।

३. गाउँ कार्यपालिकाले बार्षिक बजेट निर्माण गरी गाउँसभामा स्वीकृत गराई कार्यान्वयन गराइरहेको छ ।

४. रामारोशन गाउँपालिकामा विद्यालयमा प्राप्त जनशक्ति नरहेकोले हाल अपुग जनशक्तिलाई क्रमशः परिपूर्ति गर्दै लगेको अवस्था छ ।

५. विद्यालयको व्यवस्थापन, लेखाप्रणालीको व्यवस्थापन, आर्थिक स्रोत साधनको व्यवस्थापन तथा आर्थिक लेखाप्रणाली तथा सामाजिक परीक्षण सुचारु रुपमा सञ्चालन भइरहेको छ ।

६. रामारोशन गाउँपालिकाभित्रका विद्यालयहरुमा गुनासो सुनुवाई पेटिकाको व्यवस्थापन गरिनुपर्नेमा सम्पुर्ण विद्यालयमा नभएको अवस्था छ ।

**शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास**

रामारोशन गाउँपालिकामा निम्नलिखित विषय क्षेत्रको आधारमा शिक्षाको ब्यवस्थापन र संस्थागत क्षमता विकासको अवस्था विश्लेषण गरिएको छ ।

| **शिक्षाको संरचना** | **संख्या** |
|---|---|
| प्रारम्भिक वालविकास केन्द्र | ५९ |
| आधारभूत तह(१-३) | १२ |
| आधारभूत तह (१-५) | १९ |
| आधारभूत तह (१-८) | ७ |
| माध्यामिक तह (९-१०) | ३ |
| माध्यामिक तह (९-१२) | ५ |

## ५.१.२. उद्देश्य र रणनीति

१. शिक्षाका लागि आवश्यक कानुनी र नीतिगत संरचना विकास गर्ने

२. शिक्षा क्षेत्रमा दक्ष र उत्तरदायी जनशक्ति व्यवस्थापन गर्नु

३. शिक्षकको निरन्तर पेशागत विकास सुनिश्चित गर्नु

४. शिक्षण सिकाइ प्रक्रियामा नवीनतम प्रविधिको प्रयोग प्रवर्द्धन गर्नु

५. शिक्षा बजेटमा पारदर्शिता र प्राथमिकता निर्धारण गर्नु

६. विद्यार्थीको उपस्थिति र सिकाइ उपलब्धिमा सुधार ल्याउनु

७. शैक्षिक सामग्री र स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्नु

८. शिक्षा क्षेत्रमा अभिभावकको सहभागिता बढाउनु

९. शिक्षामा सामाजिक समावेशीकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्नु

१०. शिक्षा क्षेत्रको अनुगमन, मूल्याङ्कन र सार्वजनिक प्रतिवेदन प्रणाली सुदृढ गर्नु

**५.१.३. रणनीतिहरु :**

१. स्थानीय तहको सन्दर्भ, आवश्यकता र संविधानसँग अनुरूप हुने गरी शिक्षा सम्बन्धी ऐन, नियमावली, नीति, निर्देशिका र कार्यविधिहरू तयार गरिनेछ । यसमा सरोकारवाला निकायहरूसँग परामर्श, विज्ञहरूसँग समन्वय, कार्यशाला र छलफल गरी नीतिगत कागजातहरू तयार गरिने र तिनीहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित समीक्षा गरिनेछ।

२. शिक्षक तथा अन्य शैक्षिक कर्मचारीहरूको छनोट, नियुक्ति, स्थानान्तरण, पदोन्नति र मूल्याङ्कनका प्रक्रियाहरू स्पष्ट, निष्पक्ष र मापदण्डअनुसार पारदर्शी बनाइनेछ जसकालागि खुला प्रतिस्पर्धा, दक्षता परीक्षण, कार्यसम्पादन मुल्याङ्कन र अभिलेखिकरण प्रणालीको विकास गरिनेछ।

३. शिक्षकहरूलाई हरेक शैक्षिक सत्रमा कम्तीमा एक पटक अनिवार्य तालिममा सहभागी गराउने व्यवस्था गरिनेछ। तालिमहरू व्यवहारिक, प्रविधिमैत्री र पाठ्यक्रमअनुकूल हुनेछन्। शिक्षक अनुभव आदानप्रदान कार्यक्रम, विज्ञनसँग छलफल तथा अनलाइन लर्निङ प्लेटफर्महरूलाई पनि समावेश गरिनेछ।

४. विद्यालयमा कम्प्युटर, इन्टरनेट, स्मार्ट बोर्ड, प्रोजेक्टर जस्ता प्रविधिहरूको सुनिश्चितता गरी शिक्षकलाई डिजिटल शिक्षण तालिम प्रदान गरिनेछ। अनलाइन लर्निङ सामग्री उत्पादन र प्रयोगलाई बढावा दिइ प्रविधिको पहुँच नपुगेका विद्यालयहरूमा वैकल्पिक प्रविधिको प्रयोगमा जोड दिइनेछ।

५. शैक्षिक बजेट निर्माण प्रक्रियामा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गरि प्राथमिकताअनुसार अधूरा कार्यक्रम, स्रोत अभाव भएका विद्यालयहरूलाई पहिलो प्राथमिकतामा राखिनेछ। बजेट प्रयोगको विवरण सार्वजनिक सूचना पाटी र वेबसाइटमार्फत जानकारी दिइनेछ।

६. विद्यार्थीको दैनिक उपस्थिति अभिलेख राख्ने डिजिटल प्रणाली विकास गरिनेछ । नियमित रूपमा शिक्षक तथा विद्यालय व्यवस्थापन समितिले अभिभावकसँग समन्वय गरी अनुपस्थित विद्यार्थीको कारण पत्ता लगाइ समाधान खोजिनेछ। सिकाइ उपलब्धि मूल्याङ्कन गरी आवश्यक परे पुनः सिकाइ कार्यक्रम (Remedial Class) सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

७. विद्यालयमा रहेका सम्पूर्ण स्रोतसाधनको सूची तयार गरी अभिलेख गराइनेछ। सामग्रीहरूको प्रयोगको अनुगमन, मर्मत तथा प्रतिस्थापनको व्यवस्था मिलाइनेछ।

८. विद्यालयस्तरमा अभिभावक-शिक्षक भेटघाट कार्यक्रम, अभिभावक दिवस, खुला छलफल तथा स्वेच्छिक श्रमदानको व्यवस्था मिलाइनेछ।

९. सीमान्तकृत, दलित, जनजाति, अपांगता भएका बालिकाहरूका लागि छात्रवृत्ति, पोशाक, पोषण, तथा सिकाइ सामग्री निःशुल्क उपलब्ध गराइनेछ। विद्यालयमा लिङ्गमैत्री वातावरण सिर्जना गर्न शिक्षक र विद्यार्थीहरूलाई समावेशी अभ्यासको प्रशिक्षण दिइनेछ। बालमैत्री शौचालय र पहुँचयोग्य पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ ।

१०. विद्यालय तथा शिक्षकको कार्यसम्पादन, विद्यार्थीको उपलब्धि, स्रोतसाधनको प्रयोग आदि विषयमा मापदण्ड तय गरी अनुगमन गरिनेछ। त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक मूल्याङ्कन गरि नतिजा अभिभावक, स्थानीय निकाय तथा सार्वजनिक रूपमा प्रकाशन गरिनेछ।

## ५.१.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१. रामारोशन गाउँपालिकाले १० वर्षभित्र शिक्षाका लागि आवश्यक ऐन, नीति, निर्देशिका र कार्यविधिहरू निर्माण गरी स्थानीय सन्दर्भअनुसार कार्यान्वयन गर्ने भएकाले शिक्षा प्रणाली स्पष्ट, व्यवस्थित र प्रभावकारी भएको हुनेछ।

२. शिक्षकहरूको छनोट, पदोन्नति, स्थानान्तरण र मूल्याङ्कन प्रक्रियामा पारदर्शिता अपनाइने भएकाले शिक्षा क्षेत्रमा दक्ष, उत्तरदायी र प्रतिबद्ध जनशक्ति व्यवस्थापन सुनिश्चित भएको हुनेछ।

३. शिक्षकहरूलाई नियमित रूपमा तालिम, कार्यशाला, अनुभव आदानप्रदान तथा अनलाइन सिकाइ अवसर उपलब्ध गराइने भएकाले उनीहरूको पेशागत क्षमता र आत्मविश्वासमा वृद्धि भएको हुनेछ।

४. विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, स्मार्ट बोर्डजस्ता प्रविधिको पहुँच विस्तार भई शिक्षणसिकाइ प्रक्रियामा नवीनतम प्रविधिको प्रयोगले शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ।

५. शिक्षा बजेट निर्माण तथा कार्यान्वयनमा विद्यालय, अभिभावक र समुदायको सहभागिता सुनिश्चित गरिने भएकाले बजेटमा पारदर्शिता कायम भई प्राथमिक आवश्यकतानुसार स्रोतको उचित वितरण भएको हुनेछ।

६. विद्यार्थीको उपस्थिति अनुगमन गर्न डिजिटल प्रणाली विकास गरिने, र कमजोर विद्यार्थीका लागि सुधार कक्षा सञ्चालन गरिने हुदा उनीहरूको उपस्थिति र सिकाइ उपलब्धिमा व्यापक सुधार भएको हुनेछ।

७. विद्यालयमा भएका पुस्तक, ल्याब, फर्निचर, भवनलगायत स्रोतसाधनको अभिलेख, मर्मत तथा अनुगमन प्रणाली विकास गरिने भएकाले शैक्षिक सामग्रीको प्रभावकारी र दीगो प्रयोग सुनिश्चित भएको हुनेछ।

८. विद्यालयस्तरमा अभिभावक दिवस, शिक्षक अभिभावक भेटघाट तथा खुला छलफल कार्यक्रम सञ्चालन गरिने भएकाले विद्यालयमा समुदाय र अभिभावकको प्रत्यक्ष सहभागिता र स्वामित्व बढेको हुनेछ।

९. दलित, जनजाति, बालिका, अपांगता भएका बालबालिकालाई छात्रवृत्ति, पोशाक, पोषण र सिकाइ सामग्री उपलब्ध गराइने भएकाले शिक्षा क्षेत्रमा सामाजिक समावेशीकरण र लैङ्गिक समानता प्रवर्द्धन भएको हुनेछ।

१०. विद्यालयको कार्यसम्पादन, विद्यार्थी उपलब्धि र स्रोत प्रयोगका विषयमा नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रकाशित गरिने भएकाले शिक्षा क्षेत्र उत्तरदायी, पारदर्शी र परिणाममुखी बन्नेछ।

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू विवरणः

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ७ | ८ | ८ | ८ | ८ | ८ | ७ | ८ | सबै विद्यालयहरुमा |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ३० | ३५ | ३७ | ३८ | ३८ | ३८ | ३० | ३५ | सबै विद्यालयहरुमा |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | सबै विद्यालयहरुमा |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | सबै विद्यालयहरुमा |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ८ | २ | ३ | सबै विद्यालयहरुमा |
| | | | | | | | | | | |

## ५.१.५. प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | ओटा | १ | १ | २ | २ | २ | ८ | ८ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | ओटा | १५ | १६ | २० | २५ | २५ | १०१ | १०१ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | ओटा | ५० | ६० | ७० | ८५ | ९८ | ९८ | ९८ | |
| ४ | कार्य सम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | ओटा | ६० | ७० | ८२ | ९१ | ९६ | ९६ | ९६ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | ओटा | ५० | ६२ | ७७ | ९० | ९५ | ९५ | ९५ | |

# परिच्छेद - ६

## ६.१. लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान ,विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने ससर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋणसमेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गरिएको छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य संङ्घ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गरिएको छ ।

### ६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रमा पर्याप्त बजेट सहित कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्छ भन्ने कुरामा सबैको एक मत रहेको छ । आ.ब.२०७३/०७४ पछाडि कुल बजेटको ९.११ प्रतिशतको हारारीमा संघीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरेको पाईन्छ । बैदेशिक सहायता मुख्य आधारको रुपमा रहेको छ । नेपालको सन्दर्भमा नेपाल सरकारले प्रति विद्यार्थी ओसतमा रु.१३४०६। लगानी गरेको पाईन्छ । रामारोशन गाउँपालिकाले संघ,प्रदेश र स्थानीय तहलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गरेको पाइन्छ ।वित्तीय व्यवस्थापन, ससर्त अनुदान, सामानीकरण अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय

व्यवस्थापन गर्ने गरेको छ । स्थानीय सरकारको तर्फबाट रामारोशन गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहमा नपुग शिक्षकको व्यवस्थापन, विद्यालय प्रविधिमैत्री कार्यक्रम सञ्चालन,शिक्षक तथा विद्यालय व्यवस्थापनसम्वन्धी नवीनतम तालिमको व्यवस्थापन, अपुग कक्षाकोठा व्यवस्थापन तथा भौतिक पूर्वाधार निर्माणका लागि रामारोशन गाउँपालिकाले आ.व.२०८१/०८२ मा ससर्त अनुदान १८७२५७०००। समानीकरण अनुदान ४१३०००००। गरी कुल रकम रु २२८५५७०००। शिक्षा क्षेत्रमा विनियोजन भएको पाइन्छ ।

संघीय प्रादेशिक र स्थानीय गरी तीनै तहले शिक्षा क्षेत्रको विकासका लागि गरिएको लगानीका बावजुत पनि शिक्षा क्षेत्रमा चुनौतीहरु रहेको पान्छ । पर्याप्त शिक्षक दरबन्दीमा लगानी नहुन राष्ट्रिय स्तरमा शिक्षा वजेटको आकार सानो हुनुजस्ता विषयले स्थानीय तहमा शिक्षक व्यवस्थापनको जिम्मेवारी थपिएसँगै रामारोशन गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिका अनुदानमा शिक्षक व्यवस्थापनका साथै शैक्षिक सामग्री एवम् पूर्वाधारजन्य क्षेत्रमा लगानी गर्नुपर्ने चुनौती रहेको पाइन्छ ।

## ६.१.२. उद्देश्य

रामारोशन गाउँपालिकाको १० वर्षे शैक्षिक योजनाको वित्तीय व्यवस्थापनका मूख्य उद्देश्यहरु निम्नानुसार रहनेछन:

१. रामरोशन गाउँपालिकाअन्तर्गतका विद्यालयहरुलाई आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।
२. रामारोशन गाउँपालिका भित्र संञ्चालन गरिने शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनको लागि आबश्यक वित्तीय श्रोत परिचालन गरिनेछ।
३. रामारोशन गाउँपालिका भित्रका विद्यालयहरुको आवश्यकताको प्राथमिकताकरणअनुसार बजेट निर्धारण गरिनेछ।
४. रामारोशन गाउँपालिकाको शैक्षिक विकासका लागि संङ्घ,प्रदेश सरकार संग वित्तिय सहयोगका लागि आवश्यक समन्वय गरिनेछ।

## ६.१.३. रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि रामारोशन गाउँपालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार रहनेछन ।

१. संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानलाई आबश्यकताक र प्रथामिकताका आधारमा उचित परिचालन गरिने छ ।

२. वितिय ब्याबस्थापन ससर्त अनुदान समानिकरण अनुदान समपुरक अनुदान तथा विशेष अनुदानलाई विद्यालय शिक्षा विकासमा परिचालन गरिने छ ।

३. रामारोशन गाउँपालिका अन्तर्गतका विद्यालयहरु लाई सहभागि गराई पालिकाले अपेक्षा गरे अनुसारको शैक्षिक गुणस्तर विकाशका लागि बजेटको परिचालन गरिने छ ।

४. गाउँपालिकामा संचालित शैक्षिक संस्थाहरुको सिक्षण सिकाईको अनुगमन सुपरिवेक्षण तथा मुल्याकंन प्राणीलाई ब्याबस्थित गरिने छ ।

५. रामारोशन गाँउपालिकामा दश वर्षे शैक्षिक योजना तथा कार्यक्रमको निरन्तर रुपमा अध्यावधिक, र अन्तिम मल्याङकन प्रणालि लाई स्थापित गरिने छ ।

६. विभिन्न समायमा हुने आन्तरिन अनुगमन तथा मुल्याङकन बाट प्राप्त सुझाब हरुका आधारमा आगामि शैक्षिक योजना निर्माण गरिन छ ।

७. विद्यार्थिहरुको सिकाई उपलब्धि लाई उक्त विद्यालयको कार्य सम्पादन संग जोडिने छ जुन विषयले रामारोशन शिक्षा याजनाको अन्तिम मुल्याङ्कन प्रतिवेदन सहयोग प्राप्त हुनेछ ।

## ६.१.४. प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि तथा नतिजाहरू बुँदागत रूपमा उल्लेख गरिएको छः

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

## ६.१.५. प्रमुख क्रियाकलाप र लक्ष्य

### क. सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क. स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **बालविकास र शिक्षा** | | | | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ४३६८००० | ४५००००० | ४७००००० | ५०००००० | ५३००००० | | |
| २ | प्रति विद्यार्थी लागत | ४२०००० | ४८०००० | ५००००० | ५२०००० | ५५०००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | बिविध | | | | | | | |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | शिक्षक तलव भत्ता | ८१७६५००० । | | | | | | |
| २ | छात्र वृत्ति | १३२००००० । | | | | | | |
| ३ | बिविध | | | | | | | |
| **माध्यमिक शिक्षा** | | | | | | | | |
| १ | शिक्षक तलब भत्ता | ३१९३८०००। | | | | | | |
| २ | छात्रवृत्ति | ० | | | | | | |
| ३ | बिविध | ० | | | | | | |

**ख. प्रदेश सरकार बाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **बालविकास र शिक्षा** | | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन सुधार | | | | | | | |

**ग. स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्ष को जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| बालविकास र शिक्षा | | १२६०८०००। pp | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ बालविकास केन्द्र स्थापना | १७ | १८ | १९ | २० | २१ | | |
| २ | सहयोगि कार्यकर्ता क्षमता विकास | ७१३७०० ० | ७३३२०० ० | ७५२७०० ० | ७७२२०० ० | ७९१७०० ० | | |

**घ. अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्ष को जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | शैक्षिक सामाग्री वितरण | | | | | | | |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः वालविकास र शिक्षामा हरेक आ.व.को जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र बजेटको सुनिश्चितता सङ्घवाट, प्रदेशबाट, स्थानीय तहबाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गर्नुपर्दछ ।

# परिच्छेद - ७

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१. योजना कार्यान्वयन

### परिचय

योजना निर्माण एक अनुमानित कार्य योजनाको खाका हो । कुनै कार्य सम्पादन गर्नु अगाडिको महत्त्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । कुन-कुन कार्यहरु के-कसरी गर्ने? कहिले गर्ने? कहाँ-कहाँ गर्ने? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो? इत्यादी विषयवस्तुहरुको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरुलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जनअपेक्षाहरु, स्रोत साधनको अवस्था, मौजुदा ऐन नियमले गरेको कानूनी व्यवस्था, आदि आधारमा योजना निर्माण गरिन्छ । योजना निर्माण एउटा आधारभूत कुरा भएता पनि यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरु कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचेअनुसार हासिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतीपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरुले प्रतिफल दिन सक्छन । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरु तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुनः प्रारम्भ गर्ने बाटो खुल्छ ।

योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धित संगठनहरु परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्त्व, आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ । योजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपना, प्रभावकारिता र कार्य कुशलतामा ध्यान दिनुपर्छ।

माथि उल्लेखित योजनाहरु रामारोशन गाउँपालिकाले के-कसरी कार्यान्वयन गर्ने? रणनीति तथा क्रियाकलापहरु के-के गर्ने भन्ने बारेमा यस परिच्छेदमा प्रष्ट पार्न खोजिएको छः

### ७.१.१. वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । स्रोत केन्द्रहरु खारेज भइसकेपछि उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा

शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । स्थानीय जनप्रतिनिधिहरुको माग र उनीहरुको संलग्नतामा योजनाहरु कार्यान्वयन हुन्छन्। मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरु कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौती तथा समस्याहरु कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि संगठन, संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । हालको व्यवस्थापनको पक्षमा देखिएका चुनौती तथा समस्याहरु निम्न अनुसार छनः

१. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,

२. स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरु स्पष्ट नहुनु,

३. जनशक्तिको अभाव हुनु,

४. विद्यालयमा फराकिलो स्रोत साधन नहुनु।

## ७.१.२. योजना कार्यान्वयन प्रबन्ध

शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गरिनेछः

**स्थानीय तह**

१. संघ तथा प्रदेशबाट प्राप्त ससर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गरिनेछ ।

२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरु निर्माण गरिनेछ ।

३. योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, नीति र निर्देशनको व्यवस्था गरिनेछ ।

४. शिक्षण सिकाइमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिनेछ ।

**विद्यालयः**

१. विद्यालय सुधार योजना निर्माण गर्ने,

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने,

३. योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने, योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,

४. स्थानीय अभिभावक तथा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा सहकार्य गर्ने,

५. कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण गर्ने,

## ७.१.३. अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### परिचय

योजनाहरु विनियोजन र वितरणको अवस्था, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन के-कसरी भएको छ? भनी सुनिश्चित गर्नका लागि अनुगमन तथा मूल्याङ्कन आवश्यक पर्छ । निर्धारित समयमा क्रियाकलापहरु कार्यतालिका अनुसार भए-नभएको र भएको भए प्रतिफलतर्फ उन्मुख भए-नभएको समेत अनुगमन तथा मूल्याङ्कनबाट पत्ता लगाउन सकिन्छ । कार्यान्वयनमा रहेका योजनाहरुका लक्ष्य र प्रगतिका बारेमा नियमित तथा आवधिक रुपमा निगरानी, निरीक्षण एवं जाँचबुझ गर्न जरुरी हुन्छ । योजना के-कसरी अगाडि बढेको छ ? यसले उद्देश्य अनुसार कार्यारम्भ गर्न खोजेको छ,छैन? नियम र प्रक्रिया अनुसार छ वा छैन? कुन-कुन निकाय वा व्यक्तिले अनुगमन गर्ने? के-कस्ता समस्याहरु कार्यान्वयन अवधिमा आइपरे र यसको समाधान के-कसरी गर्न सकिन्छ ? योजनाले दीर्घकालीन फाइदाहरु के-कसरी दिन सक्छ ? इत्यादि बिषयवस्तुको रेखदेखका लागि अनुगमन संयन्त्र हुन जरुरी हुन्छ ।

योजना कार्यान्वयनको समयमा समन्वय र सहजीकरणको आवश्यकता पर्दछ । योजना कार्यान्वयन गरिने सबै क्षेत्र सक्षम नहुन सक्छन । योजनाहरु बहुक्षेत्रसँग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ । कतिपय नीतिगत अस्पष्टता भएमा सहजीकरण गर्नुपर्ने हुन्छ । विभिन्न निकाय र व्यक्तिहरु बिचको समन्वय र सहकार्यले योजना कार्यान्वयनमा तीब्रता ल्याउन सकिन्छ ।

यसरी योजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन, सहजीकरणको भूमिका महत्त्वपूर्ण हुन्छ ।

### ७.१.३.१. वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागू हुने भएकाले यसको अनुगमन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको अनुगमन तथा मूल्याङ्कन स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरुको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको उपलब्धी परीक्षण गर्दै आएको छ । स्रोत केन्द्रहरु खारेज भइसकेपछि उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको अनुगमन र मूल्याङ्कन पनि मूल रुपमा स्थानीय तहलाई नै हुन आउँछ ।

रामारोशन गाउँपालिकामा भए गरेका शैक्षिक योजना तथा गतिविधिहरुको अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामार्फत हुने गरेको छ । गाउँपालिकाका जनप्रतिनिधिहरुबाट पनि अनुगमन तथा मूल्याङ्कनमा महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको रहेकोले सबै संयन्त्र गाउँपालिकाले नै सञ्चालन गर्ने गर्दछ ।

योजना अनुगमन तथा मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छः

१. अनुगमन तथा मूल्याङ्कनका मापनयोग्य सूचक तय गर्न नसकिनु,

२. अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणमा सिप र दक्षता भएका जनशक्तिको व्यवस्था नहुनु,

३. अनुगमनलाई नियमित र एकरुपता बनाउन नसकिनु,

४. अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउन नसकिनु ।

## ७.१.३.२. उद्देश्य

१. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्ने,

२. योजना कार्यान्वयन गर्न उपयुक्त समन्वय र सहजीकरणको विकास गर्ने ।

## ७.१.३.३. रणनीतिहरु

१. अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरुको निर्माण गरिनेछ ।

२. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो, छरितो र व्यवस्थित बनाइनेछ ।

३. अनुगमनका लागि विभिन्न सूचकहरु बनाइनेछ ।

४. विद्यालय र गाउँपालिका बीच हुने सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५. गाउँपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिनेछ ।

६. जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइनेछ ।

७. शिक्षण सिकाइको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ ।

८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।

९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागु गरिनेछ ।

१० विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।

## ७.१.३.४. नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतीहरु समाधान भई अपेक्षित उपलब्धी हासिल हुने ।

**ख) प्रमुख नतिजाहरुः**

१. अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने,

२. अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार आउने,

३. विद्यार्थीहरुको शैक्षिक उपलब्धि सुधार हुने,

४. समन्वय सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य विवरणः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित सूचक निर्माण | पटक | १ | | १ | | १ | २ | ५ | |
| २ | अनुगमन कार्य | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | आवश्यकता अनुसार |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ४ | प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | समन्वय र सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | अनुगमन मूल्याङ्कन र क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | ३ | |

## अनुसूचिहरु

## अनुसूचि १

### गाउँ शिक्षा क्षेत्र योजना निर्माण मुल सल्लाहकार समिति/गाँउ शिक्षा समिति

| क्र. स. | नामथर | पद | पद र कार्यरत निकाय/संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मानबहादुर साउँद | संयोजक | अध्यक्ष<br>रामारोशन गाउँपालिका,अछाम | |
| २ | श्री तर्कराज उपाध्याय | सदस्य | वडाध्यक्ष<br>रामारोशन गाउँपालिका<br>४,अछाम | |
| ३ | श्री मिनबहादुर परियार | सदस्य | वडाध्यक्ष रामारोशन -२,अछाम | |
| ४ | श्री टेकबहादुर भण्डारी | सदस्य | समाजसेवी वुद्धिजीवी रामारोशन | |
| ५ | श्री प्रेमराज खनाल | सदस्य | प्र.अ. श्री पिंगला<br>मा.वि.मलातिकोट,अछाम | |
| ६ | श्री पुर्णबहादुर वि.क. | सदस्य | समाजसेवी वुद्धिजीवी रामारोशन | |
| ७ | श्री दानबहादुर कुँवर | सदस्य | समाजसेवी वुद्धिजीवी रामारोशन | |
| ८ | श्री कम्मानसिंह साँउद | सदस्य | समाजसेवी वुद्धिजीवी रामारोशन | |
| ९ | श्री ललिता शाह | सदस्य | प्र.अ. श्री वालकल्याण<br>आ.वि.सान्तडा,अछाम | |
| १० | श्री ममता बटाला | सदस्य | समाजसेवी वुद्धिजीवी रामारोशन | |
| ११ | श्री नवीन ओझा | सदस्य-सचिव | शाखा प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा रामारोशन | |

## अनुसूचि २

## दश बर्षे गाउँ शिक्षा योजना मस्यौदा लेखन कार्यदल समिति

| क्र स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मानबहादुर साँउद | संयोजक | अध्याक्ष रामारोशन गाउँपालिका, अछाम | |
| २ | श्री तसबहादुर भण्डारी | सदस्य | रामारोशन गाउँपालिका ७ नं वडाध्यक्ष | |
| ३ | श्री चक्रबहमदुर साउँद | सदस्य | रामारोशन गाउँपालिका १ नं वडाध्यक्ष | |
| ४ | श्री जमुना वि.क. | सदस्य | रामारोशन गाँउपालिका कार्यपालिका सदस्य | |
| ५ | श्री शंकर वि.क. | सदस्य | रामारोशन गाँउपालिका कार्यपालिका सदस्य | |
| ६ | श्री खडकसिंह रोकाय | सदस्य | निलकण्ठ मा.वि. विद्यालय व्यबस्थापन समिति अध्यक्ष | |
| ७ | श्री मनोज रावल | सदस्य | प्र.अ. श्री ने.रा. मा.वि.मलातिकोट,अछाम | |
| ८ | श्री नवीन ओझा | सदस्य सचिव | रामारोशन गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा ( शाखा प्रमुख) | |

## अनुसूचि - ३

## दश वर्षे गाउँ शिक्षा योजना मस्यौदा लेखा जोखा समिति

| क स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १. | श्री नविन ओझा | संयोजक | शाखा प्रमुख<br>शिक्षा, युवा तथा खेलकुद | |
| २. | श्री डम्बर बहादुर थापा | सदस्य | शिक्षक<br>यशोदा मा.वि. नेटाकोट | |
| ३. | श्री हर्कबहादुर साउद | सदस्य | प्रधानाध्यापक<br>पूर्णचन्द्र मा.वि. रामारोशन ६,अछाम | |
| ४ | श्री कुलबहादुर भण्डारी | सदस्य | प्रधानाध्यापक<br>विन्देश्वरी मा.वि. सुतार ७, अछाम | |
| ५ | श्री चक्रबहादुर रावल | सदस्य | शिक्षाक<br>सरिता मा.वि. सान्तडा ३, अछाम | |
| ६ | श्री मेनका खनाल | सदस्य | प्रधानाध्यापक<br>नन्दादेवि आ.वि. मलातिकोट अछाम | |
| ७ | श्री केशर भण्डारी | सदस्य | प्रधानाध्यापक<br>शिवखेत आ.वि. सुतार अछाम | |

**अनुसूचि ४**

**दश वर्षे गाउँ शिक्षा योजना मस्यौदा लेखनमा**

**<u>प्राविधिक सहयोग</u>**

| क स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी रावल | सहायक चौथो | रामारोशन गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा | |
| २ | श्री इन्द्र कुमार थापा | शिक्षा अधिकृत | सामुदायिक विकास केन्द्र (CDC) डोटी | |

## सन्दर्भ सामग्रीहरू

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५),

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (प्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्धति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०८०), आर्थिक सर्वेक्षण आर्थिक बर्ष २०८०/२०८१, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०६८), त्रिवर्षीय योजना२०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना२०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

Department of Education (2016), FLASH II Report 2072 (2015-16), Author: Sanothimi, Bhaktapur.

Department of Education (2017), FLASH I Report 2074 (2017-18), Author: Sanothimi, Bhaktapur.

नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०,लेखक: सिंहदरबार, काठमाण्डौं ।

नेपालको राष्ट्रिय जनगणना (२०७८)

रामारोसन गाउँपालिका कृषि तथा पशुपंक्षी तथ्याङ्क प्रोफाईल (२०८०)

रामारोसन गाउँपालिका जलउपयोग गुरुयोजना तयारी सर्वेक्षण (२०७९)

चव) २०७५ तयार गरिएको छ । यसरी तयार भएको गाउँपालिका वस्तुगत विवरण (पाश्वीचत्र) ले